# प्रादेशिक विपद व्यवस्थापन योजना

प्रदेश सरकार

आन्तरिक मामिला तथा कानुन मन्त्रालय

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

असार, २०७७

# दुई शब्द

विपद जोखिम प्रभावकारी न्युनीकरण तथा व्यवस्थापनका लागि प्रदेश विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन २०७६ को प्रावधान अनुसार प्रदेशको विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन सम्बन्धी समग्र कार्यलाई व्यवस्थित, समन्वित तथा प्रभावकारी बनाउन यो प्रादेशिक विपद व्यवस्थापन योजना तर्जूमा गरिएको छ । यो योजनालाई सबै मन्त्रालयहरु, संघ, प्रदेश र स्थानीय तहका सरकारी निकायहरु, निजी क्षेत्र, विकास साझेदारहरु, गैरसरकारी संस्थाहरु, मानवीय सहायताको क्षेत्रमा क्रियाशिल संस्थाहरु एवं मिडिया क्षेत्र तथा सरोकारवाला सम्पूर्ण महानुभावहरुबाट प्राप्त सुझावहरुलाई समेटी प्रदेश विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको सिफरिशमा प्रदेश विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन परिषदको मिति २०७७ असार १६ गतेको निर्णय अनुसार स्वीकृत यो प्रदेश विपद व्यवस्थापन योजना प्रकाशन गर्न पाउँदा मलाई खुसी लागेको छ ।

यो विपद व्यवस्थापन योजना नेपालले दिगो विकास लक्ष्य ( सन् २०१५ - २०३०), जलवायु परिवर्तन सम्बन्धि पेरिस सम्झौता (२०१५), विपद् जोखिम न्युनीकरणका लागि सेण्डाई कार्यढाँचा (२०१५-२०३०), लगायतका सन्धी, सम्झौता, घोषणापत्रहरुमा गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता, नेपालको संविधान, राष्ट्रिय विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५, विपद जोखिम न्युनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०), विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन नियमावली २०७६, जलवायु परिवर्तन नीति २०७६, प्रदेश विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७५ लगायतका महत्वपूर्ण नीतिगत, कानुनी तथा संस्थागत व्यवस्था अनुरुप तर्जूमा गरिएको छ ।

यस योजनाले विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनका लागि गरिनु पर्ने विपद रोकथाम तथा अल्पीकरण, पूर्वतयारी,  प्रतिकार्य, राहत, पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माणका विविध पक्षलाई सम्बोधन गर्ने गरी विभिन्न रणनीतिक क्रियाकलाप समावेश गरेको छ । साथै यसले प्रदेशको विपद प्रतिकार्य कार्यढाँचा तय गरेको छ भने विपद पूर्वतयारी तथा प्रतिकार्यका लागि महत्वपूर्ण मानिएको प्रदेश स्तरीय विषयगत क्षेत्र र त्यसका नेतृत्वदायी तथा सहयोगी निकाय र तिनका कार्यहरु निर्धारण गरेको छ । प्रदेशभित्र विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनको प्रभावकारिताका लागि यस योजनामा विपद जोखिमको बुझाई, तहगत विपद शासन, सार्वजनिक तथा निजी लगानी, विपद पूर्वतयारी तथा प्रतिकार्यका लागि क्षमता अभिबृद्धि एवं विपद व्यवस्थापनमा अझ राम्रो र बलियो बनाऔं भन्ने अवधारणा, वित्त व्यवस्था, कार्यान्वयन तथा मुल्याङ्कनका विविध विषयहरुलाई समेटिएका छन् ।

यो योजना तयार गर्न योगदान गर्नु हुने प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सबै मन्त्रालय, प्रदेशस्तरीय सुरक्षा निकाय, संघ, प्रदेश तथा स्थानीय तहका विभिन्न पदाधिकारीरु, जिल्ला तथा स्थानीय विपद व्यवस्थापन समितिहरु, रेडक्रस सोसाइटी,

अन्तर्राष्ट्रिय विकास साझेदार निकायहरु, निजी क्षेत्र, गैसस, सञ्चार क्षेत्र लगायत सबै पक्षलाई धन्यवाद दिन चाहन्छु । यो योजना निर्माणमा प्राविधिक सहयोग गर्ने सहयोगी निकाय संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, वृहत्तर विपद जोखिम व्यवस्थापन कार्यक्रम र यस कार्यमा परामर्शदाताको रूपमा कार्य गर्नुहुने डा. निर्मल कुमार बिश्वकर्मा तथा सहजीकरण गर्नुहुने डा. नारायण बहादुर थापालाई धन्यवाद दिन चाहन्छु । यस योजना तर्जूमा कार्यमा हौसला प्रदान गर्नुभई सक्रिय नेतृत्व लिइदिनु हुने माननीय मन्त्री श्री प्रकाश बहादुर शाहज्यूप्रति विशेष आभार तथा धन्यवाद प्रकट गर्न चाहान्छु । त्यसैगरी विभिन्न समय र स्थानमा आयोजित बैठक, गोष्ठी, अन्तरक्रिया तथा छलफल कार्यक्रमहरुमा सहभागी तथा स्रोत व्यक्तिका रुपमा उपस्थित भई महत्वपूर्ण योगदान गर्नुहुने सम्पूर्ण विज्ञ महानुभावहरु, योजना तयारीको समग्र प्रक्रियामा अहोरात्र खटिनु हुने मन्त्रालयका उपसचिव श्री तेजप्रकाश जोशी, कानुन अधिकृतहरु श्री लक्ष्मी प्रसाद जोशी तथा श्री मोहन जोशी तथा मन्त्रालयका सबै अधिकृत तथा सहयोगी कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहान्छु । अन्तमा यस योजना निर्माणमा प्राविधिक सहयोग गर्ने मर्सीकोर नेपाल र यसबाट खटिनुभएका श्री भेष पराजुली, श्री डम्बर बोहोरा, सरोज ठाकुर तथा अन्य सबै साथीहरुलाई समेत धन्यवाद दिन चाहन्छु ।

कृष्ण बहादुर राउत
सचिव
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
धनगढी, कैलाली

## विषय-सूचि


अध्याय १: पृष्ठभूमि ........ ६

**१.१. विपद जोखिमको अवस्था ........ ६**

१.१.१ आगलागी र वन डढेलो ........ ७

१.१.२. बाढी तथा डुवान ........ ८

१.१.३ चटयाङ्ग ........ ९

१.१.४ पहिरो ........ ९

१.१.५ हावाहुरी ........ १०

१.१.६ महामारी ........ १०

१.१.७. जलवायु परिवर्तनजन्य जोखिमः अतिवृष्टि, अनावृष्टि, खडेरी, शीतलहर, तातो हावाको लहर..... ११

१.१.८ भुकम्प ........ ११

१.१.९ सडक दुर्घटना ........ १२

१.१.१० औद्योगिक (रसायनिक, विकीकरण विष्फोट, इटा उद्योग लगायतको) जोखिम ........ १२

१.१.११ अन्य प्रकोपहरु : (भीरबाट लड्नु, जनावर आक्रमण, हिमपहिरो, डुङ्गा दुर्घटना आदि) ........ १३

अध्याय २ : विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनका कानुनी तथा नीतिगत व्यवस्था... १५

२.१ अन्तर्राष्ट्रिय सन्धी, सम्झौता र प्रतिवद्धताहरु ........ १५

२.२ संघीय कानुनी तथा नीतिगत व्यवस्था ........ १६

२.३ प्रदेशको कानुनी तथा नीतिगत व्यवस्था ........ १८

२.४ प्रादेशिक विपद जोखिम व्यवस्थापनमा भएका प्रयासहरुको समीक्षा ........ १९

२.५ विपद व्यवस्थापन योजना तर्जुमा प्रक्रिया ........ २०

**अध्याय-३ : प्रदेश विपद प्रतिकार्य कार्यढाँचा ........ २२**

३.१ प्रादेशिक विषयगत क्षेत्र पहिचान ........ २२

३.२ निकायगत भूमिका निर्धारण ........ 23

३.३ विपद प्रतिकार्य कार्यढाँचा ........ २६

३.४ विपद प्रतिकार्यका लागि पूर्वतयारी कार्ययोजना ........ २७

अध्याय-४: विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनका लागि रणनीतिक कार्ययोजना...... ३०

४.१ मार्गदर्शक सिद्धान्त ........ ३०

४.२ दीर्घकालीन सोच, अपेक्षित उपलब्धी, उद्देश्य, नीति, गन्तव्य र प्राथमिकता ........ ३१

अध्याय-५: प्राथमिकता प्राप्त क्षेत्र १: विपद जोखिम बारे बुझाई ........ ४०

५.१ प्रकोप जोखिम आंकलन ........................................................................ ४१
५.२. बहुप्रकोप जोखिम आंकलनका लागि अन्तर निकाय समन्वय .......................................... ४८
५.३. प्रभावकारी विपद व्यवस्थापन सूचना प्रणालीको विकास तथा सूचना प्रवाह ........................... ४९
५.४. विपद जोखिम बारेको बुझाईका लागि बृहत सचेतना तथा क्षमता अभिवृद्धि .......................... ५१

**अध्याय-६ : प्राथमिकता प्राप्त क्षेत्र २: प्रदेश र स्थानीय तहमा विपद जोखिम शासकीय पद्धतिको सुदृढिकरण........................................................................... ५३**
६.१.संस्थागत संरचनाहरुको स्थापना एवं सुदृढिकरण ........................................................५४
६.२. कानुनी तथा नियामक संरचनाको निर्माण .................................................................५५
६.३ विपद जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि, सहकार्य र साझेदारी...................................५८
६.४. विपद जोखिम न्युनीकरणमा समावेशीताको सुनिश्चितता ...............................................५९

**अध्याय-७ : प्राथमिकता प्राप्त क्षेत्र :३ विपद जोखिम न्यूनीकरणका लागि उत्थानशीलता अभिवृद्धि गर्न वृहत्तर जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्द्धन.. ६२**
७.१ उत्थानशीलता अभिवृद्धिमा लगानी प्रवर्द्धन.................................................................. ६३
७.२. विपद जोखिम न्युनीकरणमा सार्वजनिक लगानी अभिवृद्धि ............................................... ६५
७.३. विपद जोखिम न्युनीकरणमा निजी लगानी प्रवर्द्धन....................................................... 66
७.४.जोखिम हिस्सेदारी, वाँडफाँड तथा हस्तान्तरण मार्फत विपद उत्थानशीलता अभिवृद्धि.................६८

**अध्याय-८ : प्राथमिकता प्राप्त क्षेत्र :४ प्रभावकारी प्रतिकार्य र पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माणमा अझ राम्रो र बलियो निर्माणका लागि विपद पूर्वतयारीको सुदृढिकरण.......... ७०**
८.१. प्रभावकारी प्रतिकार्यका लागि विपद पूर्वतयारीको सुदृढिकरण ............................................ ७१
८.२. विपद पूर्व तयारीका लागि बहुप्रकोप पूर्वसूचना प्रणालीको विकास......................................७४
८.३. समुदायमा आधारित विपद जोखिम न्युनीकरण प्रवर्द्धन.................................................... ७६
८.४. विपद पूर्व तयारीका लागि सञ्चार तथा प्रसारण प्रणाली सुदृढिकरण..................................७८
८.५. खोज, उद्धार, उपचार तथा राहत ............................................................................७९
८.६ पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माणमा अझ राम्रो र बलियो अवधारणा प्रवर्द्धन .......................८३

**अध्याय-९: योजना कार्यान्वयनका लागि वित्तीय व्यवस्था....................................... ८७**

**अध्याय-१० : योजनाको कार्यान्वयन, अनुगमन, पुनरावलोकन र संशोधन.................... ९०**
१०.१ योजनाको कार्यान्वयन.......................................................................................९०
१०.२ योजनाको अनुगमन, पुनरावलोकन र संशोधन ......................................................... ९१

# अध्याय-१
# पृष्ठभूमि

## १.१. विपद जोखिमको अवस्था

यो प्रदेशमा संघीयता अघिको महाकाली अञ्चलका चार जिल्ला  र सेती अञ्चलका पाँच जिल्ला रहेका छन् । यो प्रदेशले नेपालको कुल भुभागको १३.२७ प्रतिशत (१९५३९ वर्ग कि.मी.) भुगोल ओगट्दछ भने कुल जनसंख्याको ९.६३ प्रतिशत (२५,५२,५१७) जनसंख्या वसोवास गर्दछन् । यो प्रदेशमा नौ (९) जिल्ला, एक (१) उपमहानगरपालिका, तेत्तीस (३३) नगरपालिका र चउन्न (५४) गाउँपालिका रहेका छन् । (नक्सा १)




नक्सा १: सुदूरपश्चिम प्रदेश

भौगोलिक अवस्थिति र हावापानीको दृष्टिकोणले यो प्रदेश विपदको उच्च जोखिममा रहेको छ। गृह मन्त्रालयको सन्  २०१० देखि २०१९ सम्मको  तथ्याङ्कलाई विश्लेषण गर्दा यस अवधिमा यँहा प्राकृतिक तथा गैरप्राकृतिक ३,११५  प्रकोपका घटनाहरु घटेको देखिन्छ। यस मध्ये भुकम्प, बाढी तथा पहिरो, डुवान, चट्याङ्ग, खडेरी, हिमपात, असिना, हिमपहिरो, अतिवृष्टि, अनावृष्टि, हुरी वतास, शीतलहर, तातो हावाको लहर, वन डँढेलोजस्ता प्राकृतिक र सडक दुर्घटना, महामारी, अनिकाल, कीट वा सूक्ष्म जीवाणु आतंक, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, सर्पदंश, जनावर आक्रमण, खानी, हवाई, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनास लगायतका गैरप्राकृतिक प्रकोपका घटनाहरु घटेका छन्। यस अवधिमा ९९८ जना मानिसको मुत्यु भएको छ भने १७१ जना वेपत्ता भएका छन्। यसैगरी हालसम्म ५०,९६८ घर परिवार अति  प्रभावित भएका  छन्। विभिन्न प्रकोपका घटनाबाट यस अवधिमा ७८५ जना मानिस घाइते भएका छन्। यस अवधिमा १,३७९ निजी घरहरु पूर्ण  र ६,९४१  घरहरु आंशिक रुपले क्षति भएका छन्।

यस प्रदेशको विपद पार्श्वचित्र निर्माणका लागि गृह मन्त्रालय, डिआरआर पोर्टलको सन् २०१० देखि २०१९ सम्मको तथ्याङ्कहरु विश्लेषण गर्दा यस प्रदेशमा मुख्य प्रकोपहरुको घटना र यस्ता घटनाहरुको पुनरावृत्तिका आधारमा क्रमशः आगलागी, पहिरो, महामारी, बाढी, शीतलहर, हावाहुरी, असिना, सडक दुर्घटना र भुकम्प जस्ता प्रकोपहरु रहेका छन्। उल्लिखित प्रकोपहरुको विश्लेषण तल गरिएको छ।

### १.१.१ आगलागी र वन डढेलो

आगलागी र वन डढेलोको जोखिम यस प्रदेशमा उच्च रहेको छ। आगलागी तथा वन डढेलोका घटनाको संकलित तथ्याङ्कको विश्लेषण गर्दा यस प्रदेशमा आगलागी र वन डढेलोको पुनरावृत्ति सबैभन्दा धैरै पटक भएको देखिन्छ। उक्त अवधिमा ५४५ आगलागीका घटनाहरु घटेका छन् भने कैलाली र कन्चनपुर जिल्ला आगलागीबाट सबैभन्दा बढी प्रभावित जिल्लाको रुपमा रहेका छन्। पहाडी जिल्लाहरुको तथ्याङ्कलाई विश्लेषण गर्दा बैतडी र डडेल्धुरा जिल्ला आगलागीबाट

बढी प्रभावित जिल्ला हुन् । प्राकृतिक र गैरप्राकृतिक दुबै कारणबाट हुने आगलागीका घटनाहरु सुख्खा मौसममा बढी मात्रामा देखिएका छन् ।

### १.१.२. बाढी तथा डुवान

यस प्रदेशमा बाढी तथा डुबान अर्को मुख्य प्रकोपको रुपमा रहेको छ । कर्णाली र महाकाली नदी एवं यसका सहायक नदि र मुख्य जलाधारबाट उत्पति भएका नदीनालाहरुले ल्याउने बाढी तथा डुबानबाट विशेषगरी कैलाली र कन्चनपुर जिल्ला बढी प्रभावित हुने गरेका छन् । जमिन कटान र भुक्षय, भुस्खलनको हिसाबले पहाडी जिल्लाहरु पनि प्रभावित हुने गरेका छन् । यस अवधिको तथ्याकंलाई विश्लेषण गर्दा बाढीका १९१ घटनाहरु घटेका छन् । उदाहरणको लागी सन् २००८ मा आएको बाढीले कैलाली र कञ्चनपुरका २९,५०० घरधुरी प्रभावित भएका थिए (NCVST-2009) । यसैगरी वैतडी जिल्लाको गैरगडामा सन् १९९७ र १९९८ मा आएको बाढीबाट क्रमशः ४,४९८ र १,२४७ घरहरु प्रभावित भएका थिए ।

वि.सं.२०७० सालको महाकाली नदिमा आएको बाढीले दार्चुला जिल्लाको सदरमुकाम खलंगा वजार लगायत जिल्लाका विभिन्न स्थानहरुमा धनजनको ठुलो क्षति भएको थियो । उक्त बाढीले एक जना मानिसलाई वेपत्ता पारेको, ७९ घर पसल, १७ सुकुम्वासी टहरा, १३ सरकारी कार्यालय भवन र ४ वटा मठमन्दिर बगाएको थियो भने करिब २० रोपनी जग्गा कटान गरेको थियो । सो बाढीले जोलजिवी स्थित एउटा झोलुंगे पुल बगाउनुका साथै करिव २०० मिटर सडक कटान गरेको थियो । यस बाढीबाट करिव २५०० मानिसहरु विस्थापित भएका थिए ।

जलवायु तथा मौसमजन्य प्रकोपहरु जस्तैः अतिवृष्टि, छोटो समयको सघन वर्षा, बादल फाट्ने (क्लाउड ब्रस्ट), हिमताल विष्फोट, भुस्खलन, बाँधहरु फुट्ने कारणले गर्दा बाढीको जोखिम क्रमशः बढ्दो क्रममा रहेको छ । अनियन्त्रित मानवीय क्रियाकलापहरु जस्तै जथाभावी डोजर प्रयोग गरी बनाइने अव्यवस्थित सडक, मापदण्ड विपरीत संचालित क्रसर तथा ढुंगा खानी एवं चुरे क्षेत्रको वन विनासले गर्दा बाढी, पहिरो तथा डुबानका घटनाहरुमा बृद्धि भएको छ ।

माथिल्लो क्षेत्रमा पर्ने अत्यधिक वर्षाले पहाडमा बाढी, पहिरो र तराईमा डुवान तथा कटानले जनधनको क्षति पुऱ्याउने गरेको छ । बर्षेनी बाढी र डुवानले तराई क्षेत्रमा सयौं विघा जमिन, डुवान, कटान र पटान गरी खेतियोग्य जमीन वगरमा परिणत हुँदै आएको छ । त्यसैगरी शहरी क्षेत्रमा पानीको उपयुक्त निकासको कमीले गर्दा घर, कलकारखाना एवं सरकारी कार्यालय र सार्वजनिक संरचनाहरु डुबान हुने गरेका छन् । नदी तथा खोलानाला किनारमा रहेको वस्ती, समुदाय, खेतवारी, पूर्वाधार, रुख विरुवाहरु बाढीको प्रकोपबाट बर्षेनी जोखिममा पर्दै आएका छन् ।

### १.१.३ चटयाङ्ग

यस अवधिमा भएका चटयाङ्गका घटनाहरुलाई विश्लेषण गर्दा यो एक प्रमुख प्रकोपको रुपमा रहेको  छ । सन् २०१० देखि २०१९ सम्मको अवधिमा १७१ वटा चटयाङ्गका घटनाहरु घटेका छन् । चटयाङ्ग मनसुनको शुरु र अन्तमा बढी पर्ने गर्दछ । चटयाङ्गबाट यस प्रदेशमा यो अवधिमा ६६ जनाको मृत्यु भएको छ । कैलाली, कञ्चनपुर, वाजुरा, अछाम जिल्ला चटयाङ्गबाट वढी प्रभावित हुने जिल्लाहरुमा पर्छन् । वि.स.२०७६ को मनसुनमा डडेल्धुरामा चटयाङ्गबाट १६ जना नेपाली सेनाका जवानहरू घाईते भएका थिए ।

### १.१.४ पहिरो

पहिरोको घटना र यसको  पुनरावृत्ति सम्बन्धी तथ्याङ्क विश्लेषण गर्दा यस प्रदेशमा पहिरो चौथो मुख्य प्रकोपको रुपमा रहेको छ । यस अवधिमा पहिरोका १४४ वटा घटनाहरु घटेका छन् । पहिरो पहाडी जिल्लामा बर्षाको समयमा प्राय नियमित भईरहने घटना हो । सन् २००९ मा अछामको पातलकोटे वासुवनमा आएको पहिरोबाट ११ जनाको मृत्यु भएको थियो भने ४३२ घरपरिवार प्रभावित भएका थिए । चुरे क्षेत्रमा पछिल्लो समयमा वन विनाश र अव्यवस्थित सडक निर्माणका कारणले गर्दा पहिरोका घटनाहरु बढ्दो क्रममा रहेका छन् ।

पहाडी क्षेत्रमा भिरालो जमिन भएका कारण खेतवारी र वस्तीहरु यस प्रकोपको सम्मुखतामा (Exposure) रहेका छन् । पहिरोले विशेषगरि वर्षायाममा मुख्य र ग्रामीण सडकहरुमा क्षति पुग्दा

यातयात संचालनमा अवरोध सृजना भई सडक दुर्घटनामा समेत बृद्धि हुने गरेको छ। प्राविधिक हिसावले सडकको इन्जिनियरिङ्ग डिजाइन विना जथाभावी निर्माण गरिएका सडकका कारणले गर्दा पनि पहिरोका घटनाहरुमा वृद्धि भइरहेको छ।

### १.१.५ हावाहुरी

हावाहुरीका घटना तथा पुनरावृत्तिका तथ्याङ्कलाई विश्लेषण गर्दा यो एउटा प्रकोपको रुपमा रहेको छ। सन् २०१० देखि २०१९ को अवधिमा हावाहुरीका १२१ वटा घटनाहरु घटेका छन्। हावाहुरीसँगै आउने असिनाले पनि यो प्रदेशमा ठुलो प्रभाव पार्ने गरेको देखिन्छ। वि.स. २०७६ जेठमा आएको हावाहुरीबाट कैलाली र कञ्चनपुर जिल्लाका ९,७३५ घरधुरी प्रभावित हुनुका साथै २,३७२ घर पूर्ण रूपमा क्षति भएका थिए। उक्त घटनाबाट १०८ जना घाइते भएका थिए।

### १.१.६ महामारी

विगतमा झाडापखाला, कालाज्वर, हैजा, प्लेग, डेंगु , भोकमरी, एचआइभी एड्स, इन्फुलुएन्जा, फ्लु, सिकलसेल, लगायत यस क्षेत्रका प्रमुख महामारीका रुपमा रहेका थिए। सन् २०१० देखि २०१९ को अवधिमा ४९ वटा महामारीका घटनाहरु भएका छन्। दुषित पानीको प्रयोग, जिवाणुहरुको संक्रमण, खाद्य असुरक्षा, सचेतनाको कमि, असुरक्षित यौनसम्पर्क लगायतका कारण महामारीका घटनाहरु दोहोरिरहेका छन्। तथ्याङ्कलाई हेर्दा अरु प्रकोपहरु भन्दा यस प्रदेशमा महामारीको कारणले धेरै जनाको ज्यान गएको देखिन्छ। उदाहरणका लागि सन् २००९ मा जाजरकोटबाट उब्जिएको हैजाले डोटी, डडेल्धुरा, कञ्चनपुर, बाजुरा, बझाङ जिल्लाका १८ जना मानिसको मृत्यु भएको थियो।

शुद्ध खानेपानीको श्रोतको पहुँचमा कमि, वैदेशिक रोजगारीमा गएका परिवारका सदस्यहरु, खाद्य असुरक्षामा रहेका परिवार, स्वास्थ्य सेवामा पहुँच नभएका समुदाय यो प्रकोपको बढी जोखिममा रहेका छन्। पछिल्लो समयमा डेंगू, औलो र कालाजोर पहाडी जिल्लाहरुमा समेत देखिन थालेको छ। जस्तैः वि.सं. २०७६ सालमा डडेल्धुरा जिल्लामा डेगूंबाट एक दर्जन बढि मानिस

प्रभावित भएका थिए । हाल विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको संक्रमणले समेत यो प्रदेशलाई बढी नै आक्रान्त पारेको छ ।

### १.१.७. जलवायु परिवर्तनजन्य जोखिमः अतिवृष्टि, अनावृष्टि, खडेरी, शीतलहर, तातो हावाको लहर

जलवायु परिवर्तन र यसबाट सृजित प्रकोपहरुको जोखिम यस प्रदेशमा सातौ मुख्य प्रकोपको रुपमा देखापरेको छ । अतिवृष्टि, अनावृष्टि, खडेरी, शीतलहर, असिना, तातो हावाको लहर, हुस्सु र कुहिरो लगायतलाई यसबाट देखिने प्रमुख प्रकोपका रुपमा लिन सकिन्छ । सन २०१२/१३ मा यस प्रदेशमा शीतलहरका कारण थुप्रै मानिस प्रभावित भएका थिए । शीतलहरबाट  प्रभावित हुने मध्ये ६० प्रतिशत पाँच वर्षमुनिका बालबालिका, ३५ प्रतिशत बृद्धबृद्धा र १५ प्रतिशत अन्य उमेर समुहका रहेका थिए । पहाडी क्षेत्रमा पानीका मुहानहरु सुक्नु र तराइ क्षेत्रमा पानीको सतह जमिनबाट तल तल जानु यस प्रकोपको प्रमुख असरको रुपमा रहेको पाइन्छ । खडेरीबाट सन् २००८/२००९ मा यो प्रदेशका अधिकांश जिल्लामा धेरै मानिसले हिउँदे खेती गर्न पाएका थिएनन् भने वर्षे खेती समेत भित्र्याउन कठिन भई खाद्य असुरक्षाको स्थिति सृजना भएको थियो ।

### १.१.८ भुकम्प

भूकम्पीय जोखिमका हिसावले यो प्रदेश उच्च जोखिममा रहेको छ । सन् २०१० देखि २०१९ को अवधिमा भूकम्पका १५ वटा झट्काहरु महसुस गरिएको छ । वि.सं. २०३७ सालमा आएको ६.५ रेक्टर स्केलको बझाङ भूकम्पले यो प्रदेशका बैतडी, बझाङ र दार्चुलाका १२५ जना मानिसको मृत्यु, ११,६०४ घरमा क्षति र २४८ जना मानिस घाइते र थुप्रै वस्तुभाउको मृत्यु भएको थियो । यसैगरी २०५८ सालमा आएको भूकम्पले पनि यो प्रदेशमा क्षति पुऱ्याएको थियो । नेपाल सरकारले सन् २०१० मा गरेको नेपाल प्रकोप जोखिम विश्लेषण प्रतिवेदनका अनुसार अछाम, बझाङ र बैतडी जिल्ला भुकम्पीय जोखिमको दृष्टिकोणले उच्च जोखिममा रहेका जिल्लाहरु हुन् । साथै डोटी र दार्चुला जिल्लाका अधिकांस भुगोल उच्च जोखिममा रहेका छन् ।

Durham University र NSET ले सन् २०१८ मा गरेको अध्ययनले पनि सुदुरपश्चिम प्रदेशलाई भूकम्पीय जोखिमका हिसावले उच्च जोखिमयुक्त प्रदेशको रुपमा रहेको देखाएको छ ।

### १.१.९ सडक दुर्घटना

यस प्रदेशमा पछिल्लो दशकमा सडक दुर्घटना र यसवाट हुने मानवीय तथा आर्थिक क्षति वढ्दो क्रममा रहेको छ । सन् २०१० पछिको तथ्याङ्कलाई विश्लेषण गर्दा यो प्रदेशमा प्रत्येक वर्ष औसतमा ११० वटा सडक दुर्घटनाका घटनाहरु हुने गरेका छन् जसबाट प्रत्येक वर्ष औसत ११५ जनाको मृत्यु भएको देखिन्छ भने ३६ जना घाइते भएका छन् । गृह मन्त्रालयको पछिल्लो तीन बर्षको तथ्याङ्क विश्लेषण गर्दा यो प्रदेशमा ५५५ वटा सडक दुर्घटनाहरु भएका छन् भने जसबाट ५६५ जनाले ज्यान गुमाउनुको साथै १,०७४ जना घाइते भएका छन् । विकट भौगोलिक अवस्थिति, भिरपहरा तथा घुम्तीहरु भएका सडक, नियमित मर्मत सम्भारको कमी, बर्षाका कारण प्रत्येक बर्ष सडकमा हुने क्षति, गाडीको नियमित मर्मत सम्भारको कमी, पुराना गाडी, तीव्र गतिमा ओभरटेक गर्ने प्रवृत्ति, ट्राफिक व्यपस्थापनको कमी लगायतका कारणले गर्दा सडक दुर्घटनाको घटनाहरुमा वृद्धि भैरहेको छ । साथै इन्जिनियरिङ्ग डिजाइन विना निर्माण भएका ग्रामीण सडकहरु र क्षमताभन्दा बढी यात्रु र सामानको ढुवानी गर्ने यातायात व्यवसायीको प्रविृत्तिले गर्दा पनि सडक दुर्घटना बढी हुने गरेका छन् ।

### १.१.१० औद्योगिक (रसायनिक, विकीकरण विष्फोट, इटा उद्योग लगायतको) जोखिम

प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपबाट यस प्रदेशमा मानिसहरुको जीवन, निजी सम्पत्ति, स्वास्थ्य, प्राकृतिक श्रोत, भौतिक पूर्वाधार, साँस्कृतिक सम्पदाहरुमा उल्लेख्य मात्रामा क्षति तथा नोक्सानी (Loss and Damage ) भइरहेको छ । यस प्रदेशमा संचालित मापदण्ड विपरीतका इँटा उद्योग, कथ्था उद्योग, डिस्टिलरी, चिनी मिल लगायतका उद्योग प्रतिष्ठानहरुबाट निस्कने विषालु ग्याँस, धुँवा एवं फोहरमैलाले मानव स्वास्थ्यमा गम्भिर नकारात्मक असर पारिरहेको छ । त्यसैगरी अन्तरदेशीय सिमा क्षेत्र नजिक रहेका भारतका ठुला औद्योगिक र व्यवसायिक शहरबाट उत्पन्न हुने प्रदुषित वायुका कारण पनी यो प्रदेश बढी जोखिममा पर्ने गरेको छ ।

### १.१.११ अन्य प्रकोपहरु : (भीरबाट लड्नु, जनावर आक्रमण, हिमपहिरो, डुङ्गा दुर्घटना आदि)

अन्य प्रकोपहरुमा यस प्रदेशमा भीरबाट खस्नु, जनावर आक्रमण, हिमपहिरो, डुङ्गा दुर्घटना, ग्याँस विष्फोटन, तुहिन चुडिनु लगायत रहेका छन् । यस प्रदेशमा सन् २०१० देखि २०१९ सम्मको १० वर्षको अवधिमा यस्ता प्रकोपहरुका ७५ वटा घटनाहरु घटेका छन् । पछिल्लो समय बाँदर आतंकले गर्दा बालीनालीमा अत्याधिक क्षति भइरहेको छ । चितुवा आक्रमणबाट बालबालिकाको मृत्यु समेत भएका घटनाहरु रहेका छन् । हिमपहिरोको केहि घटनाहरु समेत घटेका छन् । अहिले नेपाल र भारतका केही स्थानहरुमा सलहको आक्रमण देखिएको छ भने अमेरिकी फौजी किराबाट किसानहरु मर्कामा परिरहेका छन् ।

यस प्रदेशको अधिकांश भुभाग पहाडी र हिमाली क्षेत्रले ओगटेको, मौसममा आधारित कृषिमा निर्भरता रहेको र खेतीयोग्य जमिनको कमी रहेकाले अत्यधिक भिरालो जमिनमा खेती गरिरहेको, अव्यवस्थित वसोवास रहेको, नदीनालाको प्रभावकारी व्यवस्थापन हुन नसकेको, हेभी औजार प्रयोग गरी सम्वेदनशिल भुभागमा सडक निर्माण कार्य गरिरहेको, पूर्वाधारहरुको विपद जोखिमको लेखाजोखा नगरी निर्माण गर्ने प्रबृत्ति रहेको, विपद जोखिम सम्बन्धी ज्ञान र जनचेतनाको कमी रहेको र मौलिक एवं परम्परागत ज्ञान सीप लोप हुँदै गएकोले यस प्रदेशमा विपद जोखिमको सम्मुखता (Exposure) र संकटासन्नता (Vulnerability) उच्च रहेको छ ।

यसैगरी मानव विकास सूचकांकको कमजोर अवस्था, लैङ्गिक विकास सूचकांकको न्यूनता, सिंचाईको कमी, कृषि उत्पादकत्वमा कमी, न्युन प्रतिव्यक्ति आय, सडक र एयरपोर्टमा पहुँचको कमी, सुरक्षित खानेपानीमा पहुँचको कमी, सरसफाइमा कमी, उचित बजार व्यवस्थापनको कमी, गुणस्तरीय शिक्षा, स्वास्थ्य र संचार सेवाको पहुँचमा कमी, विद्युत र वैकल्पिक उर्जाको प्रयोगमा कमी तथा बैंक तथा वित्तीय संस्थाको न्यून उपस्थिति लगायतका कारणले गर्दा यहाँका निकायहरुको सक्षमता, संघसंस्थाहरुको क्रियाशिलता, पूर्वाधारको उत्थानशीलता र समुदायको उत्थानशीलता कमजोर रहेको देखाउँछ ।

मानव विकास प्रतिवेदन २०१४ अनुसार राष्ट्रिय मानव विकास सूचकांक ०.५४१ को तुलनमा यस प्रदेशको मानव विकास सूचकांक ०.४३५ मात्र रहेको छ । लैङ्गिक विकास सूचकांक र लैङ्गिक सशक्तिकरण सूचकांकमा क्रमश: ०.४४७ र ०.४५६ रहेको छ । यस प्रदेशमा लैंगिक हिंसाका घटनाहरु भैरहेको अवस्था छ । परम्परागत प्रथाका रुपमा छाउपडी, छुवाछुत लगायतका प्रथा पनि व्याप्त रहेको छ ।

यस प्रदेशका करीव ४५ प्रतिशतजनसंख्या निरपेक्ष गरिवीको रेखामुनी रहेका छन् । नेपाल जीवनस्तर मापन सर्वेक्षण २०१०/११ का अनुसार राष्ट्रिय औसत प्रतिव्यक्ति आम्दानी रु.४१,६५९ रहँदा यो प्रदेशको प्रतिव्यक्ति आम्दानी रु.२८,५८४ (२८५अमेरिकी डलर) मात्र रहेको थियो । पाँच वर्ष माथिको साक्षरता प्रतिशत राष्ट्रिय औसत ६५.९ रहँदा यस प्रदेशको साक्षरता दर ६३.५ प्रतिशत रहेको छ ।

नेपालको जम्मा १३,२२३ कि.मी. सडकको लम्बाई मध्ये १३ प्रतिशत सडक यस प्रदेशमा रहेको छ । यस प्रदेशमा बैंक तथा अन्य वित्तीय संस्थाहरुमा पहुँचको कमी रहेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सन् २०१७ को तथ्याङ्क अनुसार कुल स्वास्थ्य सेवा केन्द्रमध्ये यस प्रदेशमा जम्मा ९.७ प्रतिशत स्वास्थ्य सेवा केन्द्रहरु रहेका थिए । त्यस्तै बाल स्वास्थ्य तथा प्रजनन् स्वास्थ्य सेवाको पहुँचमा पनि कमी देखिन्छ ।

# अध्याय-२

# विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनका कानुनी तथा नीतिगत व्यवस्था

## २.१ अन्तर्राष्ट्रिय सन्धी, सम्झौता र प्रतिवद्धताहरु

बढ्दो विपद जोखिम र जलवायु परिवर्तनको नकारात्मक असरहरुलाई कम गर्नका लागि ल्याइएका विश्वव्यवापी सम्झौता र प्रतिवद्धताहरुमा नेपाल पक्ष राष्ट्र रहेको छ। नेपालले दिगो विकास लक्ष्य (सन् २०१५-२०३०), जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौता (२०१५) र विपद जोखिम न्युनीकरणका लागि सेण्डाई कार्यढाँचा (२०१५-२०३०) लगायतका विभिन्न सम्झौताहरु कार्यान्वयन गर्ने प्रतिवद्धता जनाएको छ । यी अन्तर्राष्ट्रिय प्रतिवद्धताहरुलाई कार्यान्वयन गर्नको लागि नेपालले संघीय, प्रादेशिक र स्थानीय तहमा विपद जोखिम न्युनीकरण सम्बन्धी रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक रहेको छ।

दिगो विकास लक्ष्य हासिल गर्नका लागी विपद जोखिम न्युनीकरण आवश्यक रहेको छ। दिगो विकास सम्बन्धी सत्रवटा लक्ष्यहरु मध्ये १० वटा लक्ष्यहरुले कुनै न कुनै प्रकारका विपद जोखिम न्युनीकरणसँग सम्बन्धित विषयहरु समाविष्ट गरेको छ । विपद जोखिम न्युनीकरणका लागि सेण्डाई कार्यढाँचाले उत्थानशील समुदाय र राष्ट्र बनाउने लक्ष्य लिएको छ। यसका चारवटा प्राथमिकताहरु र सातवटा विश्वव्यापी गन्तव्यहरुलाई प्रदेश स्तरमा स्थानीयकरण गर्न विपद व्यवस्थापन सम्वन्धी रणनीतिक योजना तर्जूमा गरी कार्यान्वयनमा लैजानुपर्ने आवश्यकता रहेको छ।

जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय खाका महासन्धि (UNFCCC) ले डिसेम्बर २०१५ मा गरेको पेरिस सम्झौताले जलवायु परिवर्तनको न्युनीकरण र अनुकुलन दुबै हुने गतिविधिलाई जोड दिएको छ । यसको साथै दिगो विकास लक्ष्य, पेरिस सम्झौता र सेण्डाई कार्यढाँचामा उल्लिखित लक्ष्य, उद्देश्य, गन्तव्य तथा प्राथमिकताहरुलाई तादात्म्यता ल्याई

रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गर्न संयुक्त राष्ट्र संघले Coherence Approach मा जोड दिएको छ।

## २.२ संघीय कानुनी तथा नीतिगत व्यवस्था

नेपालको संविधानको धारा ३० मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको व्यवस्था गर्नुका साथै धारा ३७ मा उपयुक्त आवासको हक समेत हुने व्यवस्था गरेको छ । राज्यका नीतिहरु अन्तर्गत धारा ५१ (छ) मा प्राकृतिक साधन श्रोतको संरक्षण, सम्वर्धन र उपयोग सम्बन्धी नीतिहरुको व्यवस्था रहेको छ । जस अन्तर्गत जल उत्पन्न प्रकोप नियन्त्रण, औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिम न्युनीकरण, वन, वन्यजन्तु, वनस्पती तथा जैविक विविधताको संरक्षण, वातावरणीय प्रभाव न्युनीकरण एवं प्राकृतिक प्रकोपबाट हुने जोखिम न्युनीकरण गर्न पुर्व सुचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने नीतिगत प्रावधानहरु रहेका छन् । यस संविधानले विपद व्यवस्थापनलाई स्थानीय तहको एकल अधिकारको सूचि, संघ र प्रदेशको साझा सूचि तथा तिनै तहको साझा अधिकार सूचिमा समावेश गरेको छ।

विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यलाई समन्वयात्मक तथा प्रभावकारी बनाउन संस्थागत तथा संरचनागत व्यवस्था गरेको छ। साथै विपद जोखिम न्युनीकरण राष्ट्रिय नीति २०७५ ले नेपाल सरकारले विपदजोखिम न्युनीकरण तथा व्यवस्थापनको लागी आगामी दिनमा अवलम्बन गर्नुपर्ने नीतिगत व्यवस्थालाई उल्लेख गरेको छ । सेण्डाई कार्यढाँचालाई स्थानीयकरण गर्न तर्जुमा भएको विपद् जोखिम न्युनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०) ले चारवटा प्राथमिकता प्राप्त क्षेत्र, अठार वटा मुख्य प्राथमिकता प्राप्त कार्यहरु र २७१ रणनीतिक क्रियाकलापहरु उल्लेख गरी गन्तव्य निर्धारण गरेको छ। यो कार्ययोजनाले २०३० सम्म विभिन्न परिसूचकहरुमा के कति उपलब्धी हासिल गर्ने र कसरी यी क्रियाकलापहरुको कार्यान्वयन गर्ने भन्ने विषयलाई मार्गनिर्देशित गरेको छ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (न) मा स्थानीय तहको विपद व्यवस्थापन सम्वन्धी ११ वटा काम, कर्तव्य र अधिकारहरु उल्लेख गरेको छ । विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ ले विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा भएका प्रावधानलाई कार्यान्वयन गर्न थप व्यवस्थाहरु गरेको छ । यस नियमावलीले कार्यकारी समिति, विपद व्यवस्थापन प्राधिकरण, जिल्ला र स्थानीय समितिको थप काम, कर्तव्य र अधिकार, विशेषज्ञ समिति सम्बन्धी व्यवस्था, जिल्ला विपद व्यवस्थापन समितिको सचिवालय सम्बन्धी व्यवस्था, सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको थप दायित्व, जिल्ला विपद व्यवस्थापन कोष लगायतको प्रावधानहरु थप गरेको छ ।

नेपाल सरकारले सन् २०११ मा निर्माण गरेको जलवायु परिवर्तन नीतिलाई समयसापेक्ष संशोधन गरी जलवायु परिवर्तन नीति, २०७६ जारी गरेको छ । यो नीतिले जलवायु परिवर्तन अनुकूलन र न्युनीकरणको योजनावद्ध एवं एकिकृत प्रयासद्वारा राष्ट्रका सामाजिक, आर्थिक तथा पारिस्थितीकीय प्रणालीहरुलाई जलवायु उत्थानशील बनाउने लक्ष्य लिएको छ । यो नीतिमा विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन एउटा मुख्य विषयगत क्षेत्रको रूपमा रहेको छ । जलवायुजन्य प्रकोपहरुबाट व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन, भौतिक पूर्वाधार र साँस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिको न्युनीकरण गर्ने विषयगत क्षेत्रको नीति रहेको छ ।

राष्ट्रिय विपद प्रतिकार्य कार्यढाँचा, २०७१ (संशोधित २०७५) ले विपदको अवस्थामा जोखिममा रहेका समुहको संरक्षण, गर्भवती तथा बच्चालाई दुध खुवाउने महिलाको हेरचाह, जेष्ठ नागरिक, अपांग, दिर्घरोगी, किशोरी, बालबालिकाको विशेष संरक्षण तथा सेवा सुविधा उपलब्ध गराउनुका साथै विपद प्रभावितहरुलाई अस्थायी आश्रयस्थल तथा शिविर सञ्चालन भएका स्थानहरुमा राहत सामग्री वितरण गर्दा प्राथमिकताकासाथ सेवा उपलब्ध गराउने तथा खोज तथा उद्धारका समयमा हुन सक्ने लैंगिक हिंसाका गतिविधिका सम्बन्धमा विशेष निगरानी तथा संरक्षणको प्रबन्ध गर्नुपर्ने व्यवस्था गरेको छ ।

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ तथा वालवालिका सम्बन्धी ऐन, २०७५ ले विपदको समयमा महिला, वालवालिका, अपाङ्गता भएका व्यक्तिको प्राथमिकताका साथ उद्धार गर्ने र सुरक्षा र संरक्षण पाउने अधिकारका साथै वालवालिका, अपाङ्गता भएका व्यक्तिमैत्री भौतिक पूर्वाधारको निर्माणलाई प्राथमिकता दिनुपर्ने प्रावधानहरु राखेको पाइन्छ । अन्य प्रचलित कानुनहरुमा समेत विपद व्यवस्थापन सम्बन्धी विभिन्न प्रावधानहरु राखेको पाइन्छ । साथै पन्ध्रौ पञ्च बर्षिय योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१) ले विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनलाई अन्तर सम्बन्धित बिषय क्षेत्र अन्तरगत राखी लक्ष्य, उद्देश्य तथा रणनीतिहरु लिएको छ ।

## २.३ प्रदेशको कानुनी तथा नीतिगत व्यवस्था

सुदुर पश्चिम प्रदेशले संघीय कानुनको परिधिभित्र रही प्रदेश विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७५ तर्जूमा गरी लागु गरेको छ । यो ऐनले प्रदेश विपद व्यवस्थापन परिषद्, विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन कार्यकारी समिति र प्रदेश विपद व्यवस्थापन कोषको प्रावधान राखेको छ । यो ऐनले मानव र पशुपंक्षीको जीवन रक्षा गर्न, निजी तथा सार्वजनिक सम्पत्तिको क्षति न्युनीकरण गर्नुका साथै आर्थिक, सामाजिक, साँस्कृतिक तथा भौतिक पूर्वाधारको प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट हुन सक्ने क्षति न्युनीकरण गर्न विपद रोकथाम तथा अल्पिकरण, पूर्वतयारी, उद्धार, राहत, पुनर्लाभ तथा पुनर्स्थापना जस्ता कार्यहरु गर्ने प्रावधान राखेको छ ।

प्रदेश सरकारले विपद व्यवस्थापन तथा राहत वितरण निर्देशिका, २०७६ निर्माण गरेको छ । यो निर्देशिकाले जोखिम क्षेत्र तथा जोखिममा रहेका समुह पहिचान गर्ने, उद्धार सामाग्रीहरुको व्यवस्था गर्ने, आपतकालीन कार्यसञ्चालन केन्द्र तथा गोदामघरको व्यवस्था गर्ने, खोज तथा उद्धार गर्ने र राहत वितरण गर्ने सम्बन्धी प्रावधान राखेको छ । सुदुर पश्चिम प्रदेश वातावरण संरक्षण ऐन, २०७५ ले वातावरणीय असन्तुलन र यसबाट मानवजाति, जीवजन्तु, वनस्पति, प्रकृति, वायुमण्डल तथा भौतिक वस्तुमाथि हुनसक्ने प्रतिकूल असरलाई कम गर्ने लक्ष्य राखी विभिन्न कानुनी प्रावधानहरुको व्यवस्था गरेको छ ।

भुकम्प, बाढी पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक विपद लगायतका आकस्मिक वा अप्रत्यासित कारणबाट सृजना भएको विशेष परिस्थितिमा प्रदेश सरकारले तत्काल आकस्मिक कार्यहरु सम्पादन गर्न प्रदेश आकस्मिक कोष सञ्चालन र परिचालन गर्न

प्रदेश आकस्मिक कोष ऐन, २०७५ कार्यान्वयनमा ल्याएको छ । साथै हवाई उद्धार कार्यविधि, २०७६ ले विपद तथा अन्य दुर्घटनामा परि ज्यान जोखिममा परेका व्यक्तिहरुलाई हवाई उद्धार गरी श्रोत साधन सम्पन्न अस्पतालमा पुऱ्याई उचित स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था गरेको छ ।

## २.४ प्रादेशिक विपद जोखिम व्यवस्थापनमा भएका प्रयासहरुको समीक्षा

यस प्रदेशमा वाढी प्रकोप पूर्व सूचनाको लागि उपल्लो र तल्लो तटिय क्षेत्र सुचनाको लागि Flood Guage, Rain Guage, Radar, Telemetric System हरु प्रयोगमा रहेका छन् । पुर्व सुचना प्रणाली हालसम्म बाढीको क्षेत्रमा मात्र स्थापना गरिएको छ । विभिन्न संघ संस्थाहरुले समुदाय स्तरमा सहभागितामूलक जोखिम विश्लेषण र आंकलन गरेका छन् । विपद पूर्व तयारी तथा प्रतिकार्यका लागि प्रदेश आपतकालीन कार्यसंचालन्न केन्द्र, जिल्ला आपतकालीन कार्यसंचालन केन्द्र र केही स्थानीय आपतकालीन कार्य संचालन केन्द्रहरु स्थापना भइ सञ्चालनमा रहेका छन् । हाल डोटीमा रहेको प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्रलाई आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा स्थानान्तरण गर्ने निर्णय भइ यसको लागि भवन निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ ।

सबै जिल्लाहरुमा विपद पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण भएका छन् । केही स्थानीय तहका वडा स्तरमा समुदायमा आधारित विपद जोखिम व्यवस्थापन योजना निर्माण भएका छन् । स्थानीय स्तरमा जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिहरु निर्माण भएका छन् । यी समितिहरुमा केहि स्वयंसेवक तथा अन्य साधन श्रोतहरुको समेत व्यवस्था गरेका छन् । विभिन्न संघसंस्थाहरुले विद्यालय स्तरीय विपद पूर्व तयारीका लागि पुर्व अभ्यासहरु गराउने गरेका छन् । जिल्लामा खोज तथा उद्धारको लागि द्रुत प्रतिकार्य टोलीहरु समेत रहेका छन् ।

प्रदेश, जिल्ला र स्थानीय तहमा विपद व्यवस्थापन कोषहरु स्थापना भई परिचालन भैरहेका छन् । जिल्लाहरुमा अस्पताल, स्वास्थ्य केन्द्र, रक्तसंचार सेवा, एम्बुलेन्स, वारुणयन्त्र जस्ता आपतकालीन सेवा प्रदायक संघसंस्थाहरु सञ्चालनमा रहेका छन् । विपदको समयमा खोज, उद्धार तथा राहतका लागि आवश्यक पर्ने खाद्य तथा गैरखाद्य सामाग्रीहरु भण्डारणको लागि प्रादेशिक गोदामघरको व्यवस्था रहेको छ भने खाद्य व्यवस्थापन तथा व्यापार कम्पनी

लिमिटेडका खाद्य गोदाम तथा डिपोहरु, सुरक्षा निकाय, रेडक्रस लगायत विभिन्न संस्थाका समेत गोदामहरु रहेका छन् ।

विभिन्न संघसंस्थाहरुले विपद रोकथाम, पूर्वतयारी, तथा प्रतिकार्य र पुनर्लाभका क्षेत्रमा केही उल्लेखनीय कामहरु गरिरहेका छन् । उदाहरणका लागि विपदको जोखिममा रहेका समुदायका लागि  जिविकोपार्जनका गतिविधि सञ्चालन भएका छन् । पुर्ननिर्माणका लागि बाढी जाने ठाउँका सडकमा Hume Pipe, विद्यालय भवनहरुको प्रवलीकरण, भवन निर्माण आचार संहिता (Bulding Code) को कार्यान्वयनका लागि क्षमता विकास कार्यक्रमहरु सञ्चालन भएका छन् । केहि विमा कम्पनीहरुले कृषि तथा पशु विमा तथा लघु विमा गरिरहेका छन् ।

## २.५  विपद व्यवस्थापन योजना तर्जुमा प्रक्रिया

यस प्रादेशिक विपद व्यवस्थापन योजना तर्जूमाका लागि आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिवको नेतृत्वमा एउटा कार्य समुह निर्माण भएको थियो । यस समुहमा सुदुर पश्चिम प्रदेश सरकारका विभिन्न मन्त्रालयका पदाधिकारीहरु, गैसस, उद्योग वाणिज्य संघ, नेपाल रेडक्स सोसाइटी, विकास साझेदार संस्थाको प्रतिनिधिहरु सम्मिलित रहेका थिए । यो कार्य समुहले यो योजना निर्माण प्रकृयामा सबै क्षेत्रको अर्थपुर्ण सहभागिता, संलग्नता र पृष्ठपोषण जुटाउने कार्य गरेको थियो ।

यस प्रदेशमा विपद व्यवस्थापनका क्षेत्रमा संलग्न सरोकारवालाहरुसँग राय परामर्श संकलनका लागि कार्यशाला गोष्ठी तथा अन्तरक्रियाहरु आयोजना गरिएका थिए । सरकारी निकाय, संयुक्त राष्ट्र संघीय निकाय, निजी क्षेत्र, गैसस, अन्तर्राष्ट्रिय गैसस, रेडक्रस अभियान र सञ्चार क्षेत्रसँग गरिएका छलफल तथा अन्तरक्रिया कार्यक्रमहरुबाट प्राप्त राय सुझाव तथा लिखित रुपमा प्राप्त गरिएका राय सुझावहरुबाट यस योजनालाई थप व्यवहारिक र कार्यान्वयन योग्य बनाएको छ ।

यस प्रयोजनका लागि हिमाल, पहाड र तराई क्षेत्र समावेश गरी तीनवटा वहुसरोकारवाला परामर्श गोष्ठी सञ्चालन गरिएका थिए । यी परामर्श गोष्ठीहरुमा जिल्ला विपद व्यवस्थापन समितिका पदाधिकारीहरु, स्थानीय तहका जनप्रतिनिधिहरु, जिल्लास्थित सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरु, निजी क्षेत्रका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । परामर्श

गोष्ठीहरुमा प्रादेशिक विपद व्यवस्थापन योजनाको प्रारम्भिक मस्यौदा प्रस्तुत गरी राय सुझाव संकलन गरिएको थियो । प्रदेश विषयगत मन्त्रालयसँग सम्बन्धित कार्यालयहरुको नेतृत्व हुनेगरी समुह विभाजन गरी मुख्य प्रकोप र विपद जोखिमको अवस्था, सेन्डाई कार्य ढाँचा, प्राथमिकता प्राप्त क्षेत्र र कार्यहरुमा गरिएका प्रयासहरु, सिकाईहरु, समस्या र सवालहरुका बारेमा समूहगत छलफल गराई समेत राय सुझाव गर्ने ।

यो योजना तयारीका क्रममा परामर्शदातासँग पटक पटक यस मन्त्रालयमा र काठमाण्डौंमा अन्य विज्ञ सरोकारवालाहरु समेतको संलग्नतामा अन्तरक्रिया गरी राय सुझाव लिइएको छ । यस योजनालाई प्रदेश विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकमा प्रस्तुत गरी समितिको सुझावहरुलाई समेटी अन्तिम रुप दिइएको हो । यसरी यो योजनालाई कार्यकारी समितिको बैठकले स्वीकृतिका लागि परिषद्मा सिफारिश गरी माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा रहेको प्रदेश विपद व्यवस्थापन परिषद्ले पारित गरेको हो ।

# अध्याय-३
# प्रदेश विपद प्रतिकार्य कार्यढाँचा

## ३.१ प्रादेशिक विषयगत क्षेत्र पहिचान

प्रदेश, जिल्ला र स्थानीय तहमा विपद पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन सबै क्षेत्रका सरोकारवालाहरुको सहभागिता रहने गरी विषयगत क्षेत्र अवधारणा (Cluster Approach) अबलम्बन गरी विपद व्यवस्थापन सम्बन्धी कार्यलाई समन्वित र प्रभावकारी बनाइनेछ यस प्रदेशमा विषयगत क्षेत्र पहिचान गर्दा संघीय सरकारले पहिचान गरी प्रभावकारी रुपमा लामो समयदेखि कार्यान्वयनमा ल्याएको विषयगत क्षेत्रलाई मुख्य आधारको रुपमा लिइएको छ । केन्द्रमा एघार वटा विषयगत क्षेत्र निर्धारण गरी विषयगत मन्त्रालयलाई नेतृत्वदायी निकाय र संयुक्त राष्ट्र संघीय निकाय तथा IFRC लगायत निकायलाई सह नेतृत्वदायी निकाय तोकी विभिन्न सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका निकाय एवं संघसंस्थालाई सदस्यको रुपमा राखी आपतकालीन योजना तर्जूमा एवं कार्यान्वयन गर्ने गरिएको छ ।

यस प्रदेशमा पनि नेतृत्वदायी निकायका रुपमा प्रदेश सरकारका मन्त्रालयहरु तथा सह नेतृत्वदायी निकायको रुपमा संयुक्त राष्ट्र संघीय निकाय, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैसस तथा रेडक्रस सोसाइटी लगायतलाई पहिचान गरिएको छ । विषयगत क्षेत्रको सदस्यको चयन सम्बन्धित विषयगत क्षेत्रको बैठकबाट सरकारी, निजी तथा गैसस निकाय तथा संस्थाहरु मध्येबाट गर्न सक्नेछन् ।

यस प्रदेशमा तपसिल वमोजिमका बिषयगत क्षेत्र, नेतृत्वदायी निकाय तथा सह नेतृत्वदायी निकायहरु रहनेछन् ।

| क्र. सं. | बिषयगत क्षेत्र **(Name of Cluster)** | नेतृत्वदायी निकाय (**Lead Agency**) | सह नेतृत्वदायी निकाय (**Co-Lead Agency**) |
|---|---|---|---|
| १. | स्वास्थ्य, शिक्षा तथा संरक्षण (Health, Education and Protection Cluster) | सामाजिक विकास मन्त्रालय | WHO/UNICEF/ UNFPA |
| २. | खानेपानी तथा सरसफाइ, शिविर व्यवस्थापन तथा आपतकालीन आश्रयस्थल (WASH, Camp | भौतिक पूर्वाधार विकास मन्त्रालय | UNICEF/Red Cross |

| | | | |
|---|---|---|---|
| | Management and Emergency Shelter Cluster) | | |
| ३. | खाद्य सुरक्षा तथा पोषण (Food Security and Nutrition Cluster) | भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | WFP/FAO/UNICEF |
| ४. | खोज तथा उद्धार, आपतकालीन सञ्चार तथा बन्दोबस्ती (Search and Rescue, Emergency Communication and Logistics Cluster) | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | WFP/UNDP/Red Cross |
| ५. | शीघ्र पुर्नलाभ, पुनर्स्थापना तथा पुनर्निर्माण (Early Recovery, Rehabilation and Reconstruction Cluster) | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय | UNDP/ Red Cross |

## ३.२ निकायगत भूमिका निर्धारण

विषयगत क्षेत्र अवधारणा (Cluster Approach) अनुसार विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन गर्न सरोकारवालाहरुबीच प्रभावकारी समन्वय भई प्रकोप पूर्वको समय, प्रकोपको समय र प्रकोप पश्चात्को समयमा प्रभावकारी पूर्वतयारी, तत्काल प्रतिकार्य र विपद पुनर्लाभ कार्य गर्न सहज हुनेछ । विपदको समयमा स्थानीय स्तरमा कार्य गर्ने सरकारी तथा गैरसरकारी संघसंस्था बीच प्रभावकारी समन्वय र सहकार्य हासिल भई प्रभावकारी पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभका कार्य गर्न सहयोग पुग्नेछ ।

विषयगत क्षेत्र अवधारणा अनुसार विभिन्न मन्त्रालय र निकायले बिषयगत क्षेत्रको जिम्मेवारी सहित विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनको पूर्वसूचना, पूर्व तयारी, खोज, उद्धार तथा राहत, पुनर्लाभ, पुनर्स्थापनाका विविध क्षेत्रमा कार्यसम्पादन गर्नेछन् । सबै विषयगत क्षेत्रले आफ्नो आकस्मिक योजना तर्जूमा गरी आफ्नो विषयगत क्षेत्रमा सम्पादन गर्नुपर्ने काम, जिम्मेवारी, समय, साधन श्रोतको व्यवस्था एकीन गरी सबै सरोकारवालाहरुको सहभागितामा कृत्रिम घटना अभ्यास समेत गरी तयारी हालतमा रहनेछन् । विभिन्न मन्त्रालय तथा निकायहरुले आफ्नो दक्षता भएका बिषयमा काम गर्ने बिषयगत क्षेत्रहरुको नेतृत्व तथा सह नेतृत्व लिएका छन् भने अन्य थप निकायहरु पनि सदस्यका रुपमा संलग्न हुनेछन् ।

प्रदेश र स्थानीय तहमा विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनको विविध क्षेत्रमा कुन निकायले कुन ठाँउमा, के गर्दैछन भन्ने कुराको स्पष्टताका लागि सम्बन्धित निकायहरुले विपदको क्षेत्रमा के, कहाँ र कसरी गर्दैछन् भन्ने कुराको विश्लेषण गरी सरोकारवालाहरुको

संलग्नतामा आकस्मिक योजना निर्माण गर्नेछन् । सबै निकायहरुमा विपद व्यवस्थापन सम्पर्क व्यक्ति तोकी स्पष्ट कार्य विवरणका साथ काममा लगाउने छन् ।

यस प्रदेशमा संघ, प्रदेश, र स्थानीय तहमा कार्यरत सरकारी निकाय, संयुक्त राष्ट्र संघीय निकाय, गैरसरकारी संस्था, रेडक्रस अभियानका अंगहरु, विकास साझेदार, सञ्चार क्षेत्र, निजी क्षेत्रसँग विपदका समयमा र विपद पहिलेको पूर्व तयारी गर्नका लागि निकायको जिम्मेवारी र विज्ञता अनुरुपका विभिन्न श्रोत साधनहरुको उपलब्धता रहेको हुन्छ । विषयगत क्षेत्रको अवधारणा अनुसार यी निकायमा रहेको साधन श्रोत, विज्ञता, स्वयंसेवक, खोज,उद्धार तथा राहत सामग्री तथा संचार साधनहरुको पहिचान गरी एकिकृत रुपमा परिचालन गरिनेछ ।

यस प्रदेशमा सरकार तथा विभिन्न संघसस्थाहरुको सहयोगमा स्थापित र नयाँ स्थापना हुने पूर्व सूचना प्रणालीहरुलाई आपतकालीन कार्यसञ्चालन केन्द्रसँग आवद्ध गरी प्रभावकारी ढंगले सूचना संकलन, प्रवाह तथा प्रसारणको व्यवस्थापन हुनेछ । यी विषयगत क्षेत्रको समग्र समन्वय आन्तरिक मामिला तथा कानुन मन्त्रालयले गर्नेछ । जिल्लामा विषयगत क्षेत्रको समग्र समन्वय जिल्ला प्रशासन कार्यालयले र स्थानीय तहमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाको कार्यालयले गर्नेछ ।

विपद प्रतिकार्यका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खोज तथा उद्धार सहायता आवश्यक भएमा प्रदेश सरकारले नेपाल सरकार समक्ष अनुरोध गर्नेछ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खोज तथा उद्धार टोली लगायत अन्यले सम्पादन गरेको कामको प्रगति आन्तरिक मामिला तथा कानुन मन्त्रालय मार्फत् विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरण र गृह मन्त्रालयलाई प्रतिवेदन गरिनेछ ।

राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्रको आधारभुत कार्यसञ्चालन विधि वमोजिम आपतकालीन प्रतिकार्यको अवधिमा प्रदेश, जिल्ला र स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रले वस्तुस्थितीको अद्यावधिक गर्न, खोज तथा उद्धार टोलीका साथै आपतकालीन सेवा प्रदायक संस्था जस्तै एम्बुलेन्स सेवा, वारुणयन्त्र सेवा, रक्त सञ्चार सेवा लगायतको परिचालन गर्न र विषयगत क्षेत्रलाई सक्रिय तुल्याउन आवश्यकता अनुसार समन्वयात्मक भूमिका निर्वाह गर्नेछन् । आन्तरिक मामिला तथा कानुन मन्त्रालयले मानवीय उद्धारको लागि खोज तथा उद्धार कमान्ड पोष्ट स्थापना गरी कार्यान्वयनमा ल्याउनेछ ।

प्रदेश र जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्रहरुले आ-आफनो तहका सरकारी निकायहरु, रेडक्रस अभियानका अंगहरु, विकास साझेदार, निजी क्षेत्र, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्था तथा अन्य सरोकारवालाहरुसँग प्रतिकार्यको क्रियाकलापहरुलाई प्रभावकारी बनाउनका लागि आवश्यक समन्वय गर्नेछन् । यी केन्द्रहरुले प्रतिकार्यसँग सम्बन्धित सबै कार्यहरुको


समन्वय गर्ने, सुचना संकलन, विश्लेषण तथा प्रवाहको व्यवस्था मिलाउने, पूर्वचेतावनी प्रणालीबाट प्राप्त सुचनालाई सम्बन्धित जिम्मेवार व्यक्ति तथा संस्थाहरुलाई जानकारी गराई आमनागरिकलाई सचेत र सतर्क रहन उपयुक्त माध्यमबाट प्रवाह गर्ने व्यवस्था गर्नेछन् ।

विपदका घटनाको सूचना प्राप्त भए पश्चात् प्रभावकारी प्रतिकार्य गर्न कुन निकायले ० देखि २ घण्टा भित्र, ० देखि १० घण्टा भित्र, ० देखि २४ घण्टा भित्र, २४ देखि ४८ घण्टा भित्र, ४८ देखि ७२ घण्टा भित्र, दुइ साता देखि एक महिना भित्र गर्नुपर्ने कार्यहरु, सम्पादन गर्ने निकाय एवं जिम्मेवार नेतृत्वदायी निकायहरुको कार्यविभाजन राष्ट्रिय विपद प्रतिकार्य कार्यढाँचाले निर्दिष्ट गरे वमोजिम कार्यन्वयन गरिनेछ । प्रदेश तथा स्थानीय तहमा थप स्पष्ट पार्नुपर्ने आवश्यकता परेमा आपतकालीन योजना वा विपद पुर्वतयारी तथा प्रतिकार्य कार्ययोजनामा थप उल्लेख गर्न सकिनेछ ।

विपदको क्षेत्रमा कार्य गर्ने संघसंस्थाबीच तथा विषयगत क्षेत्रबीचको समन्वय आन्तरिक मामिला तथा कानुन मन्त्रालयले गर्नेछ । सबै विषयगत क्षेत्रको समन्वयका लागि कम्तिमा प्रत्येक ३।३ महिनामा एक पटक आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा रहेको प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्र (PEOC) ले समन्वय बैठक आयोजना गर्नेछ ।

सबै विषयगत क्षेत्रले आवश्यकता अनुसार समग्र विपद पुर्वतयारी तथा प्रतिकार्य कार्ययोजना वा विषयगत विपद आपतकालीन योजना तयार गरी कार्यान्वयन गर्नेछन् । प्रदेशस्तरीय विपद पुर्वतयारी तथा प्रतिकार्य कार्ययोजना वा विषयगत विपद आपतकालीन योजनाको ढाँचा प्रदेश विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन कार्यकारी समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

### ३.३ विपद प्रतिकार्य कार्यढाँचा



### ३.४ विपद प्रतिकार्यका लागि पूर्वतयारी कार्ययोजना

विपद प्रतिकार्यका क्रियाकलापहरुलाई प्रभावकारी बनाउन विभिन्न निकायहरुले तपसिल वमोजिमका क्रियाकलापको आपतकालीन योजना वा पूर्वतयारी कार्ययोजना बनाउनु पर्नेछ ।

| क्र. सं. | क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| १ | प्रदेश तथा जिल्ला आपतकालीन कार्यसंचालन केन्द्र र गोदाम घर नजिक इन्धनको पूर्वतयारी भण्डारणको व्यवस्था गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय | DDMC, LDMC उद्योग वाणिज्य संघ, विक्रेता संघ | ३ बर्ष भित्र |
| २ | पूर्वचेतावनी प्रणाली विकास तथा सञ्चालनको प्रादेशिक कार्ययोजना तयार गरी लागु गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, | जल तथा मौसम विभाग, DDMC, LDMC | २ वर्ष भित्र |
| ३ | प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्र (Provincial Emergency Operaiton Centres) लाई आधुनिक प्रविधियुक्त नियन्त्रण कक्ष (Control Room) निर्माण गरी सञ्चालन गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | विकास साझेदार, रेडक्रस अभियानका अंगहरु | ६ महिना भित्र |
| ४ | आपतकालीन सञ्चार आचार संहिता बनाई कार्यान्वयन गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | रेडक्रस अभियानका अंगहरु, विकास साझेदार | ३ वर्ष भित्र |
| ५ | आपतकालीन सञ्चार प्रणालीको स्थापना गरी लक्षित वर्ग र संवेदनशील स्थानमा सूचना प्रसारण गर्ने गराउने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | दुरसंचार सेवा प्रदायक | २ वर्ष भित्र |
| ६ | प्रभावकारी विपद प्रतिकार्यका लागि प्रदेश, जिल्ला र स्थानीय तहमा स्रोत साधनको अद्यावधिक सूचि तयार गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | DDMC, LDMC, विकास साझेदार, निजी क्षेत्र | १ वर्ष भित्र |
| ७ | प्रभावकारी विपद प्रतिकार्यका लागि आपतकालीन औजार उपकरणहरु सहित खाद्य तथा गैरखाद्य सामाग्रीहरुको भण्डारण गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, DDMC, LDMC | निजी क्षेत्र, FMTCL, रेडक्रस अभियानका अंगहरु | १ वर्ष भित्र |

| | | | | |
|---|---|---|---|---|
| ७ | विपद प्रतिकार्यका लागि विषयगत क्षेत्रको आपतकालीन योजना (Contingency Plan) तयार गर्ने | विषयगत क्षेत्रका नेतृत्वदायी निकायहरु | सह-नेतृत्वदायी निकायहरु, विकास साझेदार, रेडक्रस अभियानका अंगहरु | १ वर्ष भित्र |
| ८ | सबै सरकारी निकाय, शैक्षिक र स्वास्थ्य संस्थाहरु, निजी अस्पताल र व्यावसायिक प्रतिष्ठानहरुले आ-आफ्नो व्यावसायिक निरन्तरताको योजना (Business Continuity Plan) तयार गर्ने | सम्बन्धित मन्त्रालय, कार्यालय, अस्पताल, विद्यालय तथा संघसंस्थाहरु | विकास साझेदार, रेडक्रस अभियानका अंगहरु | ५ वर्ष भित्र |
| ९ | धनगढी विमानस्थलको विपद प्रतिकार्य योजना तयार गर्ने र प्रतिकार्यका लागि वैकल्पिक स्थलका रुपमा अन्य विमानस्थलहरुको क्षमता विकास गर्ने । विमानस्थलहरुमा आवश्यक उपकरण, सामाग्री तथा साधनहरु तयारी अवस्थामा राख्ने | नागरिक उड्डयन कार्यालय, धनगढी, CAAN, | वायुसेवा संचालक संघ, विकास साझेदार | २ वर्ष भित्र |
| १० | विपद व्यवस्थापनका आधुनिक औजार उपकरणले सुसज्जित खोज तथा उद्धार टोली तयारी अवस्थामा राख्ने । प्रदेश प्रहरी कार्यालयमा हलुका खोज तथा उद्धार टोली गठन गर्ने | सुदुरपश्चिम पृतना, प्रदेश प्रहरी कार्यालय, वैजनाथ बाहिनी, आन्तरिक मामिला तथा कानुन मन्त्रालय | संघीय सरकार, विकास साझेदार | २ वर्ष भित्र |
| ११ | विपद प्रतिकार्यका क्रममा गरिने मानवीय खोज तथा उद्धार एवं राहत सहयोग परिचालन सम्बन्धी मापदण्ड तथा सूचक तयार गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, DDMC, LDMC | सुरक्षा निकायहरु, विकास साझेदार, रेडक्रस अभियानका अंगहरु | १ वर्ष भित्र |
| १२ | विपद पश्चात् अवरुद्ध हुन सक्ने विद्युत, खानेपानी, टेलीफोन, इन्टरनेट लगायतका सेवा सुचारु गर्न आपतकालीन कार्ययोजना बनाउने | नेपाल विद्युत प्राधिकरण,खानेपानी संस्थान, दुरसञ्चार तथा इन्टरनेट सेवा प्रदायक संस्थाहरु | भौतिक पूर्वाधार विकास मन्त्रालय, DDMC, LDMC | १ वर्ष भित्र |

| | | | | |
|---|---|---|---|---|
| १३ | विपदको समयमा राष्ट्रिय तथा सामुदायिक वन, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षमा रहेका जंगली जनावरहरु वाहिर निस्कन सक्ने सम्भावनालाई मध्यनजर गरी जंगली जनावरको संरक्षण तथा व्यवस्थापन कार्ययोजना बनाउने | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | राष्ट्रिय निकुञ्ज कार्यालय, वन उपभोक्ता समुह, DDMC, LDMC | १ वर्ष भित्र |
| १४ | विपद प्रतिकार्यका लागि आवश्यक खाद्य तथा गैरखाद्य सामग्रीहरु रणनीतिक दृष्टिले उपयुक्त स्थानमा भण्डारण र परिचालन गर्न गराउनका लागि आवश्यक कार्ययोजना बनाउने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, FMTCL, DDMC, LDMC | निजी क्षेत्र, विकास साझेदार, रेडक्रस अभियानका अंगहरु | १ वर्ष भित्र |
| १५ | विपद शीघ्र पुनर्लाभ तथा पुनर्निर्माण एवं पुनर्स्थापना कार्ययोजना बनाउने | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, DDMC, LDMC | निजी क्षेत्र, विकास साझेदार, रेडक्रस अभियानका अंगहरु | २ वर्ष भित्र |

विपद प्रतिकार्यलाई संस्थागत, स्वचालित र स्थानीयकरण गरी अझ प्रभावकारी बनाउन राष्ट्रिय विपद प्रतिकार्य कार्यढाँचा (प्रथम संशोधन २०७५) लाइ आधार मानी प्रदेश र स्थानीय तहले पूर्व तयारी र  प्रतिकार्य कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्नेछन् ।

# अध्याय-४
# विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनका लागि रणनीतिक कार्ययोजना

## ४.१ मार्गदर्शक सिद्धान्त

प्रदेश सरकारले यो प्रादेशिक विपद व्यवस्थापन योजना कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्दा देहाय वमोजिमका मार्गदर्शक सिद्धान्तहरू अवलम्बन गर्नेछ ।

४.१.१ विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी प्रदेश सरकारको हुनेछ । प्रदेश सरकारले संघीय सरकार, स्थानीय तह, अन्तर प्रदेश र अन्तरदेशीय सम्पर्क तथा समन्वय गर्दै प्रदेशका सरोकारवाला संघ संस्थाहरू, अन्तर्राष्ट्रिय संघ संस्थाहरू, निजी क्षेत्र, राजनीतिक दल, विकास साझेदार तथा समुदाय लगायतको सहभागिता तथा सहयोगमा विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन कार्य गर्नेछ ।

४.१.२ विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन गर्दा यस प्रदेशका प्रकोप सम्बन्धी विशिष्ट विशेषतालाई केन्द्रमा राखी व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन, सांस्कृतिक तथा वातावरणीय सम्पदाको रक्षा गर्दै मानव अधिकारको संरक्षण तथा प्रबर्धन गरिनेछ ।

४.१.३ सुरक्षित प्रदेश निर्माणको दीर्घकालीन सोचसहित विपद व्यवस्थापन कार्यलाई समग्र विकासको अभिन्न अंगका रुपमा मूलप्रवाहीकरण गर्दै दीगो विकास हासिल गर्ने र त्यसका लागि आवश्यक नीतिगत, संरचनागत तथा कानुनी व्यवस्था गरी प्रदेश सरकारका सबै अंगहरुलाई परिचालित गर्ने अवधारणा लिइनेछ ।

४.१.४ विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनका लागि विपदबाट अति प्रभावित हुने वर्ग तथा समुदाय; जस्तै दलित, अपांगता भएका व्यक्ति, महिला, गरीब, सीमान्तकृत वर्ग तथा समुदायको समावेशिकरण तथा विभेद रहित सहभागिता र सशक्तीकरण सुनिश्चित गरिनेछ । लिङ्ग, उमेर, अपाङ्गता तथा जातजाती र भौगोलिक विविधताको प्राथमिकतालाई नीति निर्माण तथा कार्यान्वयनमा पर्याप्त ध्यान दिइनेछ ।

४.१.५ प्रदेश तथा स्थानीय तहका सबै सरोकारवाला निकायहरूको पूर्ण सहभागिता,सार्वजनिक र निजी क्षेत्रका सरोकारवालाहरूको जिम्मेवारी र भूमिकाको स्पष्टता, जवाफदेहिता,

एकरुपता र पारदर्शी, कार्यान्वयनमा सक्रिय संलग्नता, लगानी, साझेदारी तथा परिपूरकताको सुनिश्चितता गरिनेछ ।

४.१.६ विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन सम्बद्ध नीति, योजना र कार्यक्रमहरु तर्जुमा गर्दा वैज्ञानिक एवं प्राविधिक तथ्य र तथ्यांकहरु तथा परम्परागत ज्ञान र सिपको यथोचित उपयोग गरिनेछ ।

४.१.७ विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनका लागि क्षमता विकासलाई प्राथमिकता दिइनेछ । विपद जोखिमको बारेमा सार्वजनिक शिक्षा र सचेतना अभिबृद्धिका कार्यक्रम गर्दा खराव व्यवहार परिर्वतनका क्षेत्रलाई प्राथमिकतासाथ अगाडि बढाइनेछ ।

४.१.८ दिगो विकास लक्ष्य, खाद्य सुरक्षा, स्वास्थ्य सुरक्षा, जलवायु परिवर्तन अनुकूलन, पुर्वाधार विकास, प्राकृतिक स्रोत व्यवस्थापन, मानवीय विकास, आर्थिक बृद्धि एवं सम्बृद्धि, वातावरण व्यवस्थापन र विपद जोखिम न्यूनीकरणबीच सामञ्जस्यता तथा तादात्म्यता हुने गरी नीति, कानुन, कार्यक्रम तथा आयोजनाको तर्जूमा तथा कार्यान्वयन गरिनेछ ।

४.१.९ विपद पश्चात् गरिने पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माणमा भविष्यमा विपद जोखिमको अवस्था सिर्जना हुन नदिने गरी विपद जोखिम न्यूनीकरण गर्न "अझ राम्रो र बलियो बनाऔं" (Build Back Better) भन्ने अवधारणा अवलम्वन गरिनेछ ।

## ४.२ दीर्घकालीन सोच, अपेक्षित उपलब्धी, उद्देश्य, नीति, गन्तव्य र प्राथमिकता

सुदुरपश्चिम प्रदेशको प्रादेशिक विपद व्यवस्थापन योजनाको दीर्घकालीन सोच, अपेक्षित उपलब्धी, उद्देश्य, नीति, गन्तव्य र प्राथमिकता प्राप्त क्षेत्रहरु देहाय वमोजिम रहेका छन् ।

**दीर्घकालीन सोच ( Long-term Vision):**

विपद जोखिमबाट सुरक्षित, अनुकूलित तथा उत्थानशील प्रदेशको रूपमा स्थापित गर्दै दीगो विकासमा योगदान पुर्‍याउने यस योजनाको दीर्घकालीन सोच रहेको छ ।

**अपेक्षित उपलब्धी (Expected Outcome):**

प्रदेशमा विपद जोखिम न्युनीकरण, मानवीय सुरक्षा, सार्वजनिक तथा निजी सम्पत्ति, प्राकृतिक तथा साँस्कृतिक सम्पदा एवं भौतिक संरचना र जैविक विविधताको संरक्षण, जीविकोपार्जन र व्यवसायमा हुन सक्ने क्षतिको उल्लेख्य मात्रामा न्युनीकरण भएको हुनेछ ।

**उद्देश्य (Objective)** :

प्राकृतिक तथा गैरप्राकृतिक विपद जोखिमवाट व्यक्ति, परिवार, समुदाय, सार्वजनिक र निजी सम्पति, जीविकोपार्जन, वन्यजन्तु तथा जैविक विविधता, भौतिक एवं सामाजिक पूर्वाधार, सांस्कृतिक एवं प्राकृतिक सम्पदाहरुमा हुने क्षतिको न्युनीकरण गर्न विपद रोकथाम तथा अल्पिकरण, पूर्वतयारी, प्रतिकार्य तथा पुनर्स्थापना सम्बन्धी कार्यलाई सुदृढीकरण गरी उत्थानशीलता अभिबृद्धि गर्दै विद्यमान विपद जोखिम तथा क्षतिको न्युनीकरण र नयाँ जोखिमको रोकथाम उल्लेख्य रुपमा गर्नु यस योजनाको उद्देश्य रहेको छ । यस योजनाका निर्दिष्ट उद्देश्यहरु देहाय वमोजिम रहेका छन् ।

१. विपद जोखिमको बुझाई अभिवृद्धि गर्ने तथा सबै तह, वर्ग र समुदायमा विपद जोखिम न्युनीकरण सम्बन्धी जानकारीको पहुँच सुनिश्चित गर्ने ।

२. विपदको जोखिममा रहेका व्यक्ति, परिवार, संकटमा रहेको वर्ग तथा समुदाय, जोखिमयुक्त भौगोलिक क्षेत्रआदिको प्राकृतिक, मानवीय, आर्थिक, भौतिक र सामाजिक क्षमता अभिवृद्धि गर्ने ।

३. विपद जोखिम समावेशी शासनको सुदृढीकरण गर्न विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनमा संलग्न हुने सरकारी, निजी, गैर सरकारी संघसंस्थाको भूमिका स्पष्ट पारी समन्वयात्मक ढंगले परिचालित हुने ।

४. विपद जोखिम न्युनीकरणलाई समग्र विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।

५. विपद जोखिम न्युनीकरणमा सार्वजनिक तथा निजी लगानी बृद्धि गरी उत्थानशीलता अभिबृद्धि गर्ने ।

६. बहुप्रकोप पूर्वचेतावनी प्रणालीको विकास गरी द्रुत एवं प्रभावकारी पूर्व तयारी तथा प्रतिकार्य मार्फत् जनधनको क्षतिलाई उल्लेख्य मात्रामा न्युनीकरण गर्ने ।

७. विपद पश्चातको पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माणमा “अझ राम्रो र बलियो बनाऔं” भन्ने अवधारणालाई आत्मसात गर्ने ।

नीति **(Policy)**

योजनाको उद्देश्यहरु हासिल गर्नका लागि देहाय वमोजिमका नीतिहरु लिइनेछ ।

१ प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपहरुको निरन्तर आँकलन तथा अनुगमन प्रणाली स्थापना तथा सवलीकरण गरिनेछ ।

२ विपद जोखिमको लेखाजोखा, प्रकोप क्षेत्र निर्धारण, नक्शाङ्कन तथा राष्ट्रिय भूउपयोग नीतिको आधारमा जमिनको बर्गीकरण गरी सो अनुरुप जमिनको समुचित उपयोग गरिनेछ ।

३ विपद जोखिममा रहेका व्यक्ति, वस्ती, समुदाय, जातजाती, लिङ्ग, उमेर, अपाङ्गता आदिका आधारमा हुने विपद जोखिमको सम्मुखता (Exposure), सम्वेदनशिलता (Sensitivity), अनुकुलन क्षमता (Adaptive Capacity), एवं संकटासन्नता (Vulnerability) को फरक असर तथा प्रभावबारे बुझाइमा एकरुपता कायम गरी नीति तथा कार्यक्रम तर्जूमा गरिनेछ ।

४. महिला, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक अल्पसंख्यक, अपांगता भएका व्यक्तिहरु, दलित, आदिवासी जनजाति लगायत आर्थिक तथा सामाजिक रुपमा सीमान्तकृत एवं लोपोन्मुख वर्ग तथा समुदायको विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन सम्बन्धी ज्ञान, सीप, क्षमता अभिबृद्धि, संरचना तथा प्रक्रियामा पहुँच तथा प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

५. सार्वजनिक भौतिक संरचना (कार्यालय, विद्यालय, अस्पताल, आश्रयस्थल, सार्वजनिक भौतिक संरचना, सपिङ मल आदि) निर्माणलाई अपाङ्ग, महिला, बालबालिका, ज्येष्ठ नागरिक मैत्री बनाइनेछ ।

६. विपदबाट प्रभावित व्यक्ति, परिवार र समुदायलाई एकद्धार प्रणालीबाट समयमै उचित राहतको व्यवस्था गरिनेछ ।

७. विपदको समयमा महिला, वालवालिका, किशोरी, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति लगायतको सुरक्षा तथा संरक्षण (Protection and Safeguarding), लैंगिक हिंसा रोकथाम र व्यवस्थापन, मनोसामाजिक परामर्श सेवा, गोपनियता हकको कार्यान्वयन र गुनासो सम्बोधन गर्दै प्रभावित व्यक्तिहरुको मानव अधिकारको संरक्षण गरिनेछ ।

८. विपद प्रभावित क्षेत्रमा भौगोलिक विकटता, आर्थिक रुपले विपन्न तथा सिमान्तकृत समुदायको जीविकोपार्जनमा विविधिकरण गरी आय आर्जन क्षमता बृद्धि गरिनेछ । साथै विपद प्रभावितहरुलाई आवश्यकता अनुसार जिन्सी सामग्री तथा नगद राहत हस्तान्तरण गरिनेछ ।

९. प्रदेश विपद व्यवस्थापन परिषद्, कार्यकारी समिति, आपतकालीन कार्यसञ्चालन केन्द्र, जिल्ला तथा स्थानीय विपद व्यवस्थापन समितिहरुको संगठनात्मक तथा संस्थागत क्षमता विकास गरिनेछ ।

१०. प्रदेश, जिल्ला र स्थानीय तहमा विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन सबै क्षेत्रका सरोकारवालाहरुको सहभागिता रहने गरी विषयगत क्षेत्र (Cluster) गठन गरी आपतकालीन योजना बनाइनेछ ।

११. विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनको कार्यमा जवाफदेहिता, पारदर्शिता एवं समावेशिताको सुनिश्चितता गरिनेछ ।

१२. विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनका समग्र रणनीतिक क्रियाकलापहरुको अनुगमन, मूल्याङ्कन तथा समन्वयको लागि संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।

१३. स्थानीय विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन योजना तर्जुमाका क्रममा प्राप्त क्षेत्रगत सुझावलाई स्थानीय विकास योजनामा प्राथमिकताका साथ संलग्न गरि कार्यान्वयन गरिनेछ ।

१४. एकीकृत जलश्रोत व्यवस्थापनको सिद्धान्त अनुरुप माथिल्लो र तल्लो तटीय क्षेत्रको हितलाई ध्यान दिई नदि व्यवस्थापन तथा जलाधार संरक्षणका कार्यक्रमहरु गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ ।

१५. विकास निर्माणका मझौला तथा ठुला परियोजनाहरु तर्जुमा, डिजाइन, निर्माण र व्यवस्थापनमा विपद जोखिम न्युनीकरण, वातावरणीय तथा जलवायु परिवर्तनका असरको प्रभाव मूल्यांकन गर्ने र जलवायु परिवर्तन अनुकुलित पूर्वाधार निर्माणलाई प्रोत्साहित गरिनेछ ।

१६. विपद जोखिम न्युनीकरण तथा जलवायु परिवर्तन अनुकुलन गर्ने निर्माण प्रविधि, सामाग्री, पूर्वाधारहरुको डिजाइन र व्यवस्थापन सम्बन्धी अनुसन्धान तथा विकासलाई प्रोत्साहन गरिनेछ ।

१७. जलवायु परिवर्तनको कारण अन्तर्राष्ट्रिय सीमा वारपारमा हुने जोखिम न्युनीकरण गर्न तथा असरसंग अनुकुलित हुन द्विपक्षीय तथा बहुपक्षीय सहयोगको विकास तथा विस्तार गरिनेछ ।

१८. विपद जोखिम न्युनीकरण सम्बन्धी अध्ययन तथा अनुसन्धानमा सरकारी निकाय, विकास साझेदार, विश्व विद्यालय तथा अनुसन्धान केन्द्रहरुबीचको सहकार्यलाई प्रोत्साहन गरिनेछ ।

१९. विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनमा विकास साझेदार र निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गरिनेछ ।

२०. कृषि बाली, पशुपंछि, भौतिक सम्पत्तिको वीमामा विपन्न तथा संकटासन्न समुदायको सहज पहुँचको व्यवस्था गरिनेछ ।

२१. प्रदेश तथा स्थानीय तहहरुले विकास वजेटको कम्तिमा पाँच प्रतिशत वार्षिक बजेट अनिवार्य रुपमा विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनको लागि छुट्याउने व्यवस्था गरिनेछ ।

२२. विपद जोखिम न्युनीकरण, पूर्वतयारी, पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माणमा अन्तर प्रदेश तथा अन्तर्राष्ट्रिय समन्वय, सहयोग र सहकार्यलाई प्रोत्साहन गरिनेछ ।

२३. विभिन्न तहका विपद जोखिम न्युनीकरण योजना निर्माण तथा कार्यान्वयनमा महिला, वालवालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, निजी क्षेत्र, विकास साझेदार, संकटको अवस्थामा रहेको समुदायको सहभागिता सुनिश्चित गरिनेछ ।

२४. विपद पूर्वतयारी तथा प्रतिकार्यको लागि आधुनिक तथा परम्परागत सूचना प्रविधिमा आधारित सूचना तथा संचार प्रणालीको विकास तथा प्रवर्द्धन गरिनेछ ।

२५. विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनमा स्थानीय स्वयंसेवक परिचालनका लागि स्थानीय तहमा संस्थागत व्यवस्था गरिनेछ ।

२६. स्थानीय ज्ञान, सीप र श्रोतसाधनको उच्चतम उपयोग गर्दै समुदायमा आधारित विपद जोखिम न्यनीकरण र व्यवस्थापनका योजना तथा कार्यक्रम तर्जूमा कार्यान्वयन गरिनेछ ।

२७. प्रदेश, स्थानीय तह तथा समुदाय स्तरमा विभिन्न स्तरका खोज र उद्धार टोलीको गठन, क्षमता विकास र श्रोतसाधन सम्पन्न बनाइनेछ ।

२८. प्रदेश तथा स्थानीय तहमा सुरक्षित आपतकालीन भण्डार गृहको स्थापना, विकास, अद्यावधिक र विस्तार गरी आवश्यक पर्ने खोज, उद्धार तथा राहत सामाग्रीको भण्डारण गरिनेछ ।

२९. प्रदेश, स्थानीय तह तथा समुदाय स्तरमा खुला स्थानको पहिचान गरी पूर्वाधार विकास गरी संरक्षण गरिनेछ । साथै पहाडी जिल्लाका दुर्गम स्थानहरुमा स्थानीय तहको लगानी तथा जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश सरकारको समन्वयमा हेलिप्याडको व्यवस्था गरिनेछ ।

३०. विपद पश्चात्को पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माणका चरणमा थप जोखिमको अवस्था सिर्जना हुन नदिन र प्रभावकारी विपद जोखिम न्युनीकरण गर्न "अझै राम्रो र बलियो बनाऔं" भन्ने अवधारणालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

**गन्तव्य (Targets) :**

अन्तर्राष्ट्रिय प्रतिवद्धता, संघीय नीतिगत तथा कानुनी व्यवस्था, प्रादेशिक कानुनी व्यवस्था र अन्य क्षेत्रगत नीति तथा रणनीतिक योजना समेतलाई आधार लिई यस योजनाले विपद जोखिम न्युनीकरणका लागि देहायका गन्तव्यहरु तय गरेको छ । यी गन्तव्यहरुको वस्तुगत मापन गर्न देहायका सूचकहरु पहिचान गरी सोको आधाररेखा, अल्पकालीन, मध्यकालीन तथा दिर्घकालीन परिमाणात्मक गन्तव्यहरु निर्धारण गरिएको छ ।

| क्र.सं. | गन्तव्य तथा सूचकहरु | आधार रेखा (२०१९ सम्मको औसत) | अल्पकालीन (२०२२ सम्म) | मध्यकालीन (२०२५ सम्म) | दीर्घकालीन (२०३० सम्म) |
|---|---|---|---|---|---|
| १ | **प्रदेश स्तरमा विपदबाट हुने मृत्यु दर उल्लेख्य मात्रामा कम गर्ने** | | | | |
| १.१ | विपदबाट मृत्यु हुनेको वार्षिक औसत (संख्या) (सडक दुर्घटना बाहेक) | १०० | ८५ | ७५ | ५० |
| १.२ | सडक दुर्घटनाबाट मृत्यु हुनेको वार्षिक औसत (संख्या) | ११५ | १०० | ९० | ८० |
| २ | **प्रदेश स्तरमा विपदबाट प्रभावित व्यक्तिहरूको संख्या उल्लेख्य मात्रामा कम गर्ने** | | | | |
| २.१ | विपदबाट प्रत्यक्ष प्रभावित हुने परिवारहरूको वार्षिक औसत (संख्या) | ५१०० | ४००० | ३००० | २५०० |
| २.२ | विपदबाट बेपत्ता हुने व्यक्तिहरूको वार्षिक औसत (संख्या) | १७ | १४ | ११ | ७ |
| २.३ | विपदबाट घाईते हुने व्यक्तिहरूको वार्षिक औसत (संख्या) | ७९ | ७० | ६० | ४० |
| २.४ | सडक दुर्घटनाबाट घाईते हुने व्यक्तिहरूको वार्षिक औसत (संख्या) | २१० | १७५ | १४० | १२० |
| २.५ | विपदबाट पुर्ण क्षति हुने घरहरूको वार्षिक औसत (संख्या) | १४० | १२० | १०० | ८० |
| २.६ | विपदबाट आंशिक क्षति हुने घरहरूको वार्षिक औसत (संख्या) | ७०० | ६०० | ५०० | ४०० |
| ३ | **विपदको कारणले हुने आर्थिक क्षतिलाई उल्लेख्य मात्रामा कम गर्ने** | | | | |
| ३.१ | पशुचौपाय तथा पशुपंछिको औसत वार्षिक क्षतिमा कमी (प्रतिशत) | ० | २५ | ४० | ५० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.२ | बालीनालीमा औसत वार्षिक भएको क्षतिमा कमी (प्रतिशत) | ० | २५ | ४० | ५० |
| ३.३ | भैतिक पूर्वाधारको औसत वार्षिक क्षतिमा कमी (प्रतिशत) | ० | २५ | ४० | ५० |
| ४ | **प्रदेशका महत्वपूर्ण पूर्वाधार र आधारभूत सेवाहरूमा विपदले पुऱ्याउने क्षति र अवरोध उल्लेख्य रूपले कम गर्ने र उत्थानशीलता अभिवृद्धि गर्ने** | | | | |
| ४.१ | अस्पताल तथा स्वास्थ्य संस्थाका भवनहरूको प्रवलीकरण गर्ने (संख्या) | ० | २५ | ५० | १०० |
| ४.२ | कक्षा कोठाहरूको मर्मत संभार गर्ने विद्यालय (संख्या) | ० | १५० | ३०० | १२०० |
| ४.३ | विद्यालय भवनहरूको प्रवलीकरण गर्ने (संख्या) | ० | १५० | ३०० | ९०० |
| ४.४ | विपद जोखिम न्युनीकरणका लागि नमूना विद्यालयहरूको विकास गर्ने (संख्या) | ० | १० | १५ | ४५ |
| ४.५ | सार्वजनिक र सरकारी भवनहरूको प्रवलीकरण गर्ने (प्रतिशत) | ० | १० | ३० | ६० |
| ४.६ | सांस्कृतिक सम्पदाहरूको प्रवलीकरण गर्ने (प्रतिशत) | ० | १० | ३० | ६० |
| ४.७ | विमानस्थलहरूको मर्मत संभार तथा प्रवलीकरण गर्ने (वटा) | ० | २ | ४ | ६ |
| ४.८ | विद्यमान जलविद्युत बाँध तथा अन्य बाँधहरुको सुरक्षा गर्ने (संख्या) | ० | २ | ३ | ५ |
| ४.९ | विद्युत सवस्टेशनहरूको उत्थानशीलता विकास गर्ने (वटा) | ० | ५ | १५ | ३७ |
| ४.१० | खानेपानीका संरचनाहरूको नियमित मर्मत सम्भार गर्ने (प्रतिशत) | ० | १५ | ३० | ६० |
| ४.११ | एकिकृत जलश्रोत व्यवस्थापनको योजना निर्माण तथा कार्यान्वयन (प्रतिशत) | ० | १५ | ३० | ६० |
| ४.१२ | उच्च जोखिमयुक्त हिमताल विस्फोटन बाढीको जोखिम न्युनीकरण (संख्या) | ० | १ | २ | ३ |
| ४.१३ | जलाधारहरूको संरक्षण (संख्या) | ० | २ | ५ | १० |
| ४.१४ | ताल तथा पोखरीहरूको संरक्षण ( संख्या) | ० | २ | ४ | ७ |
| ४.१५ | जलवायु अनूकुलित स्मार्ट गाउँहरूको विकास (संख्या) | ० | १ | ३ | ९ |
| ४.१६ | जलवायु स्मार्ट कृषि प्रवर्धन गर्ने गाउँहरूको विकास (संख्या) | ० | १ | ३ | ९ |
| ४.१७ | संरक्षित वन (संख्या) | ० | १ | २ | ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | **स्थानीय तहहरूमा विपद जोखिम न्युनीकरण ऐन, योजना तथा मापदण्डहरु तयार गर्ने** | | | | |
| ५.१ | विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन तथा नीति तयार गर्ने स्थानीय तहहरू (संख्या) | ० | २५ | ५० | ८८ |
| ५.२ | विपद जोखिम न्युनीकरण नीति तथा रणनीतिक कार्ययोजना तयार गर्ने स्थानीय तहहरू (संख्या) | ० | २५ | ५० | ८८ |
| ५.३ | प्रदेश, जिल्ला र स्थानीय तहहरू र सरोकारवालाहरू बीच अन्तर समन्वय र साझेदारी अभिबृद्धि गर्न संयन्त्र विकास (प्रतिशत) | ० | २५ | ५० | १०० |
| ५.४ | स्थानीय विपद व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तयार गर्ने स्थानीय तहहरु (संख्या) | ० | २५ | ५० | ८८ |
| ५.५ | विपद पूर्व तयारी तथा प्रतिकार्य योजना (Disaster Preparedness and Response Plan) तयार गर्ने स्थानीय तहहरु (संख्या) | ० | २५ | ५० | ८८ |
| ५.६ | विपद पूर्व तयारी तथा प्रतिकार्य योजना (Disaster Preparedness and Response Plan) तर्जुमा तथा पुनरावलोकन गर्ने जिल्लाहरु (संख्या) | ९ | ९ | ९ | ९ |
| ५.७ | विपद व्यवस्थापन कोष परिचालन तथा राहत वितरण निर्देशिका तयार गर्ने स्थानीय तहहरु (संख्या) | ० | ८८ | ८८ | ८८ |
| ५.८ | स्थानीय स्वयंसेवक गठन गर्ने स्थानीय तहहरु (संख्या) | ० | २५ | ५० | ८८ |
| ५.९ | विपदमा लैंगिक हिंसा रोकथाम तथा व्यवस्थापनका लागि प्रादेशिक रणनीति तयार (प्रतिशत) | ० | १०० | १०० | १०० |
| ५.१० | समुदाय खोज तथा उद्धार टोली गठन गर्ने स्थानीय तहहरु (संख्या) | ० | १० | ४० | ८८ |
| ५.११ | क्लस्टर अवधारणा (Cluster Approach) अनुरुप विषयगत क्षेत्रको जिम्मेवारी सहित विपद प्रतिकार्यमा सकृय स्थानीय तह (संख्या) | ० | १० | ४० | ८८ |
| ६ | **विपद र जलवायु परिर्वतनजन्य जोखिमको न्युनीकरण, व्यवस्थापन र अनुकुलनका विषयहरुलाई अन्य विषयगत क्षेत्रका योजना र कार्यक्रममा एकिकृत गर्दै लैजाने** | | | | |
| ६.१ | विपदको जोखिममा रहेका महिला, बालबालिका, किशोरी, जेष्ठ नागरिक, दलित, थारु, सीमान्तकृत वर्ग तथा | ० | १० | ५० | ८८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | समुदाय, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि विशेष योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने स्थानीय तहहरू (संख्या) | | | | |
| ६.२ | जलवायू परिर्वतनजन्य विपद जोखिमको न्युनीकरण तथा व्यवस्थापन र अनुकुलनका कार्यहरु योजना र कार्यक्रममा एकिकृत गर्ने सार्वजनिक संस्थाहरु (प्रतिशत) | ० | २५ | ५० | ७५ |
| ६.३ | जलवायु परिर्वतनजन्य विपद जोखिमको न्युनीकरण तथा व्यवस्थापन र अनुकुलनका कार्यहरु योजना र कार्यक्रममा एकिकृत गर्ने निजी तथा गैर सरकारी संस्थाहरु (प्रतिशत) | ० | २५ | ५० | ७५ |
| ६.४ | विपद जोखिम न्युनीकरण तथा जलवायु परिर्वतन अनुकुलन सम्बन्धी बिषय विद्यालय तहको पाठ्यक्रममा समावेश गर्ने स्थानीय तहहरु (संख्या) | ० | २५ | ५० | ८८ |
| ६.५ | विपद जोखिम न्युनीकरणमा लगानी बढाउन प्रत्यक्ष विपदको क्षेत्रमा कम्तिमा ५ प्रतिशत बजेट छुटयाउने स्थानीय तहहरु (संख्या) | ० | २५ | ५० | ८८ |
| ७ | **बहुप्रकोप पुर्वसूचना प्रणाली र विपद जोखिम सूचना आंकलनको उपलब्धता र पहुँचमा उल्लेख्य बृद्धि गर्ने** | | | | |
| ७.१ | बहुप्रकोप जोखिम विष्लेषण र पूर्वसूचना प्रणाली स्थापना र संचालन भएको स्थानीय तहहरु (संख्या) | ० | ५ | १० | २० |
| ७.२ | प्रकोपको निरन्तर आंकलन तथा अनुगमन प्रणाली स्थापना गर्ने स्थानीय तहहरु (सख्या) | ० | | २ | ५ |
| ७.३ | Disaster Informaiton Management System मा आवद्ध भई प्रतिवेदन गर्ने स्थानीय तहहरु ( संख्या) | ० | २५ | ५० | ८८ |
| ७.४ | विपद जोखिम न्युनीकरण तथा जलवायु परिवर्तन अनुकूलनमा तालिम प्राप्त जनशक्ति (संख्या) | | १०० | २०० | ४४० |
| ७.५ | स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (Local Emergency Operaiton Centres) स्थापना गर्ने स्थानीय तहहरु (संख्या) | ० | ५ | १० | २० |

# अध्याय-५
# प्राथमिकता प्राप्त क्षेत्र १: विपद जोखिम बारे बुझाई

## प्राथमिकता प्राप्त क्षेत्र १: विपद जोखिम बारे बुझाई

यस प्रदेशमा विपद जोखिम व्यवस्थापन निर्देशिका, योजना, कार्यक्रम तथा क्रियाकलापहरू तयार गर्दा विपद जोखिमबारे वृहत्तर बुझाई हुन आवश्यक छ । यस प्रदेशका प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपहरुको प्रवृत्ति, मानिस तथा सम्पत्ति, वन, वन्यजन्तु, जैविक विविधता, जीवजन्तु तथा पशुपंछिको सम्मुखता (Exposure) को अवस्था, विभिन्न प्रकोपहरुमा अनुकुलन क्षमता (Adaptive Capacity), उत्थानशीलता (Resiliency) तथा संकटासन्नता (Vulnerability) जस्ता विविध पक्षमा विश्लेषण गर्ने क्षमता आवश्यक हुन्छ । यसका लागि नियमित जोखिम आंकलन र मूल्याङ्कन हुन आवश्यक छ ।

सुदूरपश्चिम प्रदेशका मन्त्रालय, निर्देशनालय, जिल्लास्थित सरकारी कार्यालय, स्थानीय तह, निजी क्षेत्र, नागरिक समाज र समुदायस्तरमा विपद जोखिमको वृहत्तर पक्षबारे बुझाउन आवश्यक देखिन्छ । विपद जोखिमको सन्दर्भमा यसको न्यूनीकरणभन्दा विपद पश्चात्को व्यवस्थापनका पक्षमा पदाधिकारी तथा आमसर्वसाधारणको बढी चासो देखिन्छ । अधिकांश विपद व्यवस्थापनका क्रियाकलापहरु विपद पूर्व योजनावद्ध तरिकाले भन्दा पनि विपदको घटना भइसकेपछि प्रतिक्रियात्मक रुपमा बढी गरेको देखिन्छ ।

यस प्रदेशका हिमाल, पहाड र तराइमा घट्ने प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपका प्रकार र प्रकृति अनुरुप हरेक प्रकोपको जोखिम आंकलन, तथ्याङ्क संकलन, जोखिमको पहिचान र मापन, सूचना प्रसारण गर्ने पद्धति, प्रदेशस्तरीय विस्तृत तथ्याङ्क प्रणालीको विकास गरी विपद जोखिमबारे आम बुझाईमा स्पष्टता विकास गर्न आवश्यक छ । विपद जोखिमको विश्लेषण गर्दा यसको समग्र प्रभावमा मात्र नभई लिङ्ग, उमेर, अपाङ्गता, जातजाति, वर्गीय अवस्था, भौगोलिक अवस्था, गाउँ विशेषको सम्मुखता, क्षमता, संकटउन्मुखता आदिको छुट्टाछुट्टै (Disaggregated) तथ्याङ्क संकलन, विश्लेषण र सूचना प्रणाली संस्थागत गर्न आवश्यक छ । विपद जोखिमको

एकिकृत सूचना संकलन, विश्लेषण, भण्डारण तथा प्रसारण गर्ने पद्धति र आधुनिक सञ्चार प्रविधिहरुको विवेकपूर्ण प्रयोग गर्ने क्षमता विकास हुन आवश्यक छ ।

यी पक्षहरुलाई समेट्दै विपद जोखिम बारे वृहत्तर बुझाई अभिवृद्धि गर्न देहाय वमोजिमका चारवटा प्राथमिकता प्राप्त कार्यहरु तोकिएका छन् । हरेक कार्यहरु अन्तर्गत रणनीतिक क्रियाकलापहरु, अपेक्षित उपलब्धी, समयावधि (अल्पकालीनः सन् २०२० देखि २०२२ सम्म, मध्यकालीन सन् २०२० देखि २०२५ सम्म र दीर्घकालीन : सन् २०२० देखि २०३० सम्म), जिम्मेवार निकाय र साधनश्रोत निर्धारण गरिएका छन् ।

### ५.१ प्रकोप जोखिम आंकलन

मानिस तथा सम्पत्ति, वन्यजन्तु, जैविक विविधता, जीवजन्तु तथा पशुपंछिको सम्मुखताको अवस्था, विभिन्न प्रकोपहरुमा उनीहरुको अनुकुलन क्षमता र उत्थानशीलताका साथै संकटउन्मुखता जस्ता विविध पक्षको विश्लेषण गर्नका लागि प्रमुख प्रकोपहरुको नियमित जोखिम आंकलन र मूल्याङ्कन हुन आवश्यक छ । यसका लागि तपसिल वमोजिमका रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएका छन् ।

**१.आगलागी र वन डढेलो**

| रणनीतिक क्रियाकलापहरु | जिम्मेवार निकाय | साधन श्रोत | समय सीमा |
|---|---|---|---|
| जोखिममा रहेका वस्ती र वनमा हुने आगलागीको निरन्तर आंकलन तथा अनुगमन (real time fire surveillance) प्रविधिको प्रयोग गर्ने | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | दीर्घकालीन |
| आगलागीको जोखिममा रहेका क्षेत्र पहिचान, आंकलन तथा नक्साङ्कन गर्ने र सार्वजनिक रुपमा उपलब्ध गराउने | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | मध्यकालीन |
| आगलागीको सम्मुखतामा रहेका र सम्वेदनशीलता बढी भएका वर्ग, समुदाय तथा वस्तीको पहिचान गर्ने | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, स्थानीय तह | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| हिमाल, पहाड, तराई, ग्रामीण र शहरी क्षेत्रमा रहेका जोखिमयुक्त संवेदनशील पूर्वाधारहरुको जोखिम आंकलन तथा नक्साङ्कन गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय, स्थानीय तह | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | मध्यकालीन |

२ बाढी तथा डुवान

| रणनीतिक क्रियाकलापहरु | जिम्मेवार निकाय | साधन श्रोत | समय सीमा |
|---|---|---|---|
| बाढी प्रकोपको निरन्तर आंकलन तथा अनुगमनको लागि मुख्य नदी जस्तै महाकाली, कर्णाली र यसका सहायक नदिका जलाधारहरुमा उच्च प्रविधियुक्त flood guage, radar, telemetric system जस्ता Early Warning System हरुको स्थापना, विस्तार र सबलीकरण गर्ने | जल तथा मौसम विभाग | संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार | दीर्घकालीन |
| मुख्य, सहायक नदि र खोलानालाको सञ्जाल नक्साङ्कन गरी हुनसक्ने बाढी प्रकोप आंकलन, जोखिम विश्लेषण तथा प्रकोप क्षेत्रको नक्साङ्कन गर्ने | जल तथा मौसम विभाग, भौतिक पूर्वाधार विकास मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार | मध्यकालीन |
| पहाड र तराई, माथिल्लो तटीय र तल्लो तटीयक्षेत्र बीचमा बाढी प्रकोप द्रुत सूचना संयन्त्रको विकास गर्ने | जल तथा मौसम विज्ञान विभाग, आन्तरिक मामिला तथा कानुन मन्त्रालय | स्थानीय तह, प्रदेश सरकार, संघीय सरकार | निरन्तर |
| बाढीको सम्मुखतामा रहेका, सम्वेदनशीलता भएका, अनुकुलन क्षमता कम भएका, संकटउन्मुखता बढीभएका वस्ती, समुदाय, जातजाति, लिङ्ग, उमेर, शारिरीक अवस्थाको भु-सर्न्दभीत (geo-refrenced) उच्च, मध्यम र कम जोखिम पहिचान गरी जोखिम न्युनीकरण गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सरकार, संघीय सरकार | दीर्घकालीन |
| जल तथा मौसम पूर्वानुमान प्रणालीलाई समयसापेक्ष बनाई प्रकोपको निरन्तर आंकलन गर्ने संयन्त्र विकास गर्ने | जल तथा मौसम विज्ञान विभाग | संघीय सरकार | मध्यकालीन |
| अन्तरदेशीय नदि प्रणालीमा पूर्व सुचना प्रणालीको विकास गरी अन्तरदेशीय सूचना आदान प्रदान गर्ने संयन्त्रको विकास गर्ने | जल तथा मौसम विभाग | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह | दिर्घकालीन |
| संकटासन्न समुदायको विस्तृत पारिवारिक लगत तयार गरी नियमित रुपमा अद्यावधिक गर्ने | स्थानीय तह | प्रदेश सरकार, स्थानीय तह | अल्पकालीन |

३) चट्याङ्ग

| रणनीतिक क्रियाकलापहरु | जिम्मेवार निकाय | साधन श्रोत | समय सीमा |
|---|---|---|---|
| चट्याङ्गको निरन्तर आंकलन तथा अनुगमनका लागि चट्याङ्ग जोखिम रहेको ठाउँमा नयाँ जाँच प्रविधिको परिक्षण तथा प्रयोग गर्ने | जल तथा मौसम विज्ञान विभाग | संघीय सरकार | मध्यकालीन |
| चट्याङ्ग जोखिम आंकलनको लागि परम्परागत ज्ञान र सीपको प्रयोग गर्ने | जल तथा मौसम विभाग, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह | मध्यकालीन |
| चट्याङ्गले प्रभाव पार्न सक्ने पुर्वाधार र सम्पत्तिको जोखिम विश्लेषण नक्सांकन गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | मध्यकालीन |
| सम्भावित चट्याङ्ग जोखिम क्षेत्रको पहिचान गर्ने | जल तथा मौसम विज्ञान विभाग, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | मध्यकालीन |

४) पहिरो

| रणनीतिक क्रियाकलापहरु | जिम्मेवार निकाय | साधन श्रोत | समय सीमा |
|---|---|---|---|
| सडक र वस्तीहरुमा निरन्तर पहिरो गइरहने स्थान पहिचान गरी उच्च प्रविधिको प्रयोग गरी पहिरो नियन्त्रण गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| पहिरोको जोखिम आंकलन, नक्साङ्कन र जोखिम न्युनीकरण गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | मध्यकालीन |
| अति भिरालो ठाउँमा रहेको वस्ती , जंगल, समुदाय, जातजाति, लिङ्ग, उमेर, शारिरीक अवस्था भएको क्षेत्रको आंकलन गर्ने र सूचना प्रवाह गर्ने | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, स्थानीय तह | प्रदेश सरकार, स्थानीय तह | मध्यकालीन |
| पहिरोको जोखिममा रहेका पूर्वाधार/संरचनाहरुको आंकलन तथा नक्साङ्कन गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश सरकार, संघीय सरकार, स्थानीय तह | अल्पकालीन |

५) हावाहुरी

| रणनीतिक क्रियाकलापहरु | जिम्मेवार निकाय | साधन श्रोत | समय सीमा |
|---|---|---|---|
| हावाहुरीको आंकलन तथा अनुगमनका लागि Weather Radar का सूचनाहरु संकलन गरी निरन्तर प्रवाह गर्ने | जल तथा मौसम विज्ञान विभाग | संघीय सरकार | अल्पकालीन |

| | | | |
|---|---|---|---|
| हावाहुरीबाट हुनसक्ने संभावित जोखिम क्षेत्रको आंकलन र नक्साङ्कन गर्ने | जल तथा मौसम विज्ञान विभाग | संघीय सरकार, प्रदेश सरकार,स्थानीय तह, | मध्यकालीन |
| परम्परागत तथा स्थानीय ज्ञान, सीप र क्षमताको प्रयोगलाई बढावा दिने | स्थानीय तह | प्रदेश सरकार, स्थानीय तह | मध्यकालीन |
| PEOC, DEOC, / LEOC बाट Weather Radar को सुचनाहरु सम्प्रेषण गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार | दीर्घकालीन |

## ६) महामारी

| रणनीतिक क्रियाकलापहरु | जिम्मेवार निकाय | साधन श्रोत | समय सीमा |
|---|---|---|---|
| महामारीको जोखिम भएका क्षेत्रमा यसको निरन्तर आंकलन तथा अनुगमनका लागि जिल्ला अस्पतालमा स्थापित पूर्व सूचना प्रणालीलाई संस्थागत गर्ने | सामाजिक विकास मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार | अल्पकालीन |
| संभावित महामारीहरुको आंकलन, नक्साङ्कन र प्रकोप क्षेत्र निर्धारण गर्ने | सामाजिक विकास मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार | मध्यकालीन |
| महामारीको सम्मुखतामा रहेका वर्ग र समुदायको आंकलन गरी जोखिम न्युनीकरणका कार्यक्रमहरु सञ्चालन गर्ने | सामाजिक विकास मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| सहायक प्रकोपको रुपमा उत्पन्न हुन सक्ने महामारीको आंकलन तथा विश्लेषण गर्ने प्रणालीको विकास गर्ने | सामाजिक विकास मन्त्रालय | प्रदेश सरकार, संघीय सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |

## ७) जलवायु परिवर्तनजन्य जोखिमः अतिवृष्टि, अनावृष्टि, शीतलहर, तातो हावाको लहर, खँडेरी, असिना, हिमपहिरो आदि ।

| रणनीतिक क्रियाकलापहरु | जिम्मेवार निकाय | साधन श्रोत | समय सीमा |
|---|---|---|---|
| प्रदेशमा रहेका जलवायु मापन केन्द्रको स्तरोन्नती गर्ने | जल तथा मौसम विज्ञान विभाग | संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार | मध्यकालीन |
| हिमाल, पहाड र तराई क्षेत्रको सुक्ष्म जलवायु क्षेत्र (Microclimate Zone) को जलवायु परिवर्तनको निरन्तर आंकलन तथा प्रवृतिको विश्लेषण गर्ने प्रणालीको विकास गर्ने | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार | दीर्घकालीन |
| जलवायु परिवर्तनको जोखिमको सम्मुखतामा रहेका तथा अनुकुलन क्षमता कम भएका वर्ग तथा | वन तथा वातावरण | संघीय सरकार, प्रदेश सरकार, | अल्पकालीन |

| | | | |
|---|---|---|---|
| समुदायको आंकलन र विश्लेषण गरी जोखिम न्युनीकरणका क्रियाकलाप सञ्चालन गर्ने | मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | विकास साझेदार, स्थानीय तह | |
| जलवायु परिवर्तनको जोखिमयुक्त संवेदनशील पूर्वाधारहरु, बालीनाली एंव पशुपंक्षी सम्वन्धी आँकलन तथा जोखिम न्युनीकरणका क्रियाकलापहरु सञ्चालन गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय, भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | प्रदेश सरकार, विपद संघीय सरकार, विकास साझेदार, स्थानीय तह | अल्पकालीन |
| हिमताल विष्फोटनको आंकलन र विश्लेषण गरी जोखिम न्युनीकरणका उपायहरु अबलम्बन गर्ने | जल तथा मौसम विज्ञान विभाग | प्रदेश सरकार, संघीय सरकार, विकास साझेदार | दीर्घकालीन |
| खडेरी, शीतलहर तथा असिनाको जोखिम आंकलन तथा नक्साङ्कन गर्ने | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, | प्रदेश सरकार, संघीय सरकार, विकास साझेदार | मध्यकालीन |

## ८) भुकम्प

| रणनीतिक क्रियाकलापहरु | जिम्मेवार निकाय | साधन श्रोत | समय सीमा |
|---|---|---|---|
| भुकम्पबाट हुन सक्ने सम्भावित क्षतिको पूर्वानुमान गरी क्षति न्युनीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| भुकम्पको उच्च जोखिममा रहेका क्षेत्रमा seismic activities compile / monitoring गर्नका लागि नविनतम प्रविधिको seismic station स्थापना गर्ने | खानी तथा भूगर्भ विभाग | संघीय सरकार, विकास साझेदार | मध्यकालीन |
| Tectonic behavior अध्ययन गरी भुकम्पबाट हुनसक्ने संभावित जोखिमको आकलन तथा अनुमान गनका लागि सक्रिय फल्ट (active fault) को अध्ययन गर्ने | खानी तथा भूगर्भ विभाग | संघीय सरकार, विकास साझेदार | अल्पकालीन |
| तराई क्षेत्रको माटोको alluvium deposit र liquefaction phenomenon को गहन अनुसन्धान गरी प्रकोपको आंकलन, नक्साङ्कन, क्षेत्र निर्धारण गर्ने | खानी तथा भूगर्भ विभाग | संघीय सरकार, विकास साझेदार | दीर्घकालीन |
| भुकम्पको जोखिमको सम्मुखतामा रहेका वर्ग तथा समुदाय आंकलन गरी जोखिम न्युनीकरणका क्रियाकलाप सञ्चालन गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार | अल्पकालीन |

| | | | |
|---|---|---|---|
| भुकम्पबाट जोखिमयुक्त भौतिक पूर्वाधारहरुको जोखिम आंकलन तथा नक्साङ्कन गरी जोखिम न्युनीकरणका कार्यक्रम सञ्चालन गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| भुकम्प जोखिम सम्वेदनशील भुउपयोग classification र Zoning गर्ने गराउने | भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, नापी भिाग, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | दीर्घकालीन |

## ९) सडक दुर्घटना

| रणनीतिक क्रियाकलापहरु | जिम्मेवार निकाय | साधन श्रोत | समय सीमा |
|---|---|---|---|
| राजमार्ग तथा स्थानीय सडकहरुको elevation, मोडहरु र दुर्घटनाग्रस्त क्षेत्रहरु पहिचान गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश सरकार, विकास साझेदार, निजी क्षेत्र | अल्पकालीन |
| साना तथा ठूला गाडीहरुमा GPS (Global Positioning System) Vehicle Tracking system लाई प्रयोग गर्ने । | भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश प्रहरी कार्यालय | प्रदेश सरकार, निजी क्षेत्र | मध्यकालीन |
| सडकको प्रकार अनुसार सवारीको गति निर्धारण गरी कार्यान्वयन गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश प्रहरी कार्यालय | प्रदेश सरकार, स्थानीय तह | अल्पकालीन |
| सवारीको प्रकार अनुसार सवारी चालक अनुमति पत्र प्रदान गर्ने उमेर तथा मानसिक स्वास्थ्यको अवस्था परीक्षण गर्ने प्रणालीको विकास गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय, यातायात व्यवस्था विभाग | संघीय सरकार, प्रदेश सरकार | अल्पकालीन |
| सवारी साधनको अवस्था र सडक अनुमति पत्र प्रदान गर्ने प्रणालीमा पुनरावलोकन गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय, यातायात व्यवस्था विभाग | संघीय सरकार, प्रदेश सरकार | अल्पकालीन |
| सडक निर्माण गर्दा विपद जोखिम न्युनीकरणलाइ सुनिश्चित गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |

१०) औद्योगिक (रसायनिक, विकीरण, विष्फोट, इटाभट्टा) जोखिम

| रणनीतिक क्रियाकलापहरु | जिम्मेवार निकाय | साधन श्रोत | समय सीमा |
|---|---|---|---|
| औद्योगिक जोखिमको आंकलन, नक्साङ्कन र प्रकोप क्षेत्र पहिचान गर्ने | उद्योग विभाग, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार | मध्यकालीन |
| जोखिमयुक्त औद्योगिक पूर्वाधारहरुमा जोखिम न्युनीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह | मध्यकालीन |
| जलविद्युत डयामहरुको जोखिम आंकलन तथा नक्साङ्कन गरी जोखिम न्युनीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने गराउने | भौतिक पूर्वाधार विकास मन्त्रालय, जलश्रोत, सिंचाई तथा उर्जा मन्त्रालय, नेपाल विद्युत प्राधिकरण | संघीय सरकार, प्रदेश सरकार, निजी क्षेत्र, विकास साझेदार | अल्पकालीन |
| रसायनिक, विकीरण तथा धुँवाजन्य जोखिम आंकलन तथा नक्साङ्कन गरी जोखिम न्युनीकरणका कार्यक्रम सञ्चालन गर्ने | उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र, विकास साझेदार | अल्पकालीन |

११) अन्य प्रकोपः जनावर आतंक, डुंगा दुर्घटना, तुहिन चुडिनु, भीरबाट लड्नु लगायत ।

| रणनीतिक क्रियाकलापहरु | जिम्मेवार निकाय | साधन श्रोत | समय सीमा |
|---|---|---|---|
| जंगली जनावरबाट हुनसक्ने संभावित जोखिम तथा जोखिम क्षेत्रको आंकलन र नक्साङ्कन गर्ने | स्थानीय तह, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह | अल्पकालीन |
| सामुदायिक छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन गर्ने | स्थानीय तह, प्रदेश प्रहरी कार्यालय | प्रदेश सरकार, स्थानीय तह | अल्पकालीन |
| जमिनको भिरालोपन र त्यसमा गर्न सकिने जिविकोपार्जनका गतिविधि सम्बन्धी अध्ययन गर्ने | भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | मध्यकालीन |
| तुइनहरुको गणना र नक्साङ्कन गरी विस्थापन गर्ने | स्थानीय तह, भौतिक पूर्वाधार विकास मन्त्रालय, | प्रदेश सरकार, स्थानीय तह | अल्पकालीन |
| तल तलैयाहरुको गहिराइ मापन गरी जोखिम आँकलन र संरक्षण सम्बन्धी व्यवस्था गर्ने | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, स्थानीय तह | प्रदेश सरकार, स्थानीय तह | मध्यकालीन |

१२) बहुप्रकोप जोखिम न्युनीकरण

| रणनीतिक क्रियाकलापहरु | जिम्मेवार निकाय | साधन श्रोत | समय सीमा |
|---|---|---|---|
| जोखम सम्वेदनशील भूउपयोग योजना (risk sensitive landuse plan ) तयार गरी कार्यान्वयन गर्ने | शहरी विकास तथा भवन निर्माण विभाग, भौतिक पूर्वाधार विकास मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| अन्तर प्रदेश विपद सुचना आदान प्रदान गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार | अल्पकालीन |

## ५.२. बहुप्रकोप जोखिम आंकलनका लागि अन्तर निकाय समन्वय

एउटा विपदका कारणले गर्दा अर्को विपद्को घटना सृजना हुन सक्छ । विपदको असर तथा प्रभाव अन्तर सम्बन्धित रहेका देखिन्छन् । उदाहरणका लागि ठुलो वर्षात् पश्चात् बाढी, पहिरो, डुबान जोडिएर आउँछ । उपल्लो तटिय क्षेत्रमा परेको अविरल बर्षाका कारण तल्लो तटिय क्षेत्रमा बाढी तथा डुवानको जोखिम हुने गर्छ । एउटै ठूलो प्रकोपले भन्दा यसरी जोडिएर आउने सहायक प्रकोपले एकैपटकमा धेरै क्षति तथा नोक्सानी गर्दछ । यस्तो अवस्थामा निश्चित मापदण्डको आधारमा प्रकोपको स्तरीकरण गरी प्राथमिकता निर्धारण गर्न आवश्यक हुन्छ । त्यसैगरी एक भन्दा बढी निकाय तथा संघ संस्थाहरुका निकायगत क्षमता विज्ञता र श्रोत साधनको एकिकृत रुपमा उपयोग गर्नुपर्दछ । यस सन्दर्भमा बहुप्रकोप जोखिम आंकलनका लागि अन्तर निकाय समन्वयका लागि देहाय वमोजिमका रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएका छन् ।

| रणनीतिक क्रियाकलापहरु | जिम्मेवार निकाय | साधन श्रोत | समय सीमा |
|---|---|---|---|
| प्रदेश, जिल्ला र स्थानीय स्तरमा बहुप्रकोप जोखिम आंकलन तथा नक्साङ्कन गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, जिल्ला विपद व्यवस्थापन समिति, स्थानीय तह | स्थानीय तह, प्रदेश सरकार, विकास साझेदार | अल्पकालीन |
| साझा प्रादेशिक कार्यढाँचा प्रयोग गरी स्थानीय स्तरमा सहभागीतामूलक तरिकाबाट प्रकोपहरुको श्रृङखलाबद्ध प्रभाव (chain effect) का आधारमा सम्मुखता, संकटासन्नता एवं संवेदनशीलता आंकलन गरी जोखिम न्युनीकरणका लागि कार्यक्रम सञ्चालन गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | स्थानीय तह, प्रदेश सरकार, विकास साझेदार | दीर्घकालीन |

| | | | |
|---|---|---|---|
| वहुप्रकोप सम्मुखता, संकटासन्नता र जोखिम सम्बन्धी तथ्याङ्क संकलनमा एकरुपता कायम गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | मध्यकालीन |
| वहुप्रकोप जोखिम आंकलन तथा सो को जोखिम न्युनीकरणका लागि अन्तर स्थानीय तह, अन्तर जिल्ला, अन्तर प्रदेश र अन्तर देशीय समन्वय गर्ने | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | दीर्घकालीन |
| वहुप्रकोप सम्मुखता, संकटासन्नता र संवेदनशीलताका आधारमा जोखिम स्तरीकरण गर्दै जोखिम संवेदनशील भुउपयोग योजना तयार गरी कार्यान्वयन गर्ने | भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह | मध्यकालीन |

### ५.३. प्रभावकारी विपद व्यवस्थापन सूचना प्रणालीको विकास तथा सूचना प्रवाह

दीगो र प्रभावकारी तवरले विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनका लागि भरपर्दो र व्यवहारिक सूचना आवश्यक हुन्छ । यस्ता सूचनाहरुको संकलन, प्रशोधन, विश्लेषण, भण्डारण र प्रवाहको लागि परम्परागत तथा सूचना तथा सञ्चार माध्यम र आधुनिक प्रविधिको प्रयोग गर्नुपर्दछ । प्रदेशमा विपद व्यवस्थापन सूचना प्रणालीको एकिकृत तथा प्रभावकारी प्रयोगका लागि गृह मन्त्रालयले विकास गरेको विपद व्यवस्थापन सूचना प्रणालीलाई स्थानीयकरण गरी प्रदेश, जिल्ला र स्थानीय तहसम्म संस्थागत गरी सूचना तथा तथ्याङ्कको अनलाइन संकलन, प्रशोधन, विश्लेषण, भण्डारण र प्रवाह गर्नुपर्दछ । नेपालमा विपद प्रभावितहरुको वास्तविक क्षति तथा नोक्सानीको तथ्याङ्क संकलन गरी न्यायीक तथा उचित राहत, पुनर्लाभ तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्नु अत्यन्त कठिनाई रहेको छ । सरकारसँग घरपरिवारको विस्तृत विवरणहरु संलग्न गरी विकास गरिनुपर्ने एकीकृत डिजिटल डाटावेसको अभाव हुनु, जनप्रतिनिधिहरुमा निष्पक्ष भई कार्य गर्न नसक्नु, आमनागरिकमा नैतिक क्षयीकरण उच्च रुपमा बढ्दै जानु, गलत क्रियाकलाप गर्नेहरुलाई समाज तथा प्रशासनले ठिक ठाउँमा ल्याउन नसक्नु र आर्थिक, सामाजिक तथा भौगोलिक हिसाबले पनि कठिनाई रहेको कारण कानुन वमोजिम व्यवस्था गरिएको संयन्त्रले पनि प्रभावकारी रुपमा काम गर्न नसक्दा क्षति तथा नोक्सानीको वास्तविक तथ्याङ्क संकलन, विश्लेषण तथा उपयोग गर्न कठिनाई भएको छ । यसले विपद पश्चात्को राहत तथा पुनर्लाभ सम्बन्धी कार्य विवादित र ढिलो हुने गरेको यथार्थ हाम्रो सामु रहेको छ । प्रदेशमा विपद व्यवस्थापनका तथ्याङ्क, सूचना प्रवाह सम्बन्धी उल्लिखित समस्याहरु समाधान गरी एकीकृत, वास्तविक, द्रुत तथा भरपर्दो विपद जोखिम सूचना तथा तथ्याङ्क एवं क्षति तथा नोक्सानीको तथ्याङ्क संकलन, प्रशोधन, विश्लेषण तथा प्रवाह गर्ने क्षमता विकास गर्नुपर्ने आवश्यकता रहेको छ । प्रस्तुत सन्दर्भमा यस प्रदेशमा विपद व्यवस्थापन सूचना प्रणालीको विकास तथा सूचना प्रवाहको लागि देहायका रणनीतिक क्रियाकलापहरु अवलम्वन गरिनेछ ।

| रणनीतिक क्रियाकलापहरु | जिम्मेवार निकाय | साधन श्रोत | समय सीमा |
|---|---|---|---|
| प्रदेश र स्थानीय तहमा साझा तथ्याङ्क संकलन, प्रशोधन, विश्लेषण र आदान प्रदान गर्न गृह मन्त्रालयबाट तयार गरिएको Disaster Information Management System लाई प्रदेश तथा स्थानीय तहसम्म प्रभावकारी रुपमा उपयोग गर्न संस्थागत क्षमता विकास गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार | अल्पकालीन |
| प्रदेश र जिल्ला तहका आपतकालीन कार्यसञ्चालन केन्द्रहरुको संस्थागत क्षमता विकास गरी विपद व्यवस्थापन सम्बन्धी सबै सूचना तथा तथ्याङ्कको संकलनमा प्रभावकारी समन्वय, संकलित तथ्याङ्कको प्रशोधन, विश्लेषण, भण्डारण तथा प्रभावकारी सूचना प्रवाहका लागि सक्षम बनाउने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, DDMC, LDMC | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| मोवाइल एप्स, वेभसाइट, एसएमएस, रेडियो, टेलिभिजन एवं स्येटलाइट, रिमेट सेन्सिङ्ग जस्ता Space-based प्रविधिको प्रयोग गर्दै विपद पूर्वचेतावनी सम्बन्धी जानकारी तथा विपद जोखिम सम्बन्धी सूचना प्रवाह गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | मध्यकालीन |
| अन्तरदेशीय र अन्तरप्रदेश सूचना आदान प्रदान तथा प्रवाहका लागि समन्वय संयन्त्र निर्माण गर्ने | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | संघीय सरकार, प्रदेश सरकार | दीर्घकालीन |
| ठुला विपदका घटना भएको समयमा आम नागरिकमा विपद सही तथा तथ्यगत सूचना प्रकाशन तथा प्रशारणका लागि मिडिया क्षेत्रसँगको समन्वय र सहकार्य गर्ने संयन्त्र विकास गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | अल्पकालीन |
| विभिन्न भाषाभाषी, समुदाय, भौगोलिक क्षेत्रका उपभोक्ताको आवश्यकता अनुसार विपद सम्बन्धी सूचना तथा तथ्यांक संकलन, भण्डारण र प्रसारण गर्न स्थानीय तहमा सामुदायिक सूचना प्रणालीको विकास गर्ने | स्थानीय तह | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | मध्यकालीन |
| परम्परागत एवं स्थानीय ज्ञान र सीपका साथै आधुनिक बैज्ञानिक प्रविधिको प्रयोग गरी सूचना संकलन प्रणालीको विकास तथा उपयोग गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, स्थानीय तह | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | मध्यकालीन |

## ५.४. विपद जोखिम बारेको बुझाईका लागि बृहत सचेतना तथा क्षमता अभिवृद्धि

विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन बारेको बुझाईका लागि क्षमता अभिवृद्धि गर्न समुदाय, सरोकारवाला र नीति निर्माण तहमा योजनावद्ध पैरवी तथा सचेतना अभियान (Campaign) सञ्चालन गर्न आवश्यक छ । विपदका सवालहरुलाई विभिन्न प्रकारका क्षमता अभिवृद्धिका कार्यक्रमहरुमा एकिकृत गर्दै लैजानु पर्ने आवश्यकता छ । प्रदेशस्तरका तालिम केन्द्रहरुमा विषयवस्तु अनुसार विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन सम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरी प्रदेश सरकार, स्थानीय तहका गाउँपालिका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास गर्नुपर्ने छ । यसले विपद जोखिम न्युनीकारण तथा व्यवस्थपनाका सबै विषयहरु विकास योजना तथा कार्यक्रमहरुमा आन्तरिकीकरण तथा मुलप्रवाहीकरण गर्नका लागि ज्ञान, सिप तथा क्षमताको विकास हुन्छ । यस प्रदेशका मुख्य प्रकोपहरुमा केन्द्रित रही अध्यायन अनुसन्धान गरी जोखिम न्युनीकरणका कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । यी कार्यहरुलाई सम्बोधन गर्न तपसिल वमोजिमका रणनीतिक क्रियाकलापहरु तय गरिएका छन् ।

| रणनीतिक क्रियाकलापहरु | जिम्मेवार निकाय | साधन श्रोत | समय सीमा |
|---|---|---|---|
| विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनका क्षेत्रमा विधार्थीहरुलाई विद्यालय तहबाटै ज्ञान तथा सीप प्रदान गर्न पाठ्यक्रम निर्माण गरी पठनपाठन गर्ने व्यवस्था मिलाउने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सामाजिक विकास मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार | मध्यकालीन |
| विश्वविद्यालय तथा उच्च शिक्षाको तहमा विपद व्यवस्थापन सम्बन्धी अध्ययन हुने कोर्सहरुको पुनरावलोकन गरी नेपालको धरातलीय यथार्थ अनुरुपका प्रकोप, नयाँ प्रकोपहरुको पहिचान तथा व्यवस्थापन, विपद जोखिमको अवस्था, परम्परागत तथा आधुनिक ज्ञान, सीप तथा क्षमता विकास हुने गरी पाठ्यक्रम निर्माण, अध्ययन तथा अध्यापन गर्ने व्यवस्था मिलाउने | सामाजिक विकास मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | दीर्घकालीन |
| दश जना भन्दा बढी कामदार तथा कर्मचारीहरुले काम गर्ने सबै उद्योग तथा व्यावसायिक प्रतिष्ठानहरुलेआफ्ना कामदार तथा कर्मचारीहरुलाई आफ्नो उद्योग तथा व्यवसायिक प्रतिष्ठानमा बेलाबेलामा भैरहेका र हुनसक्ने विपद | सम्बन्धित उद्योग तथा व्यवसायिक प्रतिष्ठानहरु | निजी क्षेत्र, विकास साझेदार | अल्पकालीन |

| | | | |
|---|---|---|---|
| जोखिमहरुलाई समेटी वर्षको एक पटक विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन सम्बन्धी प्रशिक्षण तथा अभिमुखीकरण गराउने | | | |
| विभिन्न प्रशिक्षण केन्द्रहरु (प्रहरी तालिम केन्द्र, विभागीय तालिम केन्द्र, CTEVT आदि) को क्षमता अभिवृद्धि गरी सबै तालिम कार्यक्रमका प्रशिक्षार्थीहरुलाई विपद व्यवस्थापन सम्बन्धी सामान्य विषयवस्तुको प्रशिक्षण गर्ने व्यवस्था मिलाउने | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सरकार, विकास साझेदार | दीर्घकालीन |
| प्रदेश, जिल्ला र स्थानीय तहका जनप्रतिनिधिहरुका लागि विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चाल गर्ने | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| विपदमा न्युनतम यौन तथा प्रजनन स्वास्थ्य सेवा (Minimum Sexual and Reproductive Health Service-MISP) सुनिश्चित गर्न प्रदेश, जिल्ला र स्थानीय तहका स्वास्थ्य सेवा संयोजक, स्वास्थ्यकर्मीहरु, जनप्रतिनिधिहरु तथा सरोकारवालाहरुलाई क्षमता विकास तालिम तथा अभिमुखिकरण गर्ने | सामाजिक विकास मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| विपदमा लैंगिक हिंसा रोकथाम तथा व्यवस्थापन र लैंगिक समानता सम्बन्धी प्रदेश, जिल्ला र स्थानीय तहका सेवा प्रदायक, जनप्रतिनिधिहरु तथा सरोकारवालाहरुलाई अभिमुखिकरण गर्ने | सामाजिक बिकास मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| महामारीजन्य रोगहरुको पहिचान तथा आंकलन गरी त्यस्ता महामारीबाट बच्ने उपायहरुको बारेमा बृहत सचेतना कार्यक्रम सञ्चालन गर्ने | सामाजिक बिकास मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |

# अध्याय-६
# प्राथमिकता प्राप्त क्षेत्र २ः प्रदेश र स्थानीय तहमा विपद जोखिम शासकीय पद्धतिको सुदृढिकरण

**प्राथमिकता प्राप्त क्षेत्र २ः प्रदेश र स्थानीय तहमा विपद जोखिम शासकीय पद्धतिको सुदृढिकरण**

विपद जोखिमको प्रभावकारी र दीगो रुपले न्युनीकरण तथा व्यवस्थापन गरी उत्थानशीलता प्रवर्द्धन गर्नका लागि प्रदेश, जिल्ला र स्थानीय तहमा विपद जोखिम शासकीय पद्धतिको सुदृढिकरण हुन अति आवश्यक छ । विपद सम्बन्धी जोखिम स्थानीय गाउँ, टोल वस्ती देखि नै हुने हुनाले विकेन्द्रीत स्थानीय शासन पद्धतिको सुदृढिकरण र क्षमता अभिवृद्धि गर्नाले विपद उत्थानशील समुदायको लक्ष्य हासिल गर्न महत्वपूर्ण भूमिका खेल्दछ ।

यसका लागि प्रदेश, जिल्ला र स्थानीय तहमा संघीय विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन २०७४, नियमावली, २०७६, प्रदेश विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७५ सँग समेत समन्वय तथा तालमेल हुनेगरी संस्थागत संरचनाको विकास गर्न जरुरी छ । यी संरचनाहरु साधनस्रोत सम्पन्न, समावेशी, सक्षम, प्रभावकारी, पारदर्शी, जनउत्तरदायी, जोखिममा रहेका समुदाय प्रति संवेदनशील हुन आवश्यक छ । यी संरचनाहरुलाई आफ्नै योजना निर्माण, कार्यान्वयन, अनुगमन, मुल्याङ्कन तथा नियमित प्रतिवेदन प्रणालीको विकास गरी संचालन गर्नुपर्छ ।

प्रदेश, जिल्ला र स्थानीय तहमा सरकारी, निजी, गैरसरकारी संघसंस्थाले जोखिममा रहने समुदाय तथा समूहरुबीच तहगत रुपमा समन्वय गर्ने, भूमिका तथा जिम्मेवारी तोक्ने, सहकार्य गर्ने र संयुक्त क्रियाकलाप सञ्चालन गर्ने प्रणालीको स्थापना तथा सुदृढिकरण हुन आवश्यक छ । प्रदेश, जिल्ला, स्थानीय तहहरु बीच तहगत रुपमा भूमिका तथा जिम्मेवारीको बाँडफाँड, सूचना संकलन तथा प्रवाह, सरोकारवालाहरुको सहभागिता संयन्त्र निर्माण गरी उक्त संयन्त्रमा जोखिममा परेका समुदायको समावेशीता, पारदर्शीता, संयुक्त लगानी गर्ने वातावरण सृजना गर्न सक्षम तथा समावेशी प्रणालीको निर्माण गर्न आवश्यक छ । विपद जोखिम शासकीय पद्धतिको

सुदृढीकरणका लागि जोखिम व्यवस्थापन शासकीय पद्धतिको वृहत अवधारणालाई समावेश गर्दै देहाय वमोजिमका प्राथमिकता प्राप्त कार्यहरु तय गरिएका छन् ।

### ६.१.संस्थागत संरचनाहरुको स्थापना एवं सुदृढिकरण

नेपालको संविधान, विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन २०७४, विपद जोखिम न्युनीकरण राष्ट्रिय नीति २०७५, विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन नियमावली २०७६, जलवायु परिवर्तन नीति २०७६, राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, प्रदेश विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन तथा अन्य विषयगत ऐन तथा नीतिले निर्देशित गरेका संरचना र जिम्मेवारीलाई मध्यनजर गर्दै यस प्रदेशका लागि निम्न रणनीतिक क्रियाकलापहरु तय गरिएका छन् ।

| रणनीतिक क्रियाकलापहरु | जिम्मेवार निकाय | साधन श्रोत | समय सीमा |
|---|---|---|---|
| विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनमा संलग्न सरकारी निकायहरुको सांगठनिक संरचनाको पुनरावलोकन गरी सुदृढिकरण गर्ने | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | संघीय सरकार, प्रदेश सरकार | अल्पकालीन |
| प्रदेश विपद व्यवस्थापन परिषद्, प्रदेश विपद व्यवस्थापन कार्यकारी समिति गठन र संस्थागत सुदृढिकरण गर्ने | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | प्रदेश सरकार | अल्पकालीन |
| जिल्ला तथा स्थानीय तहमा गठित विपद व्यवस्थापन समितिहरुको संस्थागत क्षमता अभिबृद्धि गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | अल्पकालीन |
| विषयगत मन्त्रालय तथा निर्देशनालयहरु, स्थानीय तहमा विपद जोखिम सम्बन्धी शाखा तथा जिम्मेवार सम्पर्क व्यक्ति (Focal Person) तोक्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, स्थानीय तह | स्थानीय तह, प्रदेश सरकार | अल्पकालीन |
| विद्यालय, कलेज, विश्वविद्यालय, अस्पताल, रंगशालाहरुमा विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन इकाइ गठन गर्ने | सामाजिक विकास मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, | मध्यकालीन |
| प्रदेश, जिल्ला, स्थानीय तह तथा समुदाय स्तरमा स्वयंसेवक समूह एवं खोज तथा उद्धार टोली (Search and Rescue Team) गठन गरी सँस्थागत क्षमता विकास गर्ने | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, स्थानीय तह, रेडक्रस | स्थानीय तह, प्रदेश सरकार, विकास साझेदार | अल्पकालीन |

| | | | |
|---|---|---|---|
| प्रदेश, जिल्ला तथा स्थानीय स्तरमा आवश्यकता अनुसार बिषयगत क्षेत्र ( Cluster) अवधारणालाई कार्यान्वयन गर्न विपद व्यवस्थापन योजनाहरुमा समाहित गरी गठन गर्ने गराउने, | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, स्थानीय तह | स्थानीय तह, प्रदेश सरकार | अल्पकालीन |
| सडक दुर्घटना न्युनीकरण गर्न प्रदेश तथा स्थानीय सडक सुरक्षा समिति गठन गर्ने | भौतिक पुर्वाधार विकास मन्त्रालय | प्रदेश सरकार | दीर्घकालीन |

## ६.२. कानुनी तथा नियामक संरचनाको निर्माण

विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने सबै निकाय तथा संस्थाहरुको प्रभावकारी व्यवस्थापन तथा परिचालनका लागि आवश्यक कानुनी तथा संस्थागत व्यवस्था गर्न आवश्यक छ । यसका लागि प्रदेश र स्थानीय तहमा समयानुकुल कानुनी र संस्थागत संरचनाहरुको निर्माण गर्दै जानुपर्ने आवश्यकता छ । यो प्राथमिकता प्राप्त कार्यलाई सम्बोधन गर्न यस प्रदेशमा तपसिल वमोजिम रणीनीतिक क्रियाकलापहरु निर्धारण गरिएका छन् ।

| रणनीतिक क्रियाकलापहरु | जिम्मेवार निकाय | साधन श्रोत | समय सीमा |
|---|---|---|---|
| प्रदेश र स्थानीय स्तरमा विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन सम्बन्धी कानुन तथा रणनीतिक कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, स्थानीय तह | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | मध्यकालीन |
| प्रदेश तथा स्थानीय तहको बहुप्रकोप जोखिम आंकलन तथा नक्सांकनका लागि कार्यविधि निर्देशिका तयार गर्ने, | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| विभिन्न संरचनाहरु जस्तै विद्यालय, अस्पताल, सपिङ्ग मल, रंगशाला, औद्योगिक प्रतिष्ठान, सिनेमा हल आदिको सुरक्षा तथा निस्कासन (safety and evacuation) योजना तयार गर्ने गराउने | भौतिक पूर्वाधार विकास मन्त्रालय, सामाजिक विकास मन्त्रालय, स्थानीय तह | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार, निजी क्षेत्र | मध्यकालीन |
| विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनका क्षेत्रमा निजी क्षेत्र तथा सहकारी क्षेत्रको लगानी अभिबृद्धि गर्न प्रचलित कानुनी तथा नीतिगत प्रावधानहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने | आर्थिक मामिला तथा योजना मन्त्रालय, स्थानीय तह | प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र, विकास साझेदार | दीर्घकालीन |

| | | | |
|---|---|---|---|
| स्थानीय तहले बार्षिक बजेटको कम्तीमा ५% प्रत्यक्ष बजेट विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनमा विनियोजन गर्ने, | स्थानीय तह | स्थानीय तह | अल्पकालीन |
| विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन सम्बन्धी तथ्याङ्क संकलन, विश्लेषण तथा आदान प्रदान सम्बन्धी मापदण्ड एवं कार्यविधि तयार गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सरकार, विकास साझेदार | अल्पकालीन |
| स्थानीय तहमा विपद व्यवस्थापन कोष परिचालन निर्देशिका तयार गरी विपद व्यवस्थापन कोषको रकमलाई राहत वितरणमा मात्र प्रयोग नगरी विपद रोकथाम, पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभमा प्रयोग गर्ने | स्थानीय तह | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | मध्यकालीन |
| क्षेत्रगत विकास योजना तथा कार्यक्रममा विपद जोखिम न्युनीकरणलाई मूलप्रवाहीकरण गर्न मुलप्रवाहीकरण निर्देशिका तयार गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| राष्ट्रिय भवन संहितालाई स्थानीय स्तरमा प्रभावकारी रुपमा कार्यान्वयन गर्न भौगोलिक क्षेत्र अनुसारको विनियम तथा मापदण्ड निर्माण गर्ने, र Electronic Building Permit System लागू गर्ने | भौतिक पुर्वाधार विकास मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | मध्यकालीन |
| जोखिम संवेदनशील पूर्वाधारहरुको जोखिम विश्लेषण गरी प्रबलीकरण (retrofitting) गर्न कार्यविधि तर्जुमा गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार | मध्यकालीन |
| आपतकालीन आश्रय स्थलहरुमा विभिन्न वर्ग र समुदाय माथि हुने विभेद, लैङ्गिक हिंसा आदिको रोकथाम गर्न संरक्षण निर्देशिका निर्माण गरी कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालय, स्थानीय तह | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | मध्यकालीन |
| स्थानीय तहमा विपद प्रतिकार्यका लागि विपद स्वयंसेवक समूह गठन गरी संस्थागत क्षमता विकास गर्न स्वयंसेवक मार्गदर्शन तयार गरी कार्यान्वयनमा ल्याउने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| विपद व्यवस्थापनको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरुको लगानी र प्रयत्नलाई परिणाममुखी बनाउन र विपद प्रतिकार्यको समयमा स्वपरिचालन हुन सहज बनाउन गैरसरकारी संस्थाहरुको | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |

| | | | |
|---|---|---|---|
| परिचालन सम्बन्धी कार्यविधि तयार गरी लागु गर्ने | | | |
| विपद पश्चात्को जल, स्थल र हवाई खोज तथा उद्धार मार्गदर्शन तयार गरी लागू गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सरकार, विकास साझेदार | अल्पकालीन |
| विपद जोखिम न्यूनीकरण र व्यवस्थापनमा विशेष योगदान पुऱ्याउने सरकारी, गैरसरकारी वा निजी क्षेत्रका व्यक्ति तथा संस्थाहरुलाई उत्प्रेरित गर्न प्रोत्साहन निर्देशिका बनाई कार्यान्वयन गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सरकार, विकास साझेदार | दीर्घकालीन |
| जोखिम आंकलनको आधारमा प्रमुख नदि वेसीन तथा जलाधार व्यवस्थापनका लागि चुरे संरक्षण गुरुयोजना तयार गरी लागू गर्ने | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार | मध्यकालीन |
| जलवायु परिवर्तनजन्य जोखिम अनुकुलन हुने कृषि प्रणाली विकास संबन्धी कार्यविधि तयार गर्ने | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | प्रदेश सरकार, विकास साझेदार | मध्यकालीन |
| विपदको समयमा मरेका पशुपंक्षीको शव व्यवस्थापन सम्बन्धी कार्यविधि तयार गर्ने | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | प्रदेश सरकार, विकास साझेदार | मध्यकालीन |
| राहत सामाग्रीहरुको उचित व्यवस्थापन ( भण्डारण र वितरण) का लागि गोदामघर व्यवस्थापन तथा सञ्चालन मापदण्ड बनाई लागू गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सरकार, विकास साझेदार | अल्पकालीन |
| पूर्वाधार निर्माणमा हेभी इक्वीपमेन्ट परिचालन सम्बन्धी कार्यविधि तयार गरी लागू गर्ने, | भौतिक पूर्वाधार विकास मन्त्रालय, स्थानीय तह | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | मध्यकालीन |
| छाडा पशु चौपाया व्यवस्थापन कार्यविधि तयार गरी लागू गर्ने | स्थानीय तह | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| विपद पश्चात्को फोहोर (डेब्री) व्यवस्थापन कार्यविधि तयार गरी कार्यान्वयन गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सरकार, विकास साझेदार | मध्यकालीन |
| विपदका समयमा परिचालन भएका निजी तथा सार्वजनिक सवारी साधन तथा सवारी साधनको क्षतिपूर्ति दिनका लागि मुल्य निर्धारण तथा क्षतिपूर्ति प्रदान गर्ने सम्बन्धी कार्यविधि तयार गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सरकार, विकास साझेदार | मध्यकालीन |

| | | | |
|---|---|---|---|
| महामारीका समयमा आवश्यक हुने आइसोलेशन तथा क्वारेन्टाइन व्यवस्थापन निर्देशिका तयार गरी लागू गर्ने | सामाजिक विकास मन्त्रालय | प्रदेश सरकार, विकास साझेदार | अल्पकालीन |
| प्रदेश तथा स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र सञ्चालन कार्यविधि तयार गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| शव व्यवस्थापन निर्देशिका तयार गरी लागू गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सरकार, विकास साझेदार | अल्पकालीन |
| रक्त सञ्चार, दमकल, एम्बुलेन्स, शव वाहन जस्ता आपतकालीन सेवाहरुको व्यवस्थापन सम्बन्धी निर्देशिका तयार गरी लागू गर्ने | सामाजिक विकास मन्त्रालय | प्रदेश सरकार, विकास साझेदार | अल्पकालीन |
| उत्थाशील पूर्वाधार निर्माणका लागि अझ बलियो र राम्रो बनाऔं अवधारणालाई व्यवहारिक रुपमा कार्यान्वयनमा ल्याउन कार्यविधि तयार गर्ने, | भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | मध्यकालीन |
| Incident Command प्रणाली सञ्चालन कार्यविधि तयार गरी लागू गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | मध्यकालीन |
| खुला स्थानको पहिचान तथा व्यवस्थापन मार्गदर्शन तयार गरी लागू गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | मध्यकालीन |
| अस्पतालको ल्याव र अन्य ल्यावका लागि बायोसेफ्टी मार्गदर्शन तयार गरी लागू गर्ने | सामाजिक विकास मन्त्रालय | प्रदेश सरकार, विकास साझेदार | अल्पकालीन |

### ६.३ विपद जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि, सहकार्य र साझेदारी

प्रदेश, जिल्ला र स्थानीय तहमा सरकारी निकाय, गैरसरकारी संस्था, निजी क्षेत्र र समुदायबीच समन्वय, सहकार्य एवं संयुक्त क्रियाकलाप सञ्चालन गर्न क्षमता विकास हुन आवश्यक छ । यी संरचनाहरु बीच द्विपक्षीय तथा बहुपक्षीय लगानी र परियोजना सञ्चालन हुने संयन्त्र विकास गरी संचालन गर्नुपर्छ । यो प्राथमिकता प्राप्त कार्यलाई सम्बोधन गर्न यस प्रदेशमा तपसिल वमोजिमका रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएका छन् ।

| रणनीतिक क्रियाकलापहरु | जिम्मेवार निकाय | साधन श्रोत | समय सीमा |
|---|---|---|---|
| प्रदेश जिल्ला तथा स्थानीय तहका विपद व्यवस्थापन समिति, अत्यावश्यक सेवा प्रदायक निकाय र सुरक्षा निकायलाई आर्थिक, भौतिक तथा मानवीय साधनश्रोतयुक्त बनाउने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सामाजिक विकास मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| प्रदेश र स्थानीय तहमा विपद जोखिम सुशासनका लागि संस्थागत क्षमता अभिवृद्धि गर्ने | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार, | अल्पकालीन |
| प्रदेश तथा स्थानीय तहमा विपद व्यवस्थापनमा संलग्न सरकारी, गैरसरकारी संस्था, निजी क्षेत्र, रेडक्रस अभियानका अंगहरु सम्मिलित प्रादेशिक विपद जोखिम न्युनीकरण संजाल (Provincial Disaster Risk Reduction Platform) स्थापना गरी विपद जोखिम न्युनीकरणमा लगानी प्रबर्द्धन गर्ने तथा विपद व्यवस्थापनमा समन्वय प्रभावकारी बनाउने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र, विकास साझेदार | मध्यकालीन |
| अन्तर स्थानीय तह, अन्तरप्रदेश तथा अन्तरदेशीय मञ्चहरु मार्फत् विपद सूचना प्रवाह, असल अभ्यास आदान प्रदान एवं सिकाईलाई प्रबर्द्धन गर्ने, | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र, विकास साझेदार | दीर्घकालीन |
| प्रदेश तथा स्थानीय तहको समग्र तथा क्षेत्रगत आवधिक तथा वार्षिक योजना तथा विकास कार्यक्रमहरुमा विपद जोखिम न्युनीकरणलाई समाहित गर्न मुलप्रवाहीकरण मार्गदर्शन तयार गरी लागू गर्ने | आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |

## ६.४. विपद जोखिम न्युनीकरणमा समावेशीताको सुनिश्चितता

विपदबाट सबै मानिसहरु एकै प्रकारले जोखिममा रहेका हुँदैनन् । महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, थारु समुदाय, अशक्त तथा अपाङ्गता भएका व्यक्ति, सिमान्तकृत वर्ग तथा समुदाय अन्य भन्दा बढी विपदको जोखिममा रहेका हुन्छन् । विपद जोखिम शासकीय पद्धतिमा

यी समुहहरुको पहुँच, प्रतिनिधित्व र अर्थपूर्ण सहभागिता गराइ समावेशीता सुनिश्चित गर्नुपर्ने आवश्यकता रहेको छ । यस्ता समुहहरुको आवश्यकता अनुसार उनीहरुले पाउने लाभको सुनिश्चितता गर्न पनि विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन समितिहरु लगायत संस्थागत रुपमा गठन हुने सबै संयन्त्रहरुमा यी समुहहरुको संलग्नता आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएका छन् ।

| **रणनीतिक क्रियाकलापहरु** | **जिम्मेवार निकाय** | **साधन श्रोत** | **समय सीमा** |
|---|---|---|---|
| विपदको जोखिममा रहेका महिला, किशोरी, बालबालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्तिहरु लगायत सीमान्तकृत वर्ग तथा समुदायको लागि विशेष योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालय, स्थानीय तह | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | मध्यकालीन |
| प्रदेश, जिल्ला तथा स्थानीय तहमा निर्माण हुने वा भएका संस्थागत संरचनाहरुमा महिला, किशोरी, बालवालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्तिहरु लगायत सीमान्तकृत वर्ग तथा समुदायको प्रतिनिधित्व, अर्थपूर्ण सहभागीता तथा पहुँच बृद्धि गर्ने | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, स्थानीय तह | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | मध्यकालीन |
| विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी नीति, योजना, तथा कार्यकम तर्जूमा गर्दा महिला, किशोरी, बालवालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्तिहरु लगायत सीमान्तकृत वर्ग तथा समुदायको अर्थपूर्ण सहभागीता सुनिश्चित गर्ने | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, स्थानीय तह | प्रदेश सरकार, स्थानीय तह | अल्पकालीन |
| महिला, किशोरी, वृद्धवृद्धा, वालवालिका, अपाङ्ग, दलित, थारु, लैंगिक अल्पसंख्यक लगायत अन्य संकटन्मुख समुहसँग जोखिम सूचना साझेदारी गरी विपद जोखिम सम्बन्धी सूचनामा पहुँच अभिवृद्धि गर्ने | सामाजिक विकास मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, स्थानीय तह | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| विपद व्यवस्थापन सम्बन्धी | सामाजिक विकास | प्रदेश सरकार, | अल्पकालीन |

| | | | |
|---|---|---|---|
| विभिन्न क्षमता विकास कार्यक्रमहरुमा महिला, किशोरी, बालवालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्तिहरु लगायत सीमान्तकृत वर्ग तथा समुदायको सहभागीता सुनिश्चित गर्ने | मन्त्रालय, स्थानीय तह | स्थानीय तह, विकास साझेदार | |
| महिला, किशोरी, बालवालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्तिहरु लगायत सीमान्तकृत वर्ग तथा समुदायको आवश्यकतालाई मध्यनजर गरी सामग्री व्यवस्थापन तथा राहत वितरण गर्ने गरी प्रादेशिक राहत मापदण्ड तयार गरी लागू गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सरकार, विकास साझेदार | अल्पकालीन |
| महिला, किशोरी, बालबालिका, ज्येष्ठ नागरिक, दलित, थारु, लैंगिक अल्पसंख्यक, अशक्त तथा अपाङ्गता भएका व्यक्ति लगायत अन्य जोखिममा रहेका समुदायहरुलाई विपद रोकथाम, पूर्वसूचना, पूर्वतयारी, पुनर्लाभ तथा पुनर्निर्माणका क्षेत्रमा पहुँच तथा क्षमता अभिवृद्धि गर्ने | सामाजिक विकास मन्त्रालय, स्थानीय तह | प्रदेश सरकार, स्थानीय तह | दीर्घकालीन |

# अध्याय-७
# प्राथमिकता प्राप्त क्षेत्र :३ विपद जोखिम न्यूनीकरणका लागि उत्थानशीलता अभिवृद्धि गर्न वृहत्तर जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्द्धन

**प्राथमिकता प्राप्त क्षेत्र :३ विपद जोखिम न्यूनीकरणका लागि उत्थानशीलता अभिवृद्धि गर्न वृहत्तर जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्द्धन**

बदलिँदो आर्थिक, सामाजिक र वातावरणीय परिवेशमा विपद जोखिम व्यवस्थापन अत्यन्त महँगो हुदै गइरहेको छ । यस्तो अवस्थामा भइरहेको र नयाँ आउन सक्ने प्रकोपहरुबाट सृजना हुने विपद जोखिम न्युनीकरणमा लगानी गर्नाले विपद रोकथाम, पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ तथा पुनर्स्थापनामा चाहिने रकमको व्यवस्थापन गर्न ठूलो मद्धत गर्दछ । संयुक्त राष्ट्र संघको एउटा तथ्याङ्क अनुसार विपद जोखिम न्यूनीकरणमा खर्च गरिने एक डलरले चार देखि सात डलर बचाउँछ । सार्वजनिक र निजी क्षेत्रले महत्वपूर्ण सार्वजनिक संरचनात्मक (विद्यालय, सडक, स्वास्थ्य चौकी, पूल जस्ता पूर्वाधारहरु) र गैर संरचनात्मक (गरिवी निवारण, जिवीकोपार्जन, आय आर्जन, सशक्तिकरण) उपायहरु मार्फत् विपद जोखिम न्युनीकरणमा गरिने लगानीले व्यक्ति, समुदाय, राष्ट्रको सम्पत्ति र आर्थिक सामाजिक, स्वास्थ्य, सस्कृतिक र वातावरणीय उत्थानशीलता अभिवृद्धि गर्न मद्धत गर्दछ । यस्तो लगानीले नविनता प्रवर्द्धन, उत्पादन वृद्धि र रोजगार सृजना गर्दछ । साथै विपदमा गरिने निजी तथा सार्वजनिक लगानीले जीउधनको रक्षा, क्षति न्यनीकरण, मृत्यु तथा घाइते हुनेको संख्यामा उल्लेख्य कटौती गर्नुका साथै प्रभावकारी विपद प्रतिकार्य, पुनर्लाभ र पुनर्स्थापनाका लागि दीगो तथा भरपर्दो श्रोतको सुनिश्चितता प्रदान गर्छ ।

भौतिक सम्पत्तिको विपद विमा, पशु तथा बाली विमा जस्ता विपद जोखिम हिस्सेदारी तथा जोखिम हस्तान्तरण गर्ने वैकल्पिक लगानी संयन्त्र मार्फत् विपद व्यवस्थापनमा सार्वजनिक क्षेत्रबाट हुने लगानीको न्युनीकरण गर्दै निजी लगानीको प्रबर्द्धन गरी प्रभावकारी र दीगो विपद जोखिम न्युनीकरणमा मद्धत गर्दछ । विपद जोखिम विमा, लघु विमा, दुर्घटना विमा, घर विमा, सम्पत्ति विमा, समूह वीमा, सामाजिक सुरक्षा आदिले गरिव, अपांगता भएका व्यक्ति, दलित, सीमान्तकृत, लोपोन्मुख, संकटासन्न अवस्थामा रहेका र अन्य विपद जोखिममा पर्न सक्ने संभाव्य व्यक्तिको जोखिम न्युनीकरण गरी उत्थानशील समुदाय निर्माण गर्न ठूलो टेवा पुऱ्याउँछ । यसका लागि Forecast-based Financing लगायत विभिन्न प्रकारका नवप्रवर्तनमुखी वित्तीय

संयन्त्रहरुको विकास तथा प्रयोग गर्न आवश्यक छ । विपद जोखिम न्युनीकरणमा All of the Society Approach आएकोले सरकारी, निजी, गैरसरकारी निकाय तथा संघसंस्था र आम नागरिकको समेत जिम्मेवारी र उत्तरदायित्व भएकोले सार्वजनिक, निजी तथा व्यक्तिगत लगानी सहज हुने संयन्त्र विकास हुन आवश्यक छ ।

### ७.१ उत्थानशीलता अभिवृद्धिमा लगानी प्रवर्द्धन

विपद जोखिम उत्थानशीलता अभिवृद्धिका लागि संरचनात्मक र गैरसंरचनात्मक उपायहरु मार्फत् समुदायको विपद जोखिम उत्थानशीलता अभिवृद्धि हुने क्षेत्रमा लगानी प्रवर्द्धन गर्नु पर्दछ । गरीबी निवारण, जीविकोपार्जन, सशक्तिकरण, सामाजिक परिचालन, समुह निर्माण र सञ्जालीकरण, पूर्वाधार विकास तथा सवलीकरण, विपद जनचेतना अभिवृद्धि, प्राकृतिक श्रोतको दीगो उपयोग र व्यवस्थापन, जोखिम संवेदशील भूउपयोग योजना, Risk Informed Development Approach का क्षेत्रहरुमा सार्वजनिक तथा निजी लगानी अभिबृद्धि गरी व्यवहारिक रुपमा कार्यान्वयनमा ल्याउनाले उत्थानशील समुदाय, समाज तथा प्रदेश निर्माण गर्नुका साथै दीगो विकासका लक्ष्यहरु हासिल गर्न मद्दत पुर्‍याउँछ । यस सन्दर्भमा यस प्रदेशमा उत्थानशीलता अभिवृद्धिमा लगानी प्रवर्द्धन गर्ने निम्न रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएका छन् ।

| रणनीतिक क्रियाकलापहरु | जिम्मेवार निकाय | साधन श्रोत | समय सीमा |
|---|---|---|---|
| नवप्रवर्तनमुखी लगानी संयन्त्रको उपयोग हुने गरी विपद जोखिम न्युनीकरणका लागि सार्वजनिक तथा निजी लगानी संयन्त्रको विकास गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार | दीर्घकालीन |
| प्रकोपहरुको निरन्तर आंकलन, अनुगमन (Real Time Surveillance System) तथा सुचना प्रवाहको क्षेत्रमा लगानी वृद्धि गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार | दीर्घकालीन |
| जोखिमयुक्त वर्ग तथा समुदायको स्वास्थ्य, शिक्षा, आयआर्जन, सामाजिक सुरक्षा, खानेपानी तथा सरसफाई, जीविकोपार्जन लगायतका गतिविधिहरुमा लगानी अभिबृद्धि गर्ने | आर्थिक मामिला तथा योजना मन्त्रालय र स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | मध्यकालीन |
| आर्थिक रुपले विपन्न, विपद जोखिममा रहेका र पर्नसक्ने व्यक्ति घरपरिवार वा समुदायको सीप | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |

| | | | |
|---|---|---|---|
| विकास, उद्यमशीलता प्रबर्द्धन, लघु तथा घरेलु उद्यम मार्फत् स्वरोजगार सृजना गर्ने क्षेत्रमा लगानी अभिबृद्धि प्रबर्द्धन गर्ने | | | |
| आपतकालीन सेवा प्रदायक (एम्बुलेन्स, वारुणयन्त्र, रक्तसञ्चार सेवा, अस्पताल लगायत)को क्षमता अभिवृद्धि तथा संरचनाहरुको प्रबलीकरणमा लगानी गर्ने | सामाजिक विकास मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | मध्यकालीन |
| सडक दुर्घटना न्युनीकरणका उपायहरु अबलम्बन गर्दै सडक पूर्वाधार निर्माण गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| ऐतिहासिक तथा साँस्कृतिक सम्पदा, भवन, दरबार, कोटहरुको संरक्षण र मर्मत संभारमा लगानी अभिबृद्धि गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| विपद जोखिम उत्थानशील विधालय भवन निर्माण तथा प्रबलीकरणका लगानी गर्ने | सामाजिक विकास मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | दीर्घकालीन |
| नयाँ संरचना निर्माण गर्दा विपदको जोखिमलाई न्युनीकरण गर्ने प्रविधिको प्रयोग गरी निर्माण गर्न तथा जोखिमयुक्त संवेदनशील पूर्वाधारहरुको प्रबलीकरण गर्न लगानी बढाउने | भौतिक पूर्वाधार विकास मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| सार्वजनिक संरचनाहरुलाई अपाङ्गमैत्री बनाउन लगानी प्रबर्द्धन गर्ने | सामाजिक विकास मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह | अल्पकालीन |
| सम्भाव्य जोखिमयुक्त हिमताल विष्फोटन हुनबाट रोक्न जोखिम न्युनीकरणका लागि लगानी बढाउने | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | दीर्घकालीन |
| आगलागी तथा वन डढेलो नियन्त्रणका लागि आवश्यक उपकरण, प्रविधि र प्राविधिक जनशक्ति विकासका लागि लगानी बढाउने | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| विमानस्थलहरुलाई प्रकोप जोखिम उत्थानशील बनाउन लगानी प्रबर्द्धन गर्ने | नागरिक उड्डयन प्राधिकरण | संघीय सरकार | अल्पकालीन |
| ताल, पोखरी तथा सीमसारहरुको | उद्योग, पर्यटन, वन | संघीय सरकार, प्रदेश | मध्यकालीन |

| | | | |
|---|---|---|---|
| संरक्षण, सम्वर्द्धन र उपयोग गर्ने कार्यमा लगानी बढाउने | तथा वातावरण मन्त्रालय, स्थानीय तह | सरकार, स्थानीय तह, विकास साझेदार | |
| विधुत ड्याम, तटबन्ध, जलासय, चेकबाधको जोखिम न्युनीकरण गर्न लगानी प्रबर्द्धन गर्ने, | भौतिक पूर्वाधार विकास मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार, विधुत प्राधिकरण, निजी क्षेत्र | दीर्घकालीन |
| पहिरो जोखिम न्युनीकरणका लागि संरचनात्मक प्रविधी अवलम्बन गर्ने | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| जलवायु स्मार्ट गाउँ तथा शहरहरु विकास र अनुकुलित कृषि र जीविकोपार्जन प्रणाली प्रवर्द्धन गर्ने, | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | मध्यकालीन |
| खुला स्थानको पहिचान तथा आवश्यक पूर्वाधार विकास, , गोदामघर, सुरक्षित आपतकालीन आश्रयस्थल, आपतकालीन कार्यसञ्चालन केन्द्र, बहुप्रकोप पूर्वचेतावनी प्रणालीको विकास तथा उपयोगमा लगानी वृद्धि गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| कृषि क्षेत्रमा जैविक प्रविधिको उपयोग गर्न लगानी प्रबर्द्धन गर्ने | भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | दीर्घकालीन |

### ७.२. विपद जोखिम न्युनीकरणमा सार्वजनिक लगानी अभिवृद्धि

प्रदेश, जिल्ला तथा स्थानीय तहका सार्वजनिक निकायहरुले आवधिक तथा वार्षिक योजनाहरुको तर्जूमा गर्दा विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनका लागि निश्चित प्रतिशतमा बजेट विनियोजन गर्नु आवश्यक रहेको छ । प्रदेश, जिल्ला तथा स्थानीय तहहरुमा कानुन वमोजिम विपद व्यवस्थापन कोषको स्थापना भैसकेपनि त्यो कोषमा पर्याप्त रकमको व्यवस्था गर्नुका साथै त्यसबाट विपद व्यवस्थापनका चारैवटा चक्रहरुमा लगानी गर्नुपर्ने आवश्यकता छ । यसका लागि यस प्रदेशमा तपसिल वमोजिमका रणनीतिक क्रियाकलापहरु तय गरिएका छन् ।

| रणनीतिक क्रियाकलापहरु | जिम्मेवार निकाय | साधन श्रोत | समय सीमा |
|---|---|---|---|
| वार्षिक वजेटमा विपद कोड तयार गरी वजेट प्रणालीमा समावेश गर्ने | आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | अल्पकालीन |
| प्रदेश सरकार र स्थानीय तहहरुले वार्षिक प्रत्यक्ष वजेटको कम्तीमा पाँच प्रतिशत बजेट विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनका लागि छुट्याउने व्यवस्था गर्ने | आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | मध्यकालीन |
| विपद जोखिम न्युनीकरण गर्ने गरी सार्वजनिक पूर्वाधार निर्माण गर्ने, | भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | अल्पकालीन |
| ठुला विपदका घटना भई विपद संकटग्रस्त क्षेत्र घोषणा भएको अवस्थामा जुनसुकै विकास विकास कार्यक्रमको वजेटबाट विपद प्रतिकार्य, पुनर्लाभ, पुनर्स्थापना तथा पुननिर्माणमा खर्च गर्न सकिने गरी वजेट रकमान्तरको कानुनी प्रक्रियालाई सरलीकरण गर्ने | आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेश सरकार | अल्पकालीन |

### ७.३. विपद जोखिम न्युनीकरणमा निजी लगानी प्रवर्द्धन

निजी क्षेत्रको विपद जोखिम न्युनीकरणका लागि उद्योग प्रतिष्ठानको सम्पत्ति क्षति घटाई लगानीको संरक्षण गर्नुपर्ने आवश्यकता छ । निजी  क्षेत्रको उद्योग व्यावसायलाई उत्थानशील बनाउन विपद जोखिम आंकलन गरी जोखिम न्युनीकरणका उपायहरु अबलम्बन गर्दै व्यवसाय निरन्तरता योजना बनाई कार्यान्वयनमा ल्याउन सके विपदका समयमा पनि व्यवसायको निरन्तरता हुने, सर्वसाधारणलाई वस्तु तथा सेवाको उपलब्धता पनि सुनिश्चित हुने र समग्रमा सम्पत्तिको क्षति उल्लेख्य मात्रामा कमी आउँछ । त्यसैले विपद जोखिम न्युनीकरणका लागि सार्वजनिक लगानीमा मात्र निर्भर नभई All of the Society Approach को मर्म अनुसार आफ्नो समेत दायित्व निर्वाह गर्न र सामाजमा उत्तरदायी व्यापारका लागि जोखिम न्युनीकरणको क्षेत्रमा निजी क्षेत्रबाट पनि लगानी बढाउनुपर्छ । यसर्थ निजी क्षेत्रले विपद जोखिम न्युनीकरणमा लगानी बढाउन खोज्दा सरकारले सहज वातावरण वनाउनुका साथै विभिन्न प्रोत्साहनका कार्यक्रम समेत कार्यान्वयनमा ल्याउनुपर्छ ।  यसका लागि तपसिल वमोजिमका रणनीतिक क्रियाकलापहरु तय गरिएका छन् ।

| रणनीतिक क्रियाकलापहरु | जिम्मेवार निकाय | साधन श्रोत | समय सीमा |
|---|---|---|---|
| विपद रोकथाम तथा विपद जोखिम अल्पीकरण, पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ एवं पुनर्निर्माणका क्षेत्रमा निजी क्षेत्रको लगानी वृद्धि गर्ने वातावरण सृजना गर्ने | आर्थिक मामिला तथा योजना मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह | मध्यकालीन |
| व्यापार व्यवसाय तथा उद्योग प्रतिष्ठानले विपदको समयमा पनि व्यवसाय सुचारु बनाई वस्तु तथा सेवाको उपलब्धता गराउन व्यावसाय निरन्तरता योजना (Business Continuity Plan) बनाइ कार्यान्वयन गर्ने गराउने | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | दीर्घकालीन |
| विपद जोखिम न्युनीकरणका लागि नवप्रवर्तनमुखी वित्तीय साधनहरु (Innovative Financial Instrument) को विकास तथा प्रवर्द्धन गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सरकार, निजी क्षेत्र, विकास साझेदार | दीर्घकालीन |
| विपद उत्थानशील प्रविधि प्रवर्द्धनमा लगानी गर्न प्रोत्साहन गर्ने | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | प्रदेश सरकार, निजी क्षेत्र, विकास साझेदार | दीर्घकालीन |
| विपद प्रभावित व्यक्ति तथा समुदायलाई लघुवित्त, निर्व्याजी ऋण, सशर्त/निशर्त एवं नगद हस्तान्तरणका साथै जोखिम हस्तान्तरण प्रबर्द्धन गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सरकार, निजी क्षेत्र, विकास साझेदार | दीर्घकालीन |
| उद्योग वाणिज्य संघहरुलाई व्यवसायलाई उत्थानशील बनाउन विपद जोखिम न्युनीकरणमा लगानी गर्न प्रोत्साहित गर्ने | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | प्रदेश सरकार, निजी क्षेत्र, विकास साझेदार | दीर्घकालीन |
| विपद जोखिम व्यवस्थापनमा निजी क्षेत्रको विज्ञतालाई संस्थागत रुपमा उपयोग गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, स्थानीय तह | प्रदेश सरकार, स्थानीय तह | अल्पकालीन |
| १० जना भन्दा बढी कार्यरत उद्योग प्रतिष्ठानले वार्षिक रुपमा आफ्ना कामदार कर्मचारीलाई Mock Drill गराउनुपर्ने | सम्बन्धित उद्योग प्रतिष्ठान | निजी क्षेत्र, विकास साझेदार | मध्यकालीन |
| १० जना भन्दा बढी कार्यरत उद्योग प्रतिष्ठानले अनिवार्य रुपमा Emergency Exit Door को व्यवस्था गर्नुपर्ने | सम्बन्धित उद्योग प्रतिष्ठान | निजी क्षेत्र, विकास साझेदार | मध्यकालीन |

| | | | |
|---|---|---|---|
| ठूला व्यवसायिक भवन तथा सपीङ मलमा आगलागी नियन्त्रणका लागि क्रमशः Water Sprinkler System जडान गर्ने व्यवस्था मिलाउने | भौतिक पूर्वाधार विकास मन्त्रालय, स्थानीय तह | प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र | दीर्घकालीन |
| विपदको समयमा आवश्यक पर्ने आपतकालीन सामाग्रीहरु (टर्च लाइट, तारपोलिन, झटपट झोला लगायत) को व्यवस्था गरे पश्चात् मात्र निजी आवासीय भवनको अन्तिम स्विकृति दिने व्यवस्था मिलाउने, | स्थानीय तह | स्थानीय तह, विकास साझेदार | दीर्घकालीन |

### ७.४.जोखिम हिस्सेदारी, बाँडफाँड तथा हस्तान्तरण मार्फत विपद उत्थानशीलता अभिवृद्धि

विपदबाट हुने क्षति तथा नोक्सानी कम गर्ने विधि अपनाउनु जोखिम न्युनीकरणका लागि अति महत्वपूर्ण उपाय हो । जोखिम हिस्सेदारी तथा बाँडफाँड र जोखिम हस्तान्तरणका उपायहरु प्रयोग गरी सम्बन्धित व्यक्ति तथा व्यवसायमा पर्ने आर्थिक भार कम गर्न सकिन्छ । विमा (कृषि विमा, पशुविमा, लघुविमा, जीवन विमा, घर तथा सवारी साधन विमा), सरल ऋण (निर्व्याजी तथा न्युन व्याजदर ऋण) सामाजिक सुरक्षा, Forecast-Based Financing, जस्ता वित्तीय उपकरणको प्रयोगबाट विपद जोखिमका हिसाबले उत्थानशीलता अभिबृद्धि गर्न सकिन्छ । जोखिम हिस्सेदारी तथा हस्तान्तरणका क्षेत्रका लागि यस प्रदेशमा तपसिल वमोजिमका रणनीतिक क्रियाकलापहरु तय गरिएका छन् ।

| रणनीतिक क्रियाकलापहरु | जिम्मेवार निकाय | साधन श्रोत | समय सीमा |
|---|---|---|---|
| विपद पश्चात्को खोज तथा उद्धारमा संलग्न हुने खोज तथा उद्धार टोलीका सदस्यहरुको दुर्घटना विमाको व्यवस्था गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | अल्पकालीन |
| विपन्न तथा विपद संकटउन्मुख व्यक्ति, परिवार वा समुदायको बाली तथा पशु विमा, भौतिक सम्पत्ति विमा कार्यक्रम सञ्चालन गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, स्थानीय तह | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार, निजी क्षेत्र | अल्पकालीन |
| खाद्य असुरक्षा तथा भोकमरीको चुनौतीलाई सम्बोधन गर्न दुर्गम तथा रणनीतिक स्थानहरुमा खाद्य गोदामघर तथा खाद्यान्न भण्डारणको व्यवस्था मिलाउने | भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, खाद्य व्यवस्थापन तथा व्यापार कम्पनी लि. | संघीय सरकार, प्रदेश सरकार, निजी क्षेत्र, विकास साझेदार | अल्पकालीन |

| | | | |
|---|---|---|---|
| दुर्गम तथा ग्रामीण क्षेत्रमा सञ्चालित साना उद्यम, कृषि तथा पशु फार्म, माछापालन, कुखुरा पालन फार्म, जटिबुटि उत्पादन तथा प्रशोधन फार्म आदिको विपद जोखिम विमा गर्न प्रोत्साहित गर्ने | भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार, निजी क्षेत्र | अल्पकालीन |
| सामाजिक सुरक्षाका कार्यक्रमहरुले कमजोर वर्ग तथा समुदायको जोखिम घटाउने भएकोले सो मार्फत् विपद जोखिम न्युनीकरण सम्बन्धी कार्यलाई एकीकृत अभियानको रुपमा सञ्चालन गर्ने | सामाजिक विकास मन्त्रालय, स्थानीय तह | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार, निजी क्षेत्र | अल्पकालीन |

# अध्याय-८
# प्राथमिकता प्राप्त क्षेत्र :४ प्रभावकारी प्रतिकार्य र पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माणमा अझ राम्रो र बलियो निर्माणका लागि विपद पूर्वतयारीको सुदृढिकरण

**प्राथमिकता प्राप्त क्षेत्र :४ प्रभावकारी प्रतिकार्य र पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माणमा अझ राम्रो र बलियो निर्माणका लागि विपद पूर्वतयारीको सुदृढिकरण**

प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपबाट मानव तथा जीवजन्तुको जीवन रक्षा र सार्वजनिक, निजी सम्पत्ति, प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनाको क्षति न्युनीकरण गर्नका लागि विपद आउनु पूर्व, विपदको समय र विपद पश्चात्को समयमा विभिन्न प्रभावकारी कदमहरु चाल्न आवश्यक हुन्छ । यस अन्तर्गत विपद पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ तथा पुनर्निर्माणको चरणहरु पर्दछन् ।

विपद पूर्व तयारीको चरणमा विपद जोखिमको पूर्वानुमान, पूर्वतयारी योजना तर्जूमा, आकस्मिक सामाग्रीको भण्डारण, पूर्व चेतावनी तथा पूर्व सुचना प्रणालीको विकास तथा सुदृढिकरण, कृत्रिम पूर्व अभ्यास लगायतका कार्यहरु पर्दछन् । आपतकालीन अवस्थामा प्रभावकारी विपद प्रतिकार्य आवश्यक हुन्छ । विपद पश्चात् खोज, उद्धार, उपचार तथा राहत जस्ता जीवन वचावट सम्बन्धी कार्यहरु पर्दछन् । यस समयमा एकिकृत कमाण्डमा एकरुपता हुने गरी अर्थात दोहोरोपना नआउने गरी कार्यहरु सम्पादन गर्नुपर्ने हुन्छ । प्रतिकार्य प्रभावकारी बनाउन सकेमा मानवीय क्षति न्युनीकरण गर्नुका साथै सम्पत्तिको समेत थप नोक्सानी तथा क्षति हुनबाट जोगिन सक्छ । खोज तथा उद्धार, उपचार तथा राहत, आपतकालीन स्वास्थ्य सेवा, अस्थायी आश्रयस्थल, शुद्ध खानेपानी र सरसफाई, आपतकालीन अवस्थामा जोखिममा रहेका व्यक्ति तथा समुहको संरक्षण, शव व्यवस्थापन तथा आपतकालीन खाना तथा सुरक्षाको व्यवस्थापन यस चरणमा मुख्य प्राथमिक कार्य हुन् ।

त्यस पश्चात् विपद पुनर्लाभ सम्बन्धी कार्यहरु गरिन्छ । यस अन्तर्गत जिविकोपार्जनको पुनस्थापना, आफ्नो सम्पत्तिको प्रयोग सुचारु गराउन आर्थिक तथा प्राविधिक तवरले मद्दत गर्ने, दैनिक जीविका सुचारु गर्ने, मनोसामाजिक परामर्श प्रदान गरी मानसिक स्वास्थ्यमा सुधार ल्याउने, आयआर्जन र जिविकोपार्जन सम्बन्धी अन्य विविध क्रियाकलापहरुलाई पुर्ववत अवस्थामा ल्याउने जस्ता कार्यहरु पर्दछन् । विपद पुनर्स्थापना अन्तर्गत जिविकोपार्जनको पुनस्थापना, अंगभंग भएकोहरुको अंगको पुनर्स्थापना, बसाइको पुनर्स्थापना, भौतिक पूर्वाधारको पुनस्थापना जस्ता आर्थिक, सामाजिक तथा पूर्वाधारको पुनर्स्थापनाका विषयहरु पर्दछन् । बसाइको पुनर्स्थापनामा कतिपय अवस्थामा पहिले बसेको स्थान जोखिमपूर्ण भई सो स्थानबाट पूरै बस्ती वा केही परिवारलाई अत्यन्त सार्नुपर्ने अवस्था पनि आउन सक्छ । यस्तो अवस्थामा सामाजिक पुनर्स्थापनाको विषय समेत आउने गर्छ ।

पुनर्निर्माण अन्तरगत वस्ती, निजी घरको निर्माण, तथा सार्वजनिक भौतिक पूर्वाधारको पुनर्निर्माण पर्दछन् । यस्ता भौतिक संरचनाहरुको पुनर्निर्माण गर्दा पहिलेको भन्दा अझ राम्रो र बलियो बनाउने अवधारणाको विकास भएको छ । यस अन्तर्गत पूर्वाधारहरुको प्रबलीकरण, नयाँ निर्माण गर्दा प्रकोप प्रतिरोधी प्रविधिको प्रयोग गरी निर्माण कार्यहरु गर्नु पर्दछ । यी कार्यहरु गर्दा विपदबाट बढी जोखिममा रहेका वा परेका र थप नोक्सान तथा क्षति हुनसक्ने समुह जस्तै महिला विशेष गरी किशोरी, गर्भवती र सुत्केरी, ,बालबालिका, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति, एवं संकटासन्न समुदायलाई विशेष ध्यान पु-याउन आवश्यक हुन्छ । विपद पूर्वतयारी प्रभावकारी बनाउन तथा पुनर्स्थापना र पुनर्निर्माणमा 'अझ राम्रो र बलियो निर्माणको अवधारणा' कार्यान्वयनमा ल्याउन निम्न वमोजिमका प्राथमिकता प्राप्त कार्यहरु निर्धारण गरिएका छन् ।

### ८.१. प्रभावकारी प्रतिकार्यका लागि विपद पूर्वतयारीको सुदृढिकरण

विपदको समयमा व्यक्ति तथा समुदायको वचावट र उद्धारका लागि विपद प्रतिकार्य गर्न सम्बन्धित सेवा प्रदायक निकायका कर्मचारी तथा औजार उपकरण एवं सवारी साधनहरु तयारी अवस्थामा राख्न आवश्यक छ । यसका लागि आकस्मिक कार्ययोजना बनाई त्यसको कृत्रिम

घटना अभ्यास गराउने, बहुप्रकोप पूर्वचेतावनी प्रणालीको विकास गर्ने, आपतकालीन सञ्चार प्रणालीलाई चुस्तदुरुस्त राख्ने, जोखिमयुक्त समुदाय छनौट गरी त्यस्तो स्थानका संस्था, व्यक्ति र समुदायको विपद प्रतिकार्य सम्बन्धी क्षमता विकास गर्ने, आपतकालीन वस्तु तथा सेवाको अविच्छिन्न प्रवाहको वैकल्पिक व्यवस्थापन योजना तर्जूमा गर्ने एवं खाद्य तथा गैरखाद्य सामाग्रीहरुको भण्डारण गर्ने जस्ता कार्यहरु गर्नुपर्ने आवश्यकता हुन्छ । यसको अलावा पूर्व तयारीको लागि समुदायस्तरका स्वयंसेवकहरुलाई तालिम तथा आधारभूत खोज उद्धार सामाग्रीको व्यवस्था, सुरक्षा निकायको खोज तथा उद्धार टोलीहरुलाई औजार उपकरण र तालिम सहित तयारी हालतमा राख्ने, समुदायमा प्रकोपको किसिम तथा अवस्था एवं पुर्वतयारी तथा प्रतिकार्य सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने र आपत्कालीन कार्यसञ्चालन केन्द्रहरुलाई आधुनिक प्रविधियुक्त बनाई पूर्वचेतावनी प्रवाह प्रणालीको सुदृढिकरण आवश्यक हुन्छ । यस सम्बन्धमा यस प्रदेशमा तपसिल वमोजिमका रणनीतिक क्रियाकलापहरु तय गरिएका छन् ।

| रणनीतिक क्रियाकलापहरु | जिम्मेवार निकाय | साधन श्रोत | समय सीमा |
|---|---|---|---|
| प्रदेश, जिल्ला, तथा स्थानीय तहको आपत्कालीन कार्ययोजना वा विपद पूर्वतयारी तथा प्रतिकार्य योजना (Disaster Propradness and Response Plan) निर्माण एवं अद्यावधिक गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, DDMC, LDMC | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| विद्यालय सुधार योजना अन्तर्गत विद्यालय विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी लागु गर्ने | सामाजिक विकास मन्त्रालय, स्थानीय तह | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| प्रदेश, जिल्ला तथा स्थानीय तहमा आपत्कालीन कार्ययोजना निर्माण गरी नियमित रुपमा कृत्रिम घटना अभ्यास (Mock Drill) गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सरकार, विकास साझेदार निकाय | अल्पकालीन |
| विद्यालय, अस्पताल, समुदाय, सरकारी र व्यावसायिक भवन, गैरसरकारी संस्था भवन, बैंक, बसपार्क आदिको विपदको बेला निकास योजना (Evacuation Plan) निर्माण गर्ने, निकासी मार्ग छुट्याउने, भेला हुने स्थान छुट्याउने साथै ती बाटो तथा | भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश सरकार, स्थानीय सरकार, रेडक्रस अभियानका अंगहरु, विकास साझेदार | अल्पकालीन |

| | | | |
|---|---|---|---|
| ठाउँको रेखाङ्कन गर्ने | | | |
| स्थानीय तह, वडा तथा वस्तीहरुमा विपदको बेला भेला हुने खुला स्थानको पहिचाननक्साङ्कन, आधारभूत संरचना निर्माण, संरक्षण र सूचना प्रवाह गर्ने | स्थानीय तह | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| स्थानीयस्तरमा सडक तथा अन्य खुल्ला स्थानहरुमा रहेका छाडा पशुचौपाय व्यवस्थापनका लागि काञ्जी हाउसको निर्माण गरी व्यवस्थापन गर्ने, | स्थानीय तह | स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| राजमार्गका रणनीतिक स्थानहरुमा घाइते हेरविचार केन्द्र (Trauma Care Centre), कैलाली तथा कञ्चनपुरका स्वास्थ्य संस्थाहरुमा आवश्यकतानुसार सर्पदंश उपचार केन्द्रको स्थापना गर्ने | सामाजिक विकास मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार | मध्यकालीन |
| आपतकालीन सामाग्रीहरुको संकलन तथा भण्डारणको लागि प्रदेश, जिल्ला तथा स्थानीय स्तरमा गोदामघरहरुको निर्माण गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सरकार, विकास साझेदार | मध्यकालीन |
| गोदामघर वा भण्डारण गृहमा आवश्यक आपतकालीन खोज तथा उद्धार सामाग्री तथा औजार उपकरणहरुसहित खाद्य, तथा गैरखाद्य सामाग्रीहरुको भण्डारण र व्यवस्थापन गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार, रेडक्रस अभियानका अंगहरु | अल्पकालीन |
| भण्डारण गृहहरुमा महिला, सुत्केरी, बालबालिका वृद्धवृद्धा, अपाङ्ग तथा विरामीहरु उपयुक्त र आवश्यक पर्ने dignity kits, कपडा, लठ्ठी, बैशाखी, hearing aid, खाद्यान्न, औषधि, तथा सरसफाईका सामाग्रीहरुको उपलब्धता सुनिश्चित गर्ने | सामाजिक विकास मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| विपद पूर्वतयारी तथा प्रतिकार्यका लागि प्रत्येक क्लष्टरले आपतकालीन कार्ययोजना बनाउन क्लष्टर समन्वय गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सरकार, विकास साझेदार | अल्पकालीन |
| First Responder (CADRE, RRT, सुरक्षा निकायको खोज तथा उद्धार | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सरकार, विकास साझेदार | अल्पकालीन |

| | | | |
|---|---|---|---|
| समूह, स्थानीय स्वयंसेवक समूहसमुदाय) को क्षमता विकास गरी सुदृढिकरण गर्ने | | | |

## ८.२. विपद पूर्व तयारीका लागि बहुप्रकोप पूर्वसूचना प्रणालीको विकास

विपदको प्रभावकारी प्रतिकार्यका लागि व्यक्ति, समुदाय तथा संघसंस्थाले विपद पूर्वको अवस्थामा आपतकालीन योजना निर्माण गर्ने, कृत्रिम घटना अभ्यास गर्ने, महत्वपूर्ण सम्पर्क नम्बरहरु राख्ने, पूर्वचेतावनी प्रणाली दिने औजार उपकरणको अवस्था हेरी दुरुस्त हालतमा राख्ने, सुचना दिने व्यक्ति वा संस्था तोक्ने, समुदायस्तरमा विभिन्न प्रकोपको जोखिम नक्सा तयारी गरी समुदायलाई समयमै बुझिने गरी जानकारी गराउने, जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्रसँग पूर्वचेतावनी प्रणालीको सुचनालाई जोड्ने, हेभी इक्वीपमेन्टहरुको अवस्था र स्थान तथा सम्पर्क व्यक्तिको नम्बर लिने, आपत्कालीन सेवा प्रदायक वारुणयन्त्र, एम्बुलेन्स, शव वाहन आदिको जानकारी राख्ने कार्य गर्नुपर्छ । यसरी पूर्वतयारी गरेपछि आम मानिसले उपयुक्त माध्यमबाट विपदको जानकारी पाउने व्यवस्था मिलाउनुपर्छ । पूर्व सूचना प्राप्त भइसके पश्चात् चाल्नुपर्ने कदमहरुबारे चेतनामूलक अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ । यस प्रदेशमा विपद पूर्वतयारीका लागि बहुप्रकोप पूर्वसुचना प्रणालीको विकास अन्तर्गत देहायका रणनीतिक क्रियाकलाहरु पहिचान गरिएको छ ।

| रणनीतिक क्रियाकलापहरु | जिम्मेवार निकाय | साधन श्रोत | समय सीमा |
|---|---|---|---|
| बहुप्रकोप पूर्वचेतावनी प्रणालीको विकास गरी आपतकालीन कार्यसञ्चालन केन्द्रहरुसँग जोड्ने | जल तथा मौसम विज्ञान विभाग, खानी तथा भुगर्भ विभाग, आन्तरिक मामिला तथा कानुन मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह | मध्यकालीन |
| भौगोलिक अवस्था समिटिने गरी पूर्वानुमान गर्ने व्यक्ति वा संस्था, सूचना प्रवाह गर्ने व्यक्ति वा संस्था तथा खोज तथा उद्धार गर्ने व्यक्ति वा संस्था बीच पूर्व सूचना सञ्जाल निर्माण गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, जिल्ला प्रशासन कार्यलय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| पूर्वसूचना आएपछि चाल्नुपर्ने कदमहरुको बारेमा प्रकोप | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, विकास | अल्पकालीन |

| | | | |
|---|---|---|---|
| वमोजिम गर्नुपर्ने कार्यहरु, निस्कासन मार्ग, जिम्मेवार निकाय तथा व्यक्ति, सेवा प्रदायकहरुको विवरण समेटिएको आकस्मिक डायरी तयार गर्ने | | साझेदार | |
| पूर्व सूचना प्रणालीमा जिम्मेवार र सम्बन्धित व्यक्ति तथा संस्थाको कार्यलाई प्रभावकारी र समयसापेक्ष बनाउन कार्य सञ्चालन विधि (Standard Operating Procedure) बनाई लागु गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| ज्येष्ठ नागरिक, आदिवासी जनजाति आदिको वर्षौंदेखिको परम्परागत ज्ञान, सीप, अनुभव र अभ्यासलाई पूर्व सूचना प्रणालीमा सदुपयोग गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, स्थानीय तह | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | मध्यकालीन |
| संकटउन्मुख लक्षित वर्ग र समुदायहरुको लागि भाषा सुहाउँदो (सांकेतिक भाषा समेत) पूर्व सूचना प्रणालीबारे जानकारीमूलक सामाग्री र प्रविधि तयार गरी प्रयोग गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | दीर्घकालीन |
| भुकम्प मापन केन्द्र, वर्षा तथा जलवायु मापन केन्द्रहरु स्थापना गरी आधुनिक स्वचालित प्रविधिको प्रयोग गर्ने | जल तथा मौसम विज्ञान विभाग, खानी तथा भुगर्भ विभाग, आन्तरिक मामिला तथा कानुन मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | मध्यकालीन |

### ८.३. समुदायमा आधारित विपद जोखिम न्युनीकरण प्रवर्द्धन

विपदको जोखिम भौगोलिक अवस्थिति, आर्थिक सामाजिक अवस्था र समुदाय अनुसार फरक फरक हुन्छ । सम्बन्धित समुदाय नै सबैभन्दा पहिला प्रकोपको सम्मुखतामा पर्ने र त्यसको असर तथा प्रभाव भोग्नुपर्ने एवं प्रथम उद्धारक समुह हो । त्यसैले समुदायलाई नै बहुप्रकोपीय जोखिम पहिचान गरी त्यसलाई सामना गर्न सक्षम बनाउनु पर्छ । समुदायमा विपद प्रतिकार्य समुह तथा स्वयंसेवक समूह गठन गरी आवश्यक साधन श्रोत, औजार उपकरण, ज्ञान, सीप र क्षमताको विकास गरी उनीहरुको परिचालन गर्ने कार्य विपद जोखिम न्युनीकरणका लागि अति उत्तम उपाय हुन्छ । त्यसैले समुदायमा आधारित विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरी समुदायको विवेक र क्षमताको उपयोग गरी धनजनको क्षति न्युनीकरण गर्दै उत्थानशील समुदाय निर्माण गर्न सकिन्छ । यस प्रदेशमा यस प्राथमिकता प्राप्त कार्यका लागि तपसिल वमोजिमका रणनीतिक क्रियाकलाप निर्धारण गरिएका छन् ।

| रणनीतिक क्रियाकलापहरु | जिम्मेवार निकाय | साधन श्रोत | समय सीमा |
|---|---|---|---|
| समुदाय स्तरमा विपद प्रतिकार्य समिति तथा स्थानीय स्वयंसेवक समुह बनाई आवश्यक अभिमुखीकरण तालीम र औजार उपकरणको व्यवस्था गर्ने, | स्थानीय तह | स्थानीय तह, विकास साझेदार | मध्यकालीन |
| समुदाय स्तरमा पूर्व सूचना, प्राथमिक खोज तथा उद्धार, प्राथमिक उपचार, राहत वितरण जस्ता कार्यहरु सम्पादन गर्न विपद प्रतिकार्य समिति तथा स्थानीय स्वयंसेवक समुहको क्षमता विकास गर्ने | स्थानीय तह | स्थानीय तह, विकास साझेदार | मध्यकालीन |
| सामुदायिक स्तरमा बहुप्रकोपीय जोखिम विश्लेषण गरी जोखिम नक्साङ्कन गर्ने | स्थानीय तह | स्थानीय तह विकास साझेदार | दीर्घकालीन |
| स्थानीय स्वयंसेवक समुह गठन गरी क्षमता विकास, परिचालन र व्यवस्थापन गर्ने | स्थानीय तह | स्थानीय तह, विकास साझेदार | मध्यकालीन |
| सहभागितामूलक निकास मार्ग निर्माण गरी प्रत्येक सिजनमा आउन सक्ने विपदको प्रतिकार्यका लागि पूर्व पूर्वाभ्यास गर्ने | स्थानीय तह | स्थानीय तह, विकास साझेदार | अल्पकालीन |

| | | | |
|---|---|---|---|
| समुदायमा आधारित विपद जलवायु अनुकुलन कृषि कार्यक्रम, साना उद्योगको स्थापना एवं बजारीकरण र परम्परागत पेशाको आधुनिकीकरण आदि कार्यलाई बढावा दिने | स्थानीय तह | स्थानीय तह, विकास साझेदार | मध्यकालीन |
| विद्यालय स्तरमा प्रकोप सम्वन्धी जानकारी दिन सरोकारवालाहरु राखी प्रकोप व्यवस्थापन योजना र नक्सा तयार गरी सबैको संलग्नतामा जनचेतना कार्यक्रम सञ्चालन गर्ने, | स्थानीय तह | स्थानीय तह, विकास साझेदार | मध्यकालीन |
| समुदायमा आधारित योजना निर्माण, कार्यान्वयन र मूल्याङ्कनमा जोखिम परेका वर्ग र समुदायको प्राथमिकता, सुरक्षा, पहुँच, प्रतिनिधित्व र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने | स्थानीय तह, | स्थानीय तह, विकास साझेदार | अल्पकालीन |

### ८.४. विपद पूर्व तयारीका लागि सञ्चार तथा प्रसारण प्रणाली सुदृढिकरण

जोखिममा रहेका व्यक्ति तथा समुदायलाई पूर्व सूचना पुग्यो कि पुगेन उनीहरुले पूर्व चेतावनी र सल्लाह प्रष्ट रुपमा बुझे कि बुझेनन् भन्ने कुरा प्रभावकारी सञ्चार तथा प्रसारण प्रणाली माथि निर्भर गर्दछ । यसका साथै विपद पूर्वतयारीसँग सम्बन्धित योजनाहरु, सचेतना कार्यक्रमहरु, क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरी सञ्चार तथा प्रसारण प्रणालीको सुदृढीकरण गर्न सकिन्छ । विपद पूर्वतयारीको एक महत्वपूर्ण भागको रुपमा सञ्चार तथा प्रसारण प्रणाली पर्दछ । विपद पूर्वतयारीका क्रममा गरिने कृत्रिम घटना अभ्यासका क्रममा यो प्रणालीको महत्व सबैलाई बुझाउन सकिन्छ । वास्तवमा यसले विपदको सुचना सम्बन्धित पक्षहरुलाई प्रवाह गरी खोज, उद्धार तथा उपचार एवं राहत वितरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । सूचना तथा सञ्चारको लागि संस्थागत माध्यम, आमसञ्चारका माध्यम, सामाजिक सञ्जाल लगायत विविध प्रकारका माध्यम प्रयोग गर्न आवश्यक हुन्छ । यस प्राथमिक प्राप्त कार्यका लागि तपसिल वमोजिमका रणनीतिक क्रियाकलाप निर्धारण गरिएका छन् ।

| रणनीतिक क्रियाकलापहरु | जिम्मेवार निकाय | साधन श्रोत | समय सीमा |
|---|---|---|---|
| पूर्वसूचनाको सञ्चार तथा प्रसारणको लागि विभिन्न निकायगत, आमसञ्चार माध्यम एवं सामाजिक सञ्जालको माध्यमबाट समयमै सूचना प्रसारण गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार | अल्पकालीन |
| सञ्चार तथा प्रसारण सम्बन्धी सचेतनाका कार्यक्रमका लागि प्रयोग हुने सूचना तथा तथ्यांक, पोस्टर तथा जानकारी पुस्तिका राष्ट्रिय तथा स्थानीय भाषामा निर्माण गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, स्थानीय तह | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| विपन्न वर्ग, अपांगता भएका व्यक्ति तथा संकट उन्मुख समुदायका लागि विशेष प्रकारको सञ्चार तथा प्रसारण विधि अनुशरण गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | मध्यकालीन |

| | | | |
|---|---|---|---|
| विपद जोखिम न्यूनीकरण Webportal, Mobile Apps को विकास, उपयोग र प्रवर्द्धन गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार | अल्पकालीन |
| ठूलो विपद (Mega Disaster) लाई मध्यनजर गरी प्रत्येक DEOC मा कम्तीमा एकवटा रेडियो सेट राख्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार, | अल्पकालीन |

### ८.५. खोज, उद्धार, उपचार तथा राहत

विपद सम्बन्धी घटना घट्ने वित्तिकै जति सक्दो चाँडो आपतकालीन अवस्थामा रहेका मानिसको खोज तथा उद्धार गर्न सक्यो त्यति चाँडो जीवन रक्षा गर्न सकिन्छ । यसका लागि प्रभावकारी रुपले संयोजन भएको प्रत्येक सुरक्षा निकायमा गठित  खोज तथा उद्धार टोलीलाई आवश्यक ज्ञान, सीप, क्षमता, औजार उपकरण र प्रविधिले युक्त बनाउनु पर्छ । खोज उद्धारका लागि विपदको प्रकार अनुसार आवश्यक पर्ने उद्धार सामाग्री, दुर्गम क्षेत्रमा हेलिप्याड, एम्बुलेन्स, पानीबाट उद्धार गर्न डुंगा, बाटो खुलाउन हेभी इक्वीपमेन्ट तथा हवाई उद्धारका लागि हेलिकोप्टर लगायतको व्यवस्था हुनु पर्दछ । यस प्रदेशमा खोज तथा उद्धारलाई प्रभावकारी बनाउन सुरक्षा निकाय (नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरी बल, नेपाल) मा गठित खोज तथा उद्धार टोलीहरु, स्वास्थ्य सेवाका लागि गठित द्रुत प्रतिकार्य टोली र समुदायमा गठित स्थानीय स्वयंसेवक समुहहरु बीचको सहकार्यलाई प्रभावकारी बनाउन आवश्यक कार्यहरु गर्नुका साथै सुरक्षा निकायहरु बीचको परिचालन तथा कार्यसञ्चालन प्रणालीलाई Interoperable बनाउनुपर्छ ।

त्यसैगरी मानिस तथा पशुपंक्षीको उद्धार पश्चात् उपचारका लागि स्वास्थ्यमा पठाउने र मृत्यु भएकाहरुको खोजी गरी संस्कार तथा प्रोटोकल अनुसार शव व्यवस्थापन सम्बन्धी कार्यहरु गर्नुपर्छ । विपद प्रभावितहरुलाई सुरक्षित स्थानमा राख्ने, अस्थायी आश्रय स्थलमा व्यवस्थापन, आपत्कालीन आवास, खाना, औषधी उपचार तथा राहत वितरण सम्बन्धी कार्य स्थानीय तहले सरोकारवाला संघसंस्था, स्थानीय प्रशासन, प्रदेश तथा संघीय सरकारको समन्वयमा वास्तविक प्रभावितको नामावली, परिवार संख्या जस्ता आधारभूत तथ्यांक संकलन गरी एकद्धार प्रणालीबाट गर्नुपर्दछ । यसका लागि बनेका ऐन, नियम र कार्यविधिको पूर्ण परिपालना गरी व्यक्तिको आवश्यकता अनुसारका राहत सामाग्रीहरुको वितरण गर्नुपर्छ । राहत वितरण गर्दा

वास्तविक विपद प्रभावितलाई मात्र वितरण गरी वितरणात्मक न्याय प्रदान गर्नु स्थानीय तहको दायित्व हुन आउँछ । यस्तो राहत सामाजिक साँस्कृतिक हिसावले स्वीकार्य, दोहोरो नपारी, संकटासन्न अवस्थामा रहेका व्यक्ति समुदायको संरक्षण जस्ता सवालहरुलाई ख्यालमा राखी उपलब्ध सामाग्रीहरु प्रभावितहरुको प्राथमिकताको आधारमा वितरण गर्नुपर्छ । विपदको पूर्व सूचना, पूर्वतयारी, सञ्चार तथा प्रसारण, खोज तथा उद्धार, राहत वितरण, पुनर्लाभ, पुनर्निर्माण लगायतका कार्य गर्दा अन्तराष्ट्रिय मानवीय सहायता सिद्धान्तहरुको पूर्णपरिपालना गर्नुपर्दछ । यस प्राथमिक प्राप्त कार्य गर्नका लागि तपसिल वमोजिमका रणनीतिक क्रियाकलाप निर्धारण गरिएका छन् ।

| रणनीतिक क्रियाकलापहरु | जिम्मेवार निकाय | साधन श्रोत | समय सीमा |
|---|---|---|---|
| प्रदेश प्रहरीमा २ वटा Light Search and Rescue Team गठन गरी संस्थागत क्षमता विकास गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश सरकार, विकास साझेदार | अल्पकालीन |
| स्थानीय तहले प्रत्येक वडा वा वस्ती तहमा Community Level को Search and Rescue सम्बन्धी कार्य गर्न स्थानीय विपद स्वयंसेवक समूह गठन गरी क्षमता विकास गर्ने | स्थानीय तह | प्रदेश सरकार, स्थानीय तह, रेडक्रस अभियानका अंगहरु, विकास साझेदार | मध्यकालीन |
| प्रकोप तथा महामारी नियन्त्रणका लागि स्वास्थ्यकर्मी सम्मिलित द्रुत प्रतिकार्य टोली (PDRT, DDRT, LDRT) निर्माण गरी क्षमता विकास गर्ने | सामाजिक विकास मन्त्रालय, स्थानीय तह | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| खोज तथा उद्धारको लागि विभिन्न परम्परागत तथा आधुनिक प्रविधिको प्रयोगका साथै विपदको समयमा मानिसको जिवित उद्धार गर्नका लागि तालिम प्राप्त कुकुर (Canine Dogs) को प्रयोग गर्ने | प्रदेश प्रहरी कार्यालय | संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार | दीर्घकालीन |
| खोज, उद्धार तथा राहत सम्बन्धी खाद्य | आन्तरिक मामिला तथा कानुन | संघीय सरकार, प्रदेश सरकार, | अल्पकालीन |

| | | | |
|---|---|---|---|
| तथा गैरखाद्य सामाग्री भन्डारण गर्ने | मन्त्रालय, FMTCL, स्थानीय तह | स्थानीय तह, रेडक्रस अभियानका अंगहरु, विकास साझेदार | |
| विपदबाट भएको क्षति तथा नोक्सानीको तथ्यांक संकलन, विश्लेषण र उपयोग क्षमता अभिवृद्धि गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| विपदबाट भएको क्षतिको तथ्याङ्क संकलनको लागि फाराम तथा मोवाइल एप्सको विकास तथा प्रयोग गरी एकीकृत रुपमा विश्लेषण गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| प्रदेशमा विपदबाट भएको क्षति तथा नोक्सानीको आंकलन गर्न आवश्यकता अनुसार IRA, MIRA, CSDA तथा PDNA गर्ने क्षमता विकास गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | मध्यकालीन |
| आपतकालीन सेवा प्रदायक संस्थाहरुः जस्तै एम्बुलेन्स सेवा, वारुणयन्त्र सेवा, रक्त सञ्चार केन्द्र, शववाहन सेवा आदिको सञ्जालीकरण गरी प्रभावकारी रुपमा सञ्चालनगर्ने | सामाजिक विकास मन्त्रालय, स्थानीय तह | प्रदेश सरकार, स्थानीय तह, रेडक्रस अभियानका अंगहरु | अल्पकालीन |
| दुर्घटनाबाट घाइते भएकाहरुको उपचारमा संलग्न स्वास्थ्य कर्मचारीको दक्षता वृद्धि गर्ने र आवश्यक औजार उपकरणको व्यवस्था मिलाउने | सामाजिक विकास मन्त्रालय, स्थानीय तह | प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र प्रदेश प्रहरीको खोज तथा उद्धार टोलीलाई आधुनिक उपकरणको व्यवस्था गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार | अल्पकालीन |
| विपद पश्चात्को समयमा आवश्यक सामाजिक परामर्श र मानसिक तथा मनोसामाजिक परामर्श सेवा, यौन तथा प्रजनन स्वास्थ्य सेवा (Minimum Sexual and Reproductive Health Service-MISP) सुनिश्चितता प्रदान गर्ने, | सामाजिक विकास मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |

| | | | |
|---|---|---|---|
| आपतकालीन सार्वजनिक आश्रय स्थलहरुमा मानिसको गोपनीयता, महिला, किशोरीहरुको सुरक्षा, वालवालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक सुहाउँदो पूर्वाधार, विभेदजन्य सवाल, लैंगिक तथा यौन हिंसा रोकथाम आदिको व्यवस्था मिलाउने | सामाजिक विकास मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार, रेडक्रस अभियानका अंगहरु | अल्पकालीन |
| आपतकालीन अवस्थामा सबै बालबालिकालाई शिक्षा र त्यससँग सम्बन्धित किताव कापी, पोशाक, दिवा खाजा आदिको प्रबन्ध गर्ने | सामाजिक विकास मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| राहत वितरण गर्दा महिला, किशोरी, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लैंगिक अल्पसंख्यक आदिको आवश्यकता र सम्मान वृद्धि हुने खालका सामाग्री जस्तैः डिग्नीटी किट्स, सेनेटरी प्याड, औषधि आदिको यथासम्भव व्यवस्था गर्ने | सामाजिक विकास मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार, रेडक्रस अभियानका अंगहरु | अल्पकालीन |
| राहत वितरण गर्दा स्वदेशमा पाईने स्थानीय खाद्य तथा गैरखाद्य सामाग्री प्रयोग गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार, रेडक्रस अभियानका अंगहरु | अल्पकालीन |
| विपदको समयमा हुन सक्ने बजार मुल्य बृद्धि, कृत्रिम अभाव तथा गुणस्तर नियन्त्रण तथा नियमन गर्ने, | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्र र जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्रलाई अत्याधुनिक प्रविधि प्रयोग गरी विपद सम्बन्धी सुचना तथा तथ्यांक संकलन, प्रशोधन, प्रसारण तथा भण्डारणको व्यवस्था मिलाउने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |

| | | | |
|---|---|---|---|
| प्रदेश स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्र एवं यस प्रदेशका हब र स्याटलाइट अस्पतालको क्षमता विकास गर्ने | सामाजिक विकास मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार | अल्पकालीन |
| राहत वितरणमा कोहि नछुट्ने र कोही नदोहोरिने व्यवस्था मिलाउन स्थानीय तहमा एकद्धार प्रणाली अबलम्बन गरी वितरणको व्यवस्था मिलाउने र राहत वितरणको छुट्टाछुट्टै तथ्याङ्कको डाटाबेस तयार गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| राहत वितरण गर्दा सकेसम्म व्यक्तिको खातामा नगदै जम्मा गरिदिने व्यवस्था मिलाउने | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| नगद राहत हस्तान्तरण गर्दा सामाजिक सुरक्षा कार्यक्रमसँग जोडेर नगद जम्मा हुने व्यवस्था मिलाउने | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| प्रदेशको दुर्गम जिल्लाहरुमा स्थानीय तहसँगको समन्वय एवं लगानीमा हेलिप्याड बनाउने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, स्थानीय तह | स्थानीय तह | अल्पकालीन |

### ८.६ पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माणमा अझ राम्रो र बलियो अवधारणा प्रवर्द्धन

विपदबाट आर्थिक क्षति भएका घरपरिवारको जिविकोपार्जनलाई विपद पूर्वको भन्दा अझ राम्रो अवस्थामा फर्काउनु पर्छ । यसका लागि राहत मार्फत् नगद हस्तान्तरणबाट मात्र सम्भव नहुने भएकोले जोखिम हस्तान्तरणका उपकरणको प्रयोगमा बढावा दिनुपर्छ । सबै घरपरिवारले भौतिक सम्पत्तिको विमा, बाली तथा पशु बिमा गर्ने कार्यक्रम मार्फत् जोखिम हस्तान्तरण गर्नुपर्छ । त्यसैगरी व्यवसाय तथा उद्योग प्रतिष्ठानको समेत प्रकोप बिमा गर्ने, यातायातको दोस्रो पक्ष र तेस्रो पक्ष बीमाको रकमलाई प्रत्येक पाँच बर्षमा बढाउदै लैजाने कार्यलाई अभियानका रुपमा अगाडी बढाउन सकेमा उधोगी व्यवसायीहरुको जोखिम हिस्सेदारीका मात्रा बढेर कुनै विपदको घटना भइ हालेमा पनि पहिला भन्दा अझ राम्रो अवस्था हुन्छ ।

प्रभावित व्यक्ति तथा घरपरिवारलाई पुनर्लाभ तथा पुनर्स्थापना गराउँदा पहिलाको भन्दा अझ राम्रो र बलियो अवधारणा अबलम्बन गर्न संस्थागत क्षमता विकासमा जोड दिनुपर्छ । त्यसैगरी विपदबाट क्षतिग्रस्त भएका भौतिक पूर्वाधारहरुको पुनर्निर्माण गर्दा ‘अझ राम्रो र बलियो निर्माण’ अवधारणा अनुरुप उनीहरुको प्राकृतिक, सामाजिक, मानसिक, आर्थिक र भौतिक सम्पत्तिहरु अझ दरिलो, बलियो र सबल तरिकाले निर्माण गर्नु पर्दछ । यसका लागि भवन संहिता, शहरी विकास मापदण्ड, भूउपयोग योजनालाई स्थानीय स्तरमा कार्यान्वयनमा ल्याउन पयार्प्त साधनश्रोत, दक्ष जनशक्ति, आधुनिक प्रविधि र उपयुक्त सामाग्रीको प्रयोग आवश्यक हुन्छ । यस प्राथमिक कार्यकालागि तपसिल वमोजिमका रणनीतिक क्रियाकलाप निर्धारण गरिएका छन् ।

| रणनीतिक क्रियाकलापहरु | जिम्मेवार निकाय | साधन श्रोत | समय सीमा |
|---|---|---|---|
| विपदबाट क्षति भएका भौतिक पूर्वाधारहरुको पुनर्निर्माण गर्दा अझ राम्रो र अझै बलियो अवधारणा अबलम्बन गरी निर्माण कार्य गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह | मध्यकालीन |
| विपद प्रभावित क्षेत्रका आर्थिक रुपले कमजोर, सिमान्तकृत तथा विपन्न समूहको व्यक्ति तथा घरमा कृषि तथा गैर कृषि आय आर्जनका गतिविधि साना उद्यम, संकलन तथा बजारीकरणमा सहयोग गर्ने | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | मध्यकालीन |
| विपद प्रभावित आर्थिक रुपले कमजोर व्यक्तिहरुलाई सहज पुनर्लाभका लागि सीपमूलक तथा उद्यमशिलता प्रबर्द्धन हुने तालिम प्रदान गर्ने, | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | दीर्घकालीन |
| भुउपयोग नीति तथा ऐन वमोजिमको जमिनको वर्गीकरण तथा जोनिंग गरी आवासीय क्षेत्रमा मात्र भवन निर्माणको अनुमति प्रदान गर्दै अझ बलियो पुनर्निर्माणलाई अगाडी बढाउने | भौतिक पूर्वाधार विकास मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | मध्यकालीन |

| | | | |
|---|---|---|---|
| विपद जोखिममा परेका सीमान्तकृत समुदाय तथा महिला, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिक मात्र भएको परिवालाई विशेष प्राथमिकताका साथपुनर्लाभ तथा पुनर्स्थापना गर्ने | सामाजिक विकास मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माणमा स्थानीय तथा प्रदेशमा निर्माण भएको श्रोत, साधन, सामाग्री र सीपको प्रयोग गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय | संघीय सरकार, दातृ निकाय | मध्यकालीन |
| प्रदेश राजधानी तथा स्थानीय तहको केन्द्रमा सरकारी भवनको निर्माण गर्दा एकिकृत प्रशासनीक भवनको अवधारणा अनुसार स्थानीय वास्तुकला, निर्माण सामाग्री तथा सीपको प्रयोग गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह | मध्यकालीन |
| प्राचीन स्मारक तथा सम्पदाहरुको मर्मतसंभार तथा पुनर्निर्माण गर्दा प्राचीन स्वरुपका सामाग्री प्रयोग गर्दै त्यसको मौलिकता कायम गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह | मध्यकालीन |
| भवन निर्माण, प्रबलीकरण र मर्मत संभार बारे ज्ञान, सीप र क्षमता प्रदान गर्ने पाठ्यक्रमको विकास गरी प्रशिक्षण प्रदान गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | अल्पकालीन |
| पूर्वाधारहरुको विपद जोखिम संवेदनशीलता अध्ययन गरी संवेदनशील पूर्वाधारहरुको प्रबलीकरण गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार | मध्यकालीन |
| पुनर्निर्माणमा विपद जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकुलन युक्त डिजाइन गरी स्थान अनुसारको उपयुक्त निर्माण प्रविधि तथा सामाग्रीलाई प्रवर्द्धन गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | मध्यकालीन |

| | | | |
|---|---|---|---|
| प्रकोप प्रतिरोधी निर्माण विधि, सामाग्री र सीपबारे चेतनामूलक सामाग्री तयार गरी वितरण तथा प्रशारण गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश सरकार, विकास साझेदार | अल्पकालीन |
| पुनर्निर्माणमा संलग्न हुने इन्जिनियर, डकर्मी, सिकर्मी, निर्माण व्यवसायी आदिको क्षमता अभिवृद्धि गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | मध्यकालीन |
| विपदबाट विस्थापित घर तथा वस्तीलाई जिवीकोपार्जनको सहज निरन्तरता हुनेगरी सबैभन्दा नजिकको स्थानमा पुनर्वास गराउने | भौतिक पूर्वाधार विकास मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | दीर्घकालीन |
| प्रदेशभरका जोखिमयुक्त बस्तीहरुको जोखिम विश्लेषण गरी उच्च जोखिमयुक्त क्षेत्रका बस्तीहरुलाई सुरक्षित स्थानमा सार्न एकीकृत वस्ती विकास कार्यक्रम लागू गर्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय, स्थानीय तह | संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | दीर्घकालीन |

# अध्याय-९
# योजना कार्यान्वयनका लागि वित्तीय व्यवस्था

विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनका लागि निरन्तर पर्याप्त साधनश्रोत र दक्ष जनशक्तिको आवश्यकता पर्दछ । यसका लागि संघ, प्रदेश र स्थानीय सरकारले आफ्ना विकास निर्माणका कार्यक्रमहरुमा मूलप्रवाहीकरण गर्न सम्बन्धित कार्यक्रम तथा आयोजनाको बजेटमै यसको लागि बजेट व्यवस्था गर्नुपर्छ । यसो गरेमा एकातर्फ विकासबाट सिर्जना हुन सक्ने जोखिम न्युनीकरण हुन्छ भने अर्कातर्फ विपद जोखिम न्युनीकरणले संस्थागत रुप लिन्छ । साथै विभिन्न प्रकोपबाट उत्पन्न हुने जोखिम न्युनीकरण गर्न सरकारी, निजी, गैरसरकारी संघसंस्था एवं नागरिक सबैको साझा भूमिका हुन्छ । त्यसैले यो रणनीतिक योजना कार्यान्वयन गर्न तिनै तहका सरकार, निजी क्षेत्र, विकास साझेदार सबैले लगानी गर्नुपर्ने हुन्छ ।

प्रदेश सरकार तथा स्थानीय तहहरुले विपद व्यवस्थापनको क्षेत्रमा वार्षिक रुपमा वजेटको कम्तिमा पाँच प्रतिशत बजेट विनियोजन गर्नेछन् । यसका साथै यस प्रदेशमा काम गर्ने सबै अन्तराष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरुले समेत सरकारी लगानीको प्रतिफल बन्ने गरी तथा दोहोरोपना नहुने गरी समन्वयात्मक रुपमा कार्यक्रम सञ्चालन गर्नेछन् ।

त्यसैगरी यस प्रदेशका उद्योगी व्यवसायीहरुले पनि आफ्ना उधोग प्रतिष्ठानको जोखिम न्युनीकरण गर्न र कामदार कर्मचारीको विपद व्यवस्थापन सम्बन्धी क्षमता विकास गर्न लगानी गर्नेछन् । यसरी सरकारी, निजी तथा विकास साझेदारहरुले विपद व्यवस्थापनको क्षेत्रमा पर्याप्त बजेट विनियोजन गर्दै यस रणनीतिक योजनाको प्रभावकारी रुपमा कार्यान्वयन हुनेछ । विनियोजित बजेटको खर्च विपद रोकथाम, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माणमा प्राथमिकता आधारमा हुनेछ । रणनीतिक योजना कार्यान्वयनका लागि वित्तको थप व्यवस्थापन गर्न तथा वजेट खर्च गर्ने क्षमता विकास गर्न देहाय वमोजिम गरिनेछ ।

१. यो क्षेत्रमा वित्तीय लगानी बृद्धि गर्न योजना तर्जुमाको चरण देखि नै अन्य संस्थाको लगानी आर्कषण गर्ने विधि तथा प्रकृया उपयोग गरिनेछ । यसरी प्राप्त साधन श्रोतको उल्लिखित रणनीतिक क्रियाकलापहरुको कार्यान्वयनका लागि अधिकतम प्रयोग गरिनेछ ।
२. यो कार्ययोजना कार्यन्वयन गर्नका लागि वित्तीय स्रोत उपलब्ध गराउन सरकारी, निजीतथा गैर सरकारी संघसंस्थाहरु सम्मिलित एक प्रदेश विपद जोखिम न्यूनीकरण मञ्च

(Provincial DRR Platform) गठन गरी यस क्षेत्रमा क्रियाशिल सबै संघसंस्था, निजी क्षेत्र र तिनै तहको सरकारको वित्तीय लगानीको अभिवृद्धि गरिनेछ । विपद व्यवस्थापन सम्बन्धी कार्यहरु सम्पादन गर्दा स्थानीय तह, निजी क्षेत्र एवं गैरसरकारी संस्थाहरुको कामकारवाहीमा समन्वय हासिल गरी महत्तम प्रतिफल प्राप्त गरिनेछ ।

३. जोखिम संवेदनशील लगानी कार्यढाँचाको आधारमा प्रदेशको आवधिक तथा वार्षिक योजना तथा आयोजना तर्जुमाकै चरणहरुमा लगानी सुनिश्चित गर्ने प्रकृया अवलम्बन गरिनेछ ।

४. प्रदेश विपद व्यवस्थापन योजना कार्यान्वयनका लागि प्रत्येक वर्षको वजेटबाट प्रत्यक्ष रुपमा कम्तीमा ५ प्रतिशत वजेट सुनिश्चित गरिनेछ । यस मध्ये कम्तीमा ५० प्रतिशत वजेट विपद रोकथाम तथा पुर्वतयारीमा खर्च गरिनेछ ।

५. प्रदेश विपद व्यवस्थापन कोषमा वार्षिक वजेटबाट पर्याप्त रकम विनियोजन गरिनेछ । यस कोषको रकमको प्रभावकारी सदुपयोगका लागि प्रचलित कानुन वमोजिम दोहोरो नपर्ने गरी मात्र जिल्ला विपद व्यवस्थापन समिति वा स्थानीय विपद व्यवस्थापन समितिहरुले राहत वितरण गर्नेछन् ।

क) विपद व्यवस्थापनका लागि संघीय वित्तीय श्रोतमा पहुँच

१) प्रधानमन्त्री विपद राहत कोष, केन्द्रीय विपद व्यवस्थापन कोष,

२) संघीय सरकारबाट प्राप्त सशर्त र निशर्त अनुदान

३) द्विपक्षीय तथा वहुपक्षीय दातृ निकायहरुसँग नेपाल सरकारले सम्झौता गरी विनियोजित रकम

४) प्रमुख विपदका घटना पश्चात् गर्नुपर्ने विपद प्रतिकार्य, पुनर्लाभ र पुनर्निर्माणका लागि छुट्टाइएको वजेटमा पहुँच

ख) विपद व्यवस्थापनका लागि प्रदेशको श्रोत बाँडफाँड

१) प्रदेश विपद व्यवस्थापन कोष

२) विषयगत मन्त्रालय वा निर्देशनालयहरु र यस अन्तर्गतका कार्यालयका नियमित वजेट

३) प्रदेश विषयगत मन्त्रालयहरुमा विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यक्रम वा आयोजनाहरुको लागि छुट्ट्याइएको वजेट

४) प्रमुख विपद घटना पश्चात् राहत, पुनर्लाभ र पुनर्निर्माणका लागि हरेक मन्त्रालयमा विशेष वजेटको व्यवस्था

५) प्रमुख विपद घटना पछि अन्य आयोजनाको वजेटबाट सोही विषयगत क्षेत्रको लागि पुनर्लाभ र पुनर्निर्माणमा उपयोग गर्नेगरी बजेट रकमान्तर गर्ने व्यवस्था

६) विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि प्रभावकारी सूचक निर्माण र कार्यक्रम मार्फत् उपलब्धीमा आधारित अनुदान

७) विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्य गर्दा चाहिने अतिरिक्त व्ययभारको लागि थप अनुदान

८) जिल्ला विपद व्यवस्थापन कोष र जिल्लास्थित कार्यालयको बजेट

९) स्थानीय विपद व्यवस्थापन कोष र स्थानीय तहमा अनुदान

ग) विपद व्यवस्थापनका लागि नियामक प्रक्रियाबाट प्राप्त हुन सक्ने श्रोत

१) घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर

२) सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा लाग्ने आयकर, पर्यटन शुल्क, प्राकृतिक श्रोत कर, सेवा शुल्क तथा दस्तुर

३) व्याज, शुल्क र जरिवाना

घ) संघीय तथा प्रदेश सांसद स्थानीय पुर्वाधार विकास साझेदार कार्यक्रमबाट प्राप्त हुन सक्ने रकम

ङ) बैंक तथा वित्तीय संस्थाहरुको ऋण लगानी

च) प्रदेश उद्योग वाणिज्य संघ र निजी व्यवसायिक संस्थाहरुको लगानी

छ) वीमा कम्पनीहरुको लगानी (कृषि, पशु, पूर्वाधार, जीवन वीमा, घर वीमा)

ज) व्यवसायिक सामाजिक जिम्मेवारी (Corporate Social Responsibiliteis) अवधारणा अनुरुप निजी क्षेत्रबाट प्राप्त हुन सक्ने सहायता

झ) प्रभाव लगानी कोष (Impact Investment Fund) जस्तै डेल्मा, Business Oryzen, One to Watch and True North साथै संरक्षण कोष (Trust Fund)

ञ) विपद जोखिम न्युनीकरण तथा जलवायु परिवर्तन हरितगृह उत्सर्जन गर्ने क्षेत्रमा लाग्ने कर

ट) जलवायु परिवर्तन कोष, (जलवायु लगानी कोष, अनुकुलन कोष, हरित जलवायु कोष, जलवायु परिवर्तन विशेष कोष)

ठ) द्विपक्षीय, बहुपक्षीय तथा संयुक्त राष्ट्र संघीय निकायहरुबाट हुन सक्ने सहयोग

ड) अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु एवं रेडक्रस अभियानका अंगहरुबाट प्राप्त सहयोग र उनीहरुबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रम बजेट

ढ) अन्तर सरकारी संगठन (ICIMOD, BIMSTEC, SAARC, ADRC, ADPC) बाट प्राप्त सहयोग

ण) अन्य विविध

# अध्याय-१०
# योजनाको कार्यान्वयन, अनुगमन, पुनरावलोकन र संशोधन

## १०.१ योजनाको कार्यान्वयन

यस योजनाले अबलम्बन गरेका उद्देश्य तथा प्रतिफल प्रभावकारी रुपले हासिल गर्नका लागि यसमा उल्लिखित रणनीतिक क्रियाकलापहरुको कार्यान्वयन हुन आवश्यक छ । यसको कार्यान्वयन लागि आवश्यक नीतिगत तथा संरचनागत व्यवस्था, आर्थिक तथा मानवीय श्रोतको परिचालन र सम्बन्धित पक्षको एकिकृत प्रयास हुन जरुरी हुन्छ । विपद जोखिम व्यवस्थापन कार्य छुट्टैका साथै अन्तर सम्बधित विषय भएको हुनाले यी दुवै पक्षमा ध्यान जान आवश्यक हुन्छ साथै कार्यान्वयन प्रक्रिया उद्धेश्य अनुरुप मार्गमा सञ्चालन गर्न नियमित अनुगमन र समिक्षा हुन आवश्यक छ । जसका आधारमा कार्यक्रम, प्रक्रिया र श्रोत परिचालनमा आवश्यक समायोजन तथा संशोधन गरिनेछ । यस कार्यका लागि यस प्रदेशमा देहाय वमोजिमका प्रक्रियाहरु अवलम्बन गरिनेछ ।

प्रदेश विपद व्यवस्थापन कार्ययोजनाको कार्यान्वयन, अनुगमन, पुनरावलोकन र संशोधनका लागि प्रदेश विपद व्यवस्थापन परिषदले नीतिगत मार्गदर्शन प्रदान गर्नेछ । आन्तरिक मामिला तथा कानुन मन्त्रीको अध्यक्षतामा गठित प्रदेश विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन कार्यकारी समितिले परिषदको निर्देशन कार्यान्वयन गर्नेछ । प्रदेश विपद व्यवस्थापन विशेषज्ञ समितिबाट आवश्यक सल्लाह सुझाव लिइने संयन्त्र निर्माण गरिनेछ ।

यस योजनाको कार्यान्वयनका लागि प्रदेश सरकारले प्रचलित कानुन वमोजिम अफू मातहतका सुरक्षा निकायहरु, वारुणयन्त्र तथा अन्य सेवा प्रदायक निकाय, सार्वजनिक संस्था (मन्त्रालय, विभाग, कार्यालय) तथा व्यावसायिक प्रतिष्ठान, गैरसरकारी संस्था तथा रेडक्रस अभियान लगायत अन्य निकायहरुलाई परिचालन र सहकार्य गर्नेछ । प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयले प्रदेश विपद व्यवस्थापन सम्बन्धमा सम्पूर्ण कार्यको कार्यान्वयन प्रकृया तपसील वमोजिम गर्नेछ ।

१) स्थानीय तहले वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा अपनाउने सात चरण प्रक्रियामा जलवायु परिवर्तन तथा विपद व्यवस्थापन सम्बन्धी सूचकहरुलाई प्राथमिकतामा समाहित गर्नेछ ।

२) यस कार्ययोजनाको योजनावद्ध कार्यान्वयनका लागि प्रदेशस्तरीय आवधिक तथा वार्षिक योजना तर्जुमा गरी लागू गरिने छ । साथै कार्ययोजनालाई परियोजनाको रुपमा विस्तृतीकरण गरिनेछ ।

३) परियोजनाहरुको प्राथमिकताका आधारमा बहुवर्षीय कार्यक्रम र बजेट तर्जुमा गरी आन्तरिक तथा वाह्य श्रोत व्यवस्थापन गरिनेछ ।

४) प्रदेशका मन्त्रालय, विभाग र कार्यालयहरुका कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस कार्ययोजनाका क्रियाकलापहरुलाई समाहित गरिनेछ ।

५) यस कार्ययोजनाको कार्यान्वयन गर्दा प्रदेश, जिल्ला तथा स्थानीय तहका विपद व्यवस्थापन समिति र योजनाहरुबीच आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

६) यस कार्ययोजना कार्यान्वयन गर्न सार्वजनिक निजी साझेदारी अवधारणा (PPP Model) लगायत सहकार्यमा विभिन्न ढाँचाहरु प्रयोग गरी संयुक्त लगानी गरिनेछ ।

७) यस कार्ययोजना कार्यान्वयनका लागि आवश्यक नीतिगत तथा संरचनागत व्यवस्था गरिनेछ ।

## १०.२ योजनाको अनुगमन, पुनरावलोकन र संशोधन

यस कार्ययोजना कार्यान्वयनको नियमित अनुगमन गरिनेछ । प्रदेश विपद व्यवस्थापन परिषदले यस रणनीतिक कार्ययोजनाका गन्तव्यहरु र रणनीतिक क्रियाकलापहरुको कार्यान्वयन अवस्था आवधिक अनुगमन गर्नेछ । त्यसैगरी कार्यकारी समितिले वार्षिक रुपमा अनुगमन गर्नेछ । विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनका कार्यहरु अनुगमनका लागि एउटा अनुगमन कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

स्थानीय स्तरको अनुगमन गर्दा तेश्रोपक्ष र संयुक्त अनुगमन तथा मूल्याङ्कन विधिहरु समेत अपनाउन सकिनेछ । आवश्यकता अनुसार कुनै कार्यक्रम वा परियोजनाको स्वतन्त्र र निष्पक्ष मुल्याङ्कनका लागि तेश्रो पक्षद्वारा पनि अनुगमन गर्ने प्रणाली विकास गरिनेछ । यसका साथै कार्ययोजना निर्माण गरी सरकार, गैरसरकारी संस्था, विकास साझेदार, निजी क्षेत्र आदिको संलग्नतामा संयुक्त अनुगमन तथा मुल्याङ्कन समेत गर्न सकिनेछ । अनुगमनको सचिवालयको काम आन्तरिक मामिला तथा कानुन मन्त्रालयले गर्नेछ ।

सामान्यतया यो रणनीतिक कार्ययोजना हरेक पाँच वर्षमा पुनरावलोकन गरिनेछ । पुनरावलोकन गर्दा सम्बन्धित सरोकारवालाहरुको सक्रिय संलग्नतामा जिल्ला विपद व्यवस्थापन समिति र स्थानीय विपद व्यवस्थापन समिति समेतको सहभागितामा गरिनेछ । संघीय र प्रदेश सरकारको विपद व्यवस्थापन सम्बन्धी कानुन र नीति परिवर्तन भएमा, प्रमुख विपद घटना पछिको सिकाईलाई समेट्न आवश्यक भएमा र प्रदेश विपद व्यवस्थापन परिषद्ले आवश्यक ठानेको अवस्थामा यो रणनीतिक कार्ययोजनालाई पुनरावलोकन गरिनेछ । यस योजनाको संशोधन गर्दा विपद व्यवस्थापनको क्षेत्रमा क्रियाशिल विभिन्न निजी तथा गैरसरकारी संघसंस्थाहरुको साथै स्थानीय विपद व्यवस्थापन समिति र जिल्ला विपद व्यवस्थापन समितिको राय सुझाव समेतलाइ समेटिनेछ ।

# सन्दर्भ सामाग्री

**English**

- DHM (2017), Observed Climate Trend Analysis in the Districts and Physiographic Regions of Nepal (1971-2014). Kathmandu: Department of Hydrology and Metrology (DHM)
- Government of Nepal (2015), National Reconstruction Act, 2072. Kathmandu: Ministry of law, justice and parliament affairs
- Ministry of Home Affairs (2019), Nepal Disaster Report, 2019. Kathmandu: Government of Nepal.
- Ministry of Home Affairs (2018) Disaster Risk Reduction National Strategic Action Plan (2018-2030), Kathmandu: Ministry of Home Affairs
- Ministry of Home Affairs (2018), National Policy for Disaster Risk Reduction. Kathmandu: Ministry of Home Affairs
- Ministry of Home Affairs (2018) Disaster Risk Reduction National Strategic Action Plan (2018-2030), Kathmandu: Ministry of Home Affairs
- NCVST, 2009. Vulnerability through the Eyes of Vulnerable: Climate change induced uncertainties and Nepal's development predicaments. ISET-Nepal Climate Vulnerability Study Team (NCVST), Kathmandu.
- NRA (2015), National Reconstruction and Rehabilitation Policy, 2072 (Nepali Version). Kathmandu: National Reconstruction Authority (NRA)
- Sudurpaschim Pradesh (2076), Annual Policies and Programme FY (2076/2077). Kailali: Sudurpaschim Pradesh
- United Nation (2015), Sendai Framework for Disaster Risk Reduction (2015-2030). Sendai: United Nation
- United Nation (2017), United Nations Plan of Action on Disaster Risk Reduction for Resilience: Towards a Risk-informed and Integrated Approach to Sustainable Development. New York: United Nation
- United Nation (2015), Sustainable Development Goal (2016-2030). New York: United Nation
- United Nation (2015), Paris Agreement. Paris: United Nation
- UNISDR (2017), Global Platform for Disaster Risk Reduction: Declaration from local and regional government. Cancun: United Nations Office for Disaster Risk Reduction (UNISDR),

**Nepali**


- जिल्ला दैवी प्रकोप उद्धार समिति (२०७२), जिल्ला विपद्  पूर्व तयारी तथा प्रतिकार्य योजना २०६८ ( चौथो संसोधन २०७२). कैलाली : जिल्ला दैवी प्रकोप उद्धार समिति
- नेपाल सरकार (२०७४), बिपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४. काठमान्डौ : नेपाल सरकार
- नेपाल सरकार (२०७५), जलवायु परिवर्तन नीति, २०७५. काठमान्डौ : नेपाल सरकार
- नेपाल सरकार (२०७५), राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२. काठमान्डौ : नेपाल सरकार
- राष्ट्रिय योजना आयोग (२०१७), नेपाल दिगो विकास लक्ष्यहरु: वर्तमान अवस्था र भावी मार्गचित्र: २०१६-२०३०, काठमाडौः राष्ट्रिय योजना आयोग
- राष्ट्रिय योजना आयोग (२०७५): पन्धौ योजना आर्थिक वर्ष  २०७६/७७-२०८०/८१: आधार पत्र, काठमाडौः राष्ट्रिय योजना आयोग
- गृह मन्त्रालय (२०७५): आपत्कालीन सचार प्रणालीको तहगत आबद्धता् सन्चालन मापदण्ड, २०७५, काठमाडौः गृह मन्त्रालय
- गृह मन्त्रालय (२०७५): राष्ट्रिय विपद प्रतिकार्य कार्यढाँचा (प्रथम संशोधन २०७५, काठमाडौः गृह मन्त्रालय